## परिच्छेद एक

# शोधपरिचय

### १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक 'डिल्लीजङ गुरुङको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' रहेको छ ।

### १.२ शोधप्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि यो शोधपत्र लेखिएको छ ।

### १.३ विषयपरिचय

डिल्लीजङ गुरुङ वि.सं. १९६४ मा गण्डकी अञ्चल लमजुङ जिल्लाको घनपोखरा गा.वि.स. मा पर्ने उपल्लो घनपोखरामा जन्मेका हुन् । उनले घरमा राखिएका गुरु, पण्डितहरूको अध्यापनबाट नेपाली र संस्कृत तथा स्वअध्ययनबाट हिन्दी र अवधि भाषाको ज्ञान हासिल गरेका थिए । संस्कृतका पौराणिक ग्रन्थहरूबाट नेपाली भाषामा भावानुवाद तथा मौलिक रचनामा पनि उत्तिकै कलम चलाउने गुरुङले कविता मात्र नभएर उपन्यासका क्षेत्रमा समेत कलम चलाएको पाइन्छ । यसरी डिल्लीजङ गुरुङले नेपाली साहित्यका फाँटमा र नेपाली समाजमा मह□वपूर्ण कार्य गर्दै वि.सं. २०२२ मा यस धर्तीबाट विदा लिएका हुन् ।

उनका प्रकाशित ११ ओटा र प्रकाशोन्मुख ८ ओटा कृतिहरू रहेका छन् । झन्डै २ दर्जन कृतिका स्रष्टा भएर पनि उनको योगदानका बारेमा चर्चा परिचर्चा भएको पाइँदैन । उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन नै यस शोधकार्यको विषयवस्तु रहेको छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यमा कलम चलाउने साहित्यकार डिल्लीजङ गुरुङका हालसम्म एक ओटा कवितासङ्ग्रह, पाँच ओटा खण्डकाव्य, तीन ओटा महाकाव्य र एउटा उपन्यास प्रकाशित भएका छन् । यी प्रकाशित कृतिहरूबाहेक करिव आठओटा जति काव्यकृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् । साहित्यका खण्डकाव्य, महाकाव्य र उपन्यास जस्ता विविध विधामा कलम चलाएका गुरुङले नेपाली साहित्यको श्रीवृद्धिमा मह□वपूर्ण योगदान दिएका छन् । करिव चार दशक साहित्यसाधना गरेका गुरुङबारे फुटकर रूपमा सामान्य चर्चा भएपनि उनको जीवनी व्यक्तित्व र कृतित्वको विस्तृत, व्यवस्थित एवं प्रमाणिक अध्ययन भएको छैन । यही नै यस शोधकार्यको, मूल समस्या हो । प्रस्तुत शोधशीर्षकसँग सम्बन्धित समस्याहरूलाई निम्नलिखित बुँदाहरूमा उल्लेख गरिएको छ :

(क) डिल्लीजङ गुरुङको जीवनका पाटाहरू केकस्ता रहेका छन् ?

(ख) उनको व्यक्तित्व केकस्तो छ ?

(ग) उनका साहित्यिक सिर्जनाहरू केकस्ता रहेका छन् ?

(घ) नेपाली साहित्यमा उनको योगदान केकस्तो रहेको छ ?

## १.५ शोधको उद्देश्य

'डिल्लीजङ गुरुङको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकमा केन्द्रित रही शोधपत्रको लेखनका क्रममा उठाइएका समस्याहरूको समाधान गर्नु नै यस शोधपत्रको प्रमुख उद्देश्य रहेको छ । यसका उद्देश्यहरूलाई निम्नलिखित बुँदाहरूमा उल्लेख गरिएको छ -

(क) डिल्लीजङ गुरुङको जीवनीका विभिन्न पाटाहरूको अध्ययन गर्नु,

(ख) उनको व्यक्तित्वको अध्ययन गर्नु,

(ग) उनका कृतित्वको अध्ययन गर्नु र

(घ) उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको निरूपण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

आजसम्म साहित्यकार डिल्लीजङ गुरुङको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा पुस्तककार कृति लेखिएको छैन वा शोधकार्य भएको छैन । उनको कृतित्वको विस्तृत रूपमा विश्लेषण र मूल्याङ्कन गरी साहित्यिक मूल्य निर्धारण गर्ने काम केही हदसम्म जगदम्बा प्रकाशन प्रा.लि. हात्तीवन ललितपुरले गरेको पाइन्छ । यसका साथै केही पत्रपत्रिकामा उनका बारेमा चर्चा भएको पनि देखिन्छ । उनका बारेमा हालसम्म प्राप्त भएका समीक्षात्मक टिप्पणीहरूको कालक्रमिक विवरण यहाँ प्रस्तुत गरिएको छ ।

(क) 'युगसंवाद साप्ताहिक' (२०४५ माघ २७) मा स्वर्गीय डिल्लीजङ गुरुङकी धर्मपत्नी श्रीमती अमलाकुमारी गुरुङले चाँदीको पानसमा बत्तीबाली लमजुङ जिल्ला स्तरीय कवि गोष्ठीको र डिल्लीजङ स्मृति समारोहको उद्घाटन गरेको सूचना छ । यसमा गुरुङको योगदानको सूचनात्मक टिप्पणी गरिएको छ ।

(ख) डा. स्वामी प्रपन्नाचार्य (२०५५) ले " .... झ्याउरे लोकछन्दमा पनि वेदान्तजस्तो कठिन विषयलाई सम्झाउन सक्ने कवि डिल्लीजङलाई महाकविको उपाधिले विभूषित गरिएमा केही फरक नपर्ला भन्दै उनको योगदानको सामान्य चर्चा गरेका छन् ।

(ग) समालोचक घटराज भट्टराई (२०५६) ले ".... डिल्लीजङ गुरुङले साधारण शिक्षा पाएपनि वार्णिक छन्दमा मीठामीठा कविता लेख्न निकै राम्रो सफलता पाएका छन् । गुरुङ भएर पनि आधयात्मिक चिन्तनमा रमाउँदै सुन्दर काव्य धारा बहाउने गरेको देखिन्छ भन्ने मूल्याङ्कन गरेका छन् ।

(घ) केदारनाथ खनालले **नेपाली तुलसी रामायण** (२०५९) प्रकाशनका सन्दर्भमा भूमिका शीर्षकमा गुरुङको सामान्य परिचयसहित **नेपाली तुलसी रामायण**का बारेमा सामान्य चर्चा गर्दै उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा सूचना दिइएका छन् ।

(ङ) इन्दिरा अधिकारी (न्यौपाने) ले (२०६३) 'लमजुङ जिल्ला र लमजुङे कविहरूको परिचय' शोधशीर्षकको शोधपत्रमा डिल्लीजङ गुरुङका कविता कृतिहरूको सामान्य चिनारी दिँदै लमजुङका कविहरूमध्ये महाकविका रूपमा डिल्लीजङ गुरुङको चिनारी दिएकी छन् ।

(च) ज्ञाननिष्ठ ज्ञवालीले 'डिल्लीजङ गुरुङ समुच्चय' (२०६३) का सन्दर्भमा कवि व्यक्तित्वका धनी डिल्लीजङ गुरुङका कवितामा अध्यात्मकेन्द्री एवं अध्यात्मदर्शन नै मूल पक्ष भएको मूल्याङ्कन गर्दै कृतित्वको चिनारी दिएका छन् ।

(छ) स्वामी प्रपन्नाचार्य (२०६३) "महाकवि डिल्लीजङ गुरुङ र उनका ग्रन्थावली" को सन्दर्भमा "डिल्लीजङ गुरुङ तनाखीची गरेर शब्दहरूलाई जोडेर कविता लेख्ने कवि थिएनन्, उनका कविताहरूमा अनायसै स्वयं वाणी आएर वाणीले विलास गरेको देखिन्छ भन्दै उनको महाकवित्वको सामान्य चिनारी दिइएको छ ।

(ज) माधव घिमिरे 'सौन्दर्य चेत र आध्यात्मिक बोधका धनी कवि' (२०६३) का सन्दर्भमा '.... आफ्नो समयका नेपाली काव्य कविता र हिन्दी साहित्यको व्यापक मात्रामा स्वाध्ययन गरेका थिए । उनी आशुकवि थिए, जुनसुकै विषयमा पनि धाराप्रवाह कविता लेख्न सक्तथे भन्दै उनको कृतित्वमा गर्व गरेको पाइन्छ ।

## १.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

बहुभाषिक, बहुमुखी प्रतिभा सम्पन्न साहित्यकार डिल्लीजङ गुरुङको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गहन तथा विस्तृत अध्ययन हालसम्म कसैबाट पनि भएको पाइँदैन । यस शोधपत्रले सो अभावलाई पूर्तिगर्ने भएकाले यो स्वाभाविक रूपमा औचित्यपूर्ण देखिन्छ । संस्कृतबाट नेपालीमा भावानुवाद र मौलिक रचना सिर्जना गरी नेपाली साहित्य भण्डारलाई विस्तृत र सम्बृद्ध तुल्याउन गुरुङले उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ । ओभ्रेलमा परेका प्रतिभाहरूका बारेमा खोज, अनुसन्धान गरिनु

आवश्यक छ । यसले ती प्रतिभाहरूको योगदानका बारे सम्पूर्ण अध्येताहरूलाई जानकारी हुनाका साथै उनीहरूका बारेमा थप अध्ययन गर्न चाहने जिज्ञासु पाठकहरूलाई पनि मार्गनिर्देशन हुने देखिन्छ । तसर्थ नेपाली साहित्यमा उनको योगदानको मूल्याङ्कनसमेत गरिएकाले यस शोधकार्यका औचित्यलाई यस अध्ययनले स्वतः स्थापित गर्दछ ।

## १.८ अध्ययनको सीमाङ्कन

यस शोधपत्रमा डिल्लीजङ गुरुङको जीवनी, व्यक्तित्व र कृतित्वअन्तर्गतका निम्नलिखित कुराहरूको अध्ययन सीमा निर्धारण गरिएको छ :

(क) डिल्लीजङ गुरुङका जीवनका मह□वपूर्ण घटनाहरूको मात्र सङ्क्षिप्त अध्ययन र विश्लेषण गरिएको छ ।

(ख) यसमा उनका व्यक्तित्वका विविध आयामहरूको सङ्क्षेपमा चर्चा गरिएको छ ।

(ग) यसमा उनको प्रकाशित खण्डकाव्य कृतिहरूको मात्र अध्ययन र विश्लेषण गरिएको छ ।

(घ) यस शोधपत्रमा महाकाव्य र उपन्यास कृतिहरूको अध्ययन गरिएको छैन ।

## १.९ शोधविधि

### (क) सामग्री सङ्कलन

यस शोधपत्र तयारीका लागि पुस्तकालीय अध्ययनलाई सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । जीवनी र व्यक्तित्वको अध्ययनका क्रममा शोधनायकको निधन भइसकेको हुनाले परिवारका निकट व्यक्तिहरूसँग सम्पर्क गरेर सामग्री जुटाइएको छ । उनका विषयमा पत्रपत्रिकामा प्रकाशित सूचनात्मक अध्ययनहरू पनि सन्दर्भसामग्रीका रूपमा आएका छन् । त्यसैगरी कृतित्व पक्षका लागि गुरुङका प्रमाणित कृतिहरूको अध्ययन गरिएको छ ।

**(ख) शोधविधि**

यस शोधकार्यलाई व्यवस्थित र वस्तुगत रूपमा प्रस्तुत गर्नाका लागि सङ्कलित सामग्रीलाई परम्परित सैद्धान्तिक र व्यावहारिक समालोचना पद्धतिको उपयोगद्वारा विश्लेषण गरिएको छ । यस क्रममा जीवनी र व्यक्तित्वका अध्ययनका लागि जीवनीपरक र प्रभावपरक पद्धति र कृति अध्ययनका लागि समीक्षात्मक, विवेचनात्मक र विश्लेषणात्मक दृष्टिकोण अवलम्बन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

यस शोधपत्रको संरचनालाई सन्तुलित र व्यवस्थित ढङ्गले प्रस्तुत गर्नाका लागि जम्मा छओटा अध्यायमा विभाजन गरी निम्नलिखित शीर्षक राखिएको छ :-

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : डिल्लीजङ गुरुङको जीवनी

तेस्रो परिच्छेद : डिल्लीजङ गुरुङको व्यक्तित्व

चौथो परिच्छेद : डिल्लीजङ गुरुङका खण्डकाव्यकृतिको अध्ययन

पाँचौ परिच्छेद : डिल्लीजङ गुरुङका अन्य कृतिहरूको चिनारी

छैटौं परिच्छेद : उपसंहार

उपर्युक्त छओटा अध्यायलाई आवश्यकताअनुसार थपघट गरी विभिन्न शीर्षक उपशीर्षकहरूमा विभाजन गरिएको छ ।

## परिच्छेद दुई

# डिल्लीजङ गुरुङको जीवनी

### २.१ जन्म र जन्मस्थान

डिल्लीजङ गुरुङको जन्म वि.सं. १९६४ कात्तिक १४ गते बुधवारका दिन भएको हो ।[१] उनी पिता मणिलाल गुरुङ र उनकी माइली पत्नी पद्मकुमारीका एक मात्र सन्तान हुन् ।[२] उनको जन्मस्थान गण्डकी अञ्चल लमजुङ जिल्ला घनपोखरा गा.वि.स. वडा नं. ५ उपल्लो घनपोखरा हो ।[३] यो उनको पुख्र्यौली बसोबास भएको ठाउँ हो । उनको न्वारनको नाम डिल्लीजङ गुरुङ हो । उनका प्राप्त जन्मकुण्डली र हस्तलिखित कृतिहरूमा पनि यही नाम नै प्रयोग गरेको पाइन्छ ।[४]

### २.२ पारिवारिक पृष्ठभूमि

डिल्लीजङ गुरुङको पुख्र्यौली इतिहास हेर्दा उनी गर्ग गोत्रका लामिछाने गुरुङ हुन् । लमजुङ जिल्ला घनपोखरा गा.वि.स.को उपल्लो घनपोखरा गाउँ उनको पुख्र्यौली बसोबास भएको ठाउँ हो ।[५]

डिल्लीजङ गुरुङका हजुरबुबा घ्याल्पा गुरुङदेखि नातिसम्मको विवरण उनका कान्छा छोरा गोपाल गुरुङले दिएका छन् । यसैलाई आधार मानेर उनको पुख्र्यौली परिचय वृक्षरेखामा निम्नानुसार देखाउन सकिन्छ-

---


१ परिशिष्ट १ अनुसार ।

२ शोधनायकका कान्छा छोरा गोपाल गुरुङबाट प्राप्त मौखिक जानकारी ।

३ ऐजन ।

४ शोधनायकको जन्मकुण्डली र हस्तलिखित कृतिबाट प्राप्त जानकारी ।

५ गोपाल गुरुङ, पूर्ववत् ।


घ्याल्पा गुरुङ
मणिलाल गुरुङ
नरजङ गुरुङ
नन्दजङ गुरुङ
शेरजङ गुरुङ
गोपालजङ गुरुङ
दीर्घजङ गुरुङ
पद्मजङ गुरुङ
सिद्धिजङ गुरुङ
खगेन्द्रजङ गुरुङ
डिल्लीजङ गुरुङ
नीरजङ गुरुङ
कैलाश गुरुङ
हिमालय गुरुङ
मुनीन्द्रजङ गुरुङ
श्रीमती - मोहनकुमारी गुरुङ
छोराहरू–
शैलेन्द्र गुरुङ
सुरेन्द्र गुरुङ
मकरध्वज गुरुङ
पशुपति गुरुङ
छोरी–
सुभद्रा गुरुङ
वृद्धिजङ गुरुङ
भैरव गुरुङ
(सानैमा मृत्यु)
भीमसेन गुरुङ
(सानैमा मृत्यु)
गोपाल गुरुङ
श्रीमती- हेमकुमारी गुरुङ
छोरा–
विशालप्रसान्त गुरुङ
छोरीहरू–
संगीता गुरुङ
कविता गुरुङ
कला गुरुङ
प्रसन्ना गुरुङ

## २.३ बाल्यकाल

डिल्लीजङ गुरुङको बाल्यकाल घनपोखराको ग्रामीण वातावरणमा आमा पद्मकुमारी र दाजु नरजङ्ग गुरुङको मायाममता र स्नेहमा बितेको पाइन्छ। उनका बुबा उनी गर्भमा ६ महिनाको हुँदा नै बितेका थिए ।[६] उनलाई आमा पद्मकुमारीले बडो दुःखका साथ हुर्काइन् । उनको बाल्यकालको प्रायः धेरै समय आमा पद्मकुमारीको रेखदेखमा बितेको पाइन्छ । उनी बाल्यकालमा आफ्ना साथीभाइहरूसँग ककफाइट, कपर्दी, डण्डिबियो गिर्रा, पिट्टु आदि खेल्ने गरेको सूचना पनि पाइन्छ ।[७] साथीभाइहरूसँग मिलीजुली खेल्ने, प्रायः झगडा नगर्ने, साथीभाइहरूलाई नेतृत्व दिन सक्ने शैलीबाट उनको बालस्वभाव निर्मित भएको थियो ।[८] उनका घरमा सन्त, महन्त र विद्वान्हरूको आवतजावत भइ रहने हुनाले तिनीहरूले दिएको ज्ञान उनले रुचिसाथ सुन्दथे। सम्पन्न परिवारमा जन्मेका हुनाले बुबा नहुँदा पनि उनको बाल्यकाल आमाको काखमा खुसीसाथ बितेको पाइन्छ।

## २.४ छेवर कर्म

डिल्लीजङ गुरुङका परिवारमा हिन्दू धर्मको प्रभाव भए पनि बौद्ध धर्मसंस्कृतिअनुसार ५ वर्ष पूरा भएपछि युवावस्था नलाग्दै उनको छेवर कर्म गरिएको पाइन्छ। जन्म देखि वढ्दै आएको कपाललाई आफ्नो मामाले पहिलो पल्ट शुभ साइत वा लगन जुराई काट्ने कार्य नै छेवर हो। यस संस्कारलाई हिन्दूविधानको चूडाकर्म जस्तै मानिन्छ ।[९] डिल्लीजङ गुरुङको छेवर कर्म करिव ७, ८ वर्षको उमेरमा गरिएको थियो ।[१०]

---

[६] ऐजन।

[७] ऐजन।

[८] ऐजन।

[९] ऐजन।

[१०] ऐजन।

## २.५ शिक्षादीक्षा

डिल्लीजङ गुरुङको छ सात वर्षको उमेरमा दाजु नरजङ गुरुङले आफ्ना २ जना छोरा नन्दजङ र शेरजङलाई समेत पढाउने उद्देश्यले कास्की पोखराबाट हरिशङ्कर पौड्याललाई घरमा ल्याई श्रीपञ्चमीको शुभसाइत हेरी अक्षरारम्भ गराएका थिए ।[११] त्यस समयमा कतै पाठशाला नभएकाले घरमा नै गुरु, पण्डित राखेर पढाउने चलन थियो । हरिशङ्कर पौड्याल संस्कृतका ठूला विद्वान् नभएकाले दक्षिणी लमजुङ कोइराला फाँटका नामी पण्डित वासुदेव कोइरालालाई दाजु नरजङ गुरुङले घरमा नै खानबस्नको व्यवस्था मिलाई शिक्षकका रूपमा राखेका थिए ।[१२] पण्डित वासुदेव कोइराला बनारसबाट संस्कृत व्याकरणमा मध्यमा र शास्त्रीसमेतको योग्यता हासिल गरी आएका थिए ।[१३] त्यसताका लमजुङमा कतै पनि पाठशाला थिएनन् कतैकतै पढाइ चौतारामा हुन्थ्यो । उनीसँग दाजुका छोराहरू पनि पढ्ने भएकाले दाजु नरजङले थप एकदुई जना शिक्षक पनि राखेका थिए ।[१४] त्यसबेला निश्चित पाठ्यक्रम थिएन । कक्षा चढ्ने प्रचलन पनि थिएन । तोकिएको पुस्तक पढिसकेपछि पढाइ सकिन्थ्यो । पढ्ने किताबहरूमा चण्डी, रुद्री, दुर्गकवच, अमरकोष, लघुकौमुदी, मध्यकौमुदी हितोपदेस, रघुवंश आदि हुन् यी सबै संस्कृतमा हुन्थे । यिनै पुस्तकहरू डिल्लीजङले सबै पढे तर कतै परीक्षाको तयारी भने गरेको पाइँदैन ।[१५] डिल्लीजङ गुरुङले घनपोखराको आफ्नै घरमा वि.सं. १९८२ को हाराहारीसम्म पढे ।[१६]

पढाइका साथसाथै उनका घरमा दाजु नरजङले अनेक प्रकारका ज्ञानवर्धक र धार्मिक ग्रन्थहरू जुटाएका थिए ।[१७] घरमा चतुर्मास पुराण लगाउने चलन थियो ।

---

[११] टुकमान थापाबाट प्राप्त मौखिक जानकारी ।

[१२] टुकमान थापाबाट प्राप्त मौखिक जानकारी ।

[१३] ऐजन ।

[१४] मेदिनी सुवेदी, **कविवर डिल्लीजङ्ग गुरुङलाई साहित्यबाट हेर्दा** अप्रकाशित पाण्डुलिपि, पृ. ३१ ।

[१५] टुकमान थापा, पूर्ववत् ।

[१६] ऐजन ।

[१७] मेदिनी सुवेदी, पूर्ववत्, पृ. ३२ ।

महात्मा आउने जाने भइरहने हुनाले शास्त्रको पनि चर्चा हुन्थ्यो ।[१८] अठार पुराण पनि घरैमा लगाइएको थियो । पश्चिमी लमजुङ चिसाङकुका पुराणवाचक पण्डित नारायणदत्त घिमिरेले संस्कृतका श्लोक लय हालेर पुराणवाचन गर्दा डिल्लीजङ सानै भएपनि निकै रुचिसाथ सुन्थे ।[१९] घरमा ठूलाठूला सन्त महन्त, पण्डित तथा विद्वान्हरूको आवतजावत भई रहनाले संस्कृत ज्ञानको ढोका अझ फराकिलो हुन गयो । यसरी उनले घरमै राखेका गुरुहरूको सहयोगले संस्कृततर्फको शिक्षा चरमोत्कर्षमा पुऱ्याए । यस्तो प्रभाव उनको जीवनशैली र लेखनमा पनि परेको पाइन्छ । उनको स्वअध्ययन नै महत्त्वपूर्ण रहेको छ । उनको औपचारिक शिक्षा भने कतै उल्लेख पाइँदैन ।

## २.६ दाजुभाइ तथा दिदीवहिनी

सुब्बा मणिलाल गुरुङले राणाप्रधानमन्त्री श्री ३ चन्द्रशमशेर (वि.सं. १९५६-१९८९) लाई रिजाइ बुटवल चौताराको राजश्व असुली ठेक्का पाई चाँदतोडासहितको सुब्बाङ्गी खान्नी पाएका थिए ।[२०] राणाशासनको नजिक रही, राणाहरूको चाकरी तथा देखासिकीले सुब्बा मणिलाललाई दोस्रो, तेस्रो विवाहको प्रभाव परेको हो ।[२१] घरमा बी, बाईस वर्षको छोरो नरजङ गुरुङ हुँदाहुँदै उनले दोस्रो विवाह पद्मकुमारी र तेस्रो विवाह कशिमरमाया गुरुङसँग गरे ।[२२] मणिलाल गुरुङका तीनजना श्रीमतीसँग दुईजना सन्तान मात्र जन्माए । कान्छी श्रीमती कशिमरमायाको कोख भने बाँझै रह्यो ।[२३] दाजु नरजङ गुरुङ वि.सं. १९३६ मा जन्मिए र वि.सं. १९९८ मा ६२ वर्षको उमेरमा बिते ।[२४] उनका दिदीबहिनी नभएकाले तिहारमा भाइटीकाको टिको टुकमान थापाकी फुपू मितिनीदिदीसँग लगाउँथे ।[२५]

---

[१८] ऐजन, पृ. ३२ ।
[१९] ऐजन, पृ. ३२ ।
[२०] मेदिनी सुवेदी, पूर्ववत् ।
[२१] टुकमान थापाबाट प्राप्त मौखिक जानकारी ।
[२२] गोपाल गुरुङ, पूर्ववत् ।
[२३] ऐजन ।
[२४] टुकमान थापाबाट प्राप्त मौखिक जानकारी ।
[२५] ऐजन ।

## २.७ विवाह र सन्तान

डिल्लीजङ गुरुङका तीनजना श्रीमतीसँग विवाह भयो । पहिलो विवाह मनाङ जिल्ला तिल्चे गा.वि.स. तिल्चे गाउँका घलेकी छोरी आनन्दकुमारीसँग भयो ।[२६] उनले वि.सं. १९८० मा नीरजङलाई जन्माइन् । यसको चारवर्ष पछाडि वि.सं. १९८४ मा अर्की छोरी हरिमाया गुरुङ जन्मिइन् । उनीबाट एक छोरा एक छोरी जन्मेपछि उनको मृत्यु भयो । जेठी श्रीमतीको मृत्युपश्चात् डिल्लीजङ गुरुङले आफ्नी साली अमलाकुमारीसँग दोस्रो विवाह गरे ।[२७] डिल्लीजङ गुरुङ र अमलाकुमारीबाट चार छोरा तीन छोरी गरी ७ सन्तान जन्मेका थिए ।

उनका सात सन्तानमध्ये जेठी कृष्णकुमारी गुरुङ वि.सं. १९८७ मा जन्मिइन् । यिनले घरमै प्रारम्भिक शिक्षा हासिल गरिन् ।[२८] यसैगरी वि.सं. १९८९ मा मुनिन्द्रजङ गुरुङ जन्मे । यिनले घरमा नै गुरुकुल शिक्षा प्राप्त गरेका थिए । राजनीति, ठेक्कापट्टा र व्यापार उनको पेसा थियो । राजनीतिमा बढी झुकाउ राख्ने भएकाले मनाङ जिल्लाबाट ६ वर्ष सांसद गण्डकी अञ्चल सभापति एवं राष्ट्रिय पञ्चायतको जाँचबुझ समितिको सदस्यमा रहेर काम गरेका थिए ।[२९] यसरी नै वि.सं. १९९० मा क्षेत्रकुमारी गुरुङ जन्मिइन् । उनले घरमै साधारण शिक्षा मात्र हासिल गरिन् । यिनीपछि विजयालक्ष्मी गुरुङ जन्मेकी थिइन्, करिव ५ वर्षका उमेरमा मृत्यु भएको थियो ।[३०] यसैगरी वि.सं. १९९४ मा भैरव र १९९६ सालतिर भीमसेन जन्मेका थिए । उनीहरूको पनि कलिलो उमेरमा मृत्यु भएको थियो ।[३१] वि.सं. १९९९ मा गोपालगुरुङ (न्वारनको नाम नारायणजङ) जन्मिए । यिनी गोदावरी स्कुलबाट सिनियर केम्ब्रिज पास गरी अधिकृत तालिमका लागि ब्रिटिस गोर्खामा भर्ती भई मेजर पदसम्म पुगेका थिए ।[३२] हाल उनी

---

[२६] गोपाल गुरुङ, पूर्ववत् ।

[२७] गोपाल गुरुङ, पूर्ववत् ।

[२८] ऐजन ।

[२९] शोधनायककी बुहारी मोहनकुमारीबाट प्राप्त मौखिक जानकारी ।

[३०] गोपाल गुरुङ, पूर्ववत् ।

[३१] ऐजन ।

[३२] गोपाल गुरुङ, पूर्ववत् ।

बेलायती सेनाबाट निवृत्तिभरणमा बसेका छन् । बेलायती सेनामा लामो जीवन व्यतीत गरे तापनि उनी सामाजिक सेवामा अत्यन्त रुचि राख्दछन् ।[३३] हाल उनी लमजुङ जिल्लाको घनपोखरा गाउँमा अवस्थित त्रिभुवन मा.वि.को. अध्यक्षका रूपमा कार्यरत छन् ।[३४] सोही स्कुललाई प्रसस्त चन्दादान, जग्गादान पनि गरेका छन् । असहृय र दीनहीनको सेवा पुऱ्याउने हेतुले रोटरी क्लवमार्फत सेवा पुऱ्याउँदै पनि आएका छन् ।[३५]

डिल्लीजङ गुरुङले तेस्रो विवाह कास्की पाखीकोटमा गरेका थिए ।[३६] उनीबाट एकमात्र सन्तान बुद्धिजङ जन्मेका थिए ।[३७] उनले पनि घरमै गुरुकुल शिक्षा प्राप्त गरेका थिए । यसरी डिल्लीजङ गुरुङ र उनका तीन श्रीमतीले करिव पच्चीस वर्षको अन्तरालमा ६ जना छोरा र चारजना छोरी गरी जम्मा १० जना सन्तानलाई जन्म दिएका छन् ।[३८]

## २.८ कार्यक्षेत्र

नेपाली, गुरुङ, हिन्दी र संस्कृत भाषाका ज्ञाता डिल्लीजङ गुरुङ नेपाली समाजका सचेत लेखक सफल एवं दक्ष सङ्गठनकर्ता थिए ।[३९] डिल्लीजङ गुरुङ सामाजिक कार्यमा सधैं लागि पर्थे । उनको मूलकार्य क्षेत्र समाजको आमूल परिवर्तन गर्नु थियो । समाजमा परिवर्तन नभएसम्म व्यक्ति र राष्ट्रमा नै परिवर्तन नहुने कुरामा उनको अडान थियो ।[४०] जीवनको अधिकाङ्श समय अध्यात्म चिन्तनमा लागिरहने डिल्लीजङको भौतिक सुख भन्दा अध्यात्म सुखमा विश्वास थियो ।[४१] उनका लेख रचनाहरूमा संस्कृत साहित्य पुराणहरूलाई आधार बनाएर कवित्व प्रवाह गर्नाले पनि कविमा संस्कृत वाङ्मयको ज्ञान प्रसस्त भएको प्रमाण फेला पर्छ । धर्म, कर्म, सत्सङ्ग,

---

[३३] ऐजन् ।
[३४] ऐजन ।
[३५] ऐजन ।
[३६] टुकमान थापा, पूर्ववत् ।
[३७] ऐजन ।
[३८] शोधनायकको कान्छो छोरा गोपाल गुरुङ्बाट मौखिक जानकारी ।
[३९] मेदिनी सुवेदी, पूर्ववत् ।
[४०] शोधनायकको कान्छो छोरा, पूर्ववत् ।
[४१] केदारनाथ खनाल, डिल्लीजङ् गुरुङ समुच्चय ।

सत्शास्त्र र सज्जनहरूको सङ्गतले आफूलाई कविता रचना गर्ने प्रेरणा मिलेको कविको स्वयं स्वीकारोक्ति पाइन्छ ।[४२] अध्यात्मकेन्द्री हुँदाहुँदै पनि नारी समस्यालाई प्रस्तुत गरेर तत्कालीन नेपाली समाजमा नारीले भोग्नुपर्ने बाध्यता र विवशतालाई निकै मार्मिक ढङ्गबाट प्रस्तुत गरेका छन् ।[४३] लेखन र समाजसेवा नै उनको मुख्य कार्य क्षेत्र हो ।

## २.९ पेसा

डिल्लीजङ गुरुङको बाबुको पेसा शासन सत्ता र त्यसको आडमा रहेर ठेक्कापट्टा सकारेर जीवन चलाउनु थियो ।[४४] उनले पनि सोही पारिवारिक पेसालाई अँगालेर आफ्नो अधिकाङ्श जीवन समाज सेवामा समर्पित गरेको पाइन्छ ।

## २.१० पारिवारिक आर्थिक अवस्था

डिल्लीजङ गुरुङ किसान परिवारमा जन्मेका भएपनि उनको पारिवारिक आर्थिक अवस्था सम्पन्न रहेको पाइन्छ ।[४५] दाजु नरजङ गुरुङले बाबुको पेसा अँगालेका थिए । आम्दानीको स्रोत राम्रो भएकाले घरमै गुरु पण्डित राखेर उनमा शैक्षिक वातावरण मिलाइएको थियो । पैत्रिक सम्पत्ति प्रशस्त भएको र दाजुको पेसा ठेक्कापट्टा भएकाले डिल्लीजङको बाल्यकाल र विद्यार्थीजीवन सुखमय तरिकाले बितेको पाइन्छ ।[४६] आम्दानीका स्रोत धेरै हुनाले उनको घरमा भान्से बाहुनबाहुनी राखेको पायन्छ । भैँसीगोठ गाईगोठ र भेडीगोठ पनि उनीहरूकै थिए ।[४७] राणासरकारसँग राम्रो सम्बन्ध भएको हुँदा लार्के हुँदै मनाङ आउने नुनको कर असुली पिन्ताङ कोठी उनीहरूकै ठेक्कामा भएको पाइन्छ ।[४८] त्यसरी प्रशस्त आर्जेको धन र घरयासी आम्दानी राम्रो हुँदा घरमा घोडा पनि पालिएको पाइन्छ ।[४९] डिल्लीजङ गुरुङले बाबुदेखि दाजु हुँदै आएका

---

[४२] ऐजन ।

[४३] ऐजन ।

[४४] टुकमान थापा, पूर्ववत् ।

[४५] मोहनकुमारी गुरुङ, पूर्ववत् ।

[४६] शोधनायकका नाति शैलेन्द्र गुरुङबाट प्राप्त मौखिक जानकारी ।

[४७] ऐजन ।

[४८] टुकनाथ थापा, पूर्ववत् ।

[४९] ऐजन ।

सबै पेसा अँगालेको थिए । समग्रमा गुरुङको आर्थिक अवस्था समृद्ध रहेको देखिन्छ ।[५०]

## २.११ रुचि र मनपर्ने कुराहरू

डिल्लीजङ गुरुङको स्वभाव सानैदेखिको जिज्ञासु थियो । पढ्दा बुझेर मात्र पढ्ने र नबुझेका कुरा दोहोऱ्याएर पढ्ने प्रवृत्ति उनमा रहेको पाइन्छ ।[५१] उनी पढ्नामा पहिलेदेखि नै तीव्र, खेलतिर भन्दा पढाइमा बढी रुचि राख्ने मेथा र प्रतिभा भएका एक कुशल शिक्षार्थी थिए ।[५२] आफ्ना सहपाठी भतिजाहरूको तुलनामा उनी बढी प्रतिभावान् भएका हुँदा उनीहरूले नजानेको कुरा बुझ्ने गरी भनिदिन्थे । डिल्लीजङ गुरुङ साथीहरूसँग बसेर काम गर्न खोज्ने खरो स्वभाव एवं स्पष्ट व्यक्तित्व भएका प्रष्ट वक्ता हुन् ।[५३] समाजसेवा, राजनीति सङ्गठन र देश विकास कार्यमा लाग्नु उनको मुख्य रुचिको विषय हो ।[५४] घोडा चढ्न र सिकारमा उनी तीव्र रुचि राख्दथे ।[५५] विद्यालयमा पढ्न नपाए पनि घरमा तत्कालीन समयका ज्ञानवर्धक उपयोगी पुस्तकहरू खोजी प्रतिभा बढाउने कुरामा खुब रुचि राख्दथे । आफ्नो पुरानो संस्कृति रोधी, पुटपुटे, सोरठी, घाँटु आदि नाँचमा विशेष चासो राख्दथे । तिहारदेखि ठूली एकादशीसम्म उनी जुवा खेल्नमा खुव रुचि राख्दथे । सिकार नै उनको मुख्य रुचि भएको पनि पाइन्छ ।[५६] बेलुका सितनसँग हल्का मद्यपान र नियमित धूमपान गरेको पाइन्छ । उनको मनपर्ने खाना दाल भात र मासु हो भने प्रायः उनी मासु नभई भात खाँदैनथे । उनलाई मन पर्ने रङ्ग भने रातो हो ।[५७]

---

[५०] गोपाल गुरुङ, पूर्ववत् ।

[५१] टुकनाथ थापा, पूर्ववत् ।

[५२] मेदिनी सुवेदी, पूर्ववत् ।

[५३] शोधनायककी नातिनी, सुभद्रा गुरुङबाट प्राप्त मैखिक जानकारी ।

[५४] गोपाल गुरुङ, पूर्ववत् ।

[५५] ऐजन ।

[५६] थापा, पूर्ववत् ।

[५७] शोधनायकका कान्छा छोरा गोपालगुरुङबाट प्राप्त मौखिक जानकारी ।

## २.१२ भ्रमण

डिल्लीजङ गुरुङ विभिन्न कार्यका सिलसिलामा स्वदेश तथा विदेशको भ्रमण गरेका थिए । उनी ठेक्कापट्टाको सिलसिलामा स्वदेशको तनहुँ, कास्की, पर्वत मुस्ताङ, मनाङ, रूपन्देही, चितवन, नवलपरासी, बाग्लुङ, म्याग्दी, पर्वत जिल्ला घुमेका थिए । उनका बाबुका पालादेखि राणाहरूसँग राम्रो सम्बन्ध हुनाले ठेक्काको पैसा बुझाउन तनहुँ, गोरखा, धादिङ, नुवाकोट आदि हुँदै काठमाडौं पुगेका थिए । काठमाडौं जाँदाको सिलसिलामा उनले ललितपुर भक्तपुर र काभ्रेसम्मको भ्रमण गरेको पनि जानकारी पाइन्छ ।[५८]

डिल्लीजङ गुरुङले स्वदेशको भ्रमण मात्र होइन विदेशको पनि भ्रमण गरेको पाइन्छ । वि.सं. १९९४ मा डिल्लीजङ गुरुङ कलकत्ता घुम्न गएको पाइन्छ ।[५९] उनी चार महिना जति कलकत्ता बसे । चार महिनाको कलकत्ता बसाइमा गलैंचा बुन्न सिकेका थिए । स्वदेश फर्केपछि गलैंचा बुनेर कर्णेल इन्द्रबहादुरमार्फत श्री ३ जुद्धशमशेर कहाँ चढाएको पनि पाइन्छ ।[६०]

## २.१३ लेखनका निम्ति प्रेरणा र प्रभाव

डिल्लीजङ गुरुङले आफ्नो साहित्यिक लेखन प्रेरणा समयानुसार परिवर्तन गर्दै लगेको देखिन्छ । सुरुका दिनमा डिल्लीजङ गुरुङले घरमा शिक्षकका रूपमा राखिएका गुरु, पण्डितहरूले पाठ गरेको संस्कृतका श्लोकबाट प्रेरणा ग्रहण गरेको पाइन्छ ।[६१] सुरुसुरुमा गुरुङले धार्मिक प्रवृत्तिका रचनाहरू सिर्जना गरेको पाइन्छ । पछाडिका दिनहरूमा विभिन्न क्षेत्रमा काम गर्दा सहयोगी साथीहरूको प्रेरणाबाट रचनात्मक लेखहरू सिर्जना गरेको देखिन्छ ।

---

[५८] मोहनकुमारी गुरुङ, पूर्ववत् ।

[५९] टुकमान थापा, पूर्ववत् ।

[६०] ऐजन ।

[६१] मेदिनी सुवेदी, पूर्ववत्, पृ. ।

डिल्लीजङ गुरुङले धार्मिक प्रवृत्तिका लेख तथा रचनापछि पण्डित नारायणदत्त घिमिरे, चिरञ्जीवी अधिकारी, राइटर वसन्त घिमिरे, बद्रीनाथ सुवेदीबाट प्रेरणा ग्रहण गरी भाषा, साहित्य र शिक्षाका क्षेत्रमा लागेको पाइन्छ । आधुनिक शिक्षादीक्षाका क्षेत्रमा लाग्ने प्रेरणा आफ्ना दाजु नरजङ गुरुङबाट र अन्य भद्रजनहरूबाट प्राप्त गरेको देखिन्छ ।[६२]

## २.१४ लेखन क्षेत्रमा सम्लग्नता

डिल्लीजङ गुरुङले संस्कृत वाङ्मयमा भएका ग्रन्थहरूको छयानुवादका अतिरिक्त नेपाली भाषामा मौलिक रचनाहरू पनि सिर्जना गरेको पाइन्छ । उनको मह□वपूर्ण देन भनेको नेपाली भाषामा नै रहेको पाइन्छ । उनले वि.सं. १९८५ बाट लेखन कार्य आरम्भ गरेको देखिन्छ र पहिलो साहित्यिक कृति कीर्तिदर्पण हो ।

## २.१५ सामाजिक क्षेत्रमा सम्लग्नता

डिल्लीजङ गुरुङ विभिन्न सामाजिक गतिविधिमा सदा तत्पर रहेको पाइन्छ । जीवनको उत्तरार्धतिर गुरुङले तत्कालीन राज्यसरकारसँग खुदीवेनीमा हुलाक माग गरी सार्वजनिक हुलाकको पनि व्यवस्था गरिदिएको देखिन्छ । उनले लमजुङको ग्राम विकास केन्द्र र महेन्द्र पुस्तकालय खुलाउनसमेत मह□वपूर्ण भूमिका खेलेको देखिन्छ ।[६३] डिल्लीजङ गुरुङले मादी भगवतीको मन्दिर जीर्णोद्धार र नियमित पूजाआजाको पनि व्यवस्था मिलाएको देखिन्छ । जीर्ण अवस्थामा रहेको मादी नदीको पुल पनि उनले मर्मत गराए । खुदीबजार भन्दा उत्तरतर्फ रहेको पौवामा कपडाको कन्ट्रोल खोली सर्वसाधारण जनतालाई सुविधा पनि पुऱ्याएका थिए ।[६४] खुदी बजारदेखि आफ्नो गाउँ घनपोखरासम्मको गोरेटो बाटो मर्मत गरी घोरेटोबाटो पनि बनाएको देखिन्छ ।[६५]

---

[६२] टुकमान थापा, पूर्ववत् ।

[६३] हीरामान श्रेष्ठ, खुदीबजार वृद्ध व्यापारीबाट प्राप्त मौखिक जानकारी ।

[६४] हीरामान श्रेष्ठ, पूर्ववत् ।

[६५] टुकमान थापा, पूर्ववत् ।

## २.१६ राजनीतिक सम्लग्नता

डिल्लीजङ गुरुङ राजनीतिमा निकै चासो राख्ने व्यक्ति हुन् । उनका बाबुको पालादेखि राणाहरूसँग राम्रो सम्बन्ध भएको हुनाले राजनीति झुकाउ पर्नु स्वभाविक देखिन्छ । वि.सं. १९९७ को सहिद काण्डबाट भित्रभित्र सल्केको राजनीति लमजुङमा पनि वि.सं. २००४-०५ सालमा प्रत्यक्ष प्रभाव परेको थियो ।[६६] नेपाली कांग्रेसको जिल्ला सङ्गठन बलियो बनाउने निर्णय भएपछि गाउँसहर गा.वि.स.मा बसेको भेलामा डिल्लीजङ गुरुङ सभापति बनेका थिए ।[६७] वि.सं. २०१५ को चुनावमा उनी ठाउँठाउँमा गई राजनीतिक शिक्षण प्रशिक्षणमा भाग लिएको पनि पाइन्छ । वि.पी. कोइरालाको समाजवादबाट प्रभावित भई डिल्लीजङले वि.पी. कोइरालालाई राजनीतिक गुरु मानेको देखिन्छ ।[६८]

## २.१७ डिल्लीजङ गुरुङका प्रकाशित अप्रकाशित कृतिहरू

डिल्लीजङ गुरुङले संस्कृत भाषाका कृतिहरूलाई नेपाली भाषामा भावानुवाद र छाँयानुवादा साथै मौलिक रचनाहरूका माध्यमबाट नेपाली साहित्य वाङ्मयमा मह□वपूर्ण योगदान दिएका छन् । उनले जति साहित्य सिर्जना गरे ती आफ्नो जीवनकालमा प्रकाशन हुन सकेनन् ।[६९] कतिपय रचनाहरू प्रकाशित भैसकेका छन् भने कतिपय रचनाहरू प्रकोशोन्मुख अवस्थामा रहेका छन् ।[७०] डिल्लीजङ गुरुङका प्रकाशित कृतिहरू यसप्रकार छन् :

---

[६६] ऐजन ।

[६७] मेदिनी सुवेदी, पूर्ववत्, पृ. ।

[६८] टुकमान थापा, पूर्ववत् ।

[६९] गोपाल गुरुङ, पूर्ववत् ।

[७०] ऐजन ।

| क.सं. | कृति | प्रकाशित साल | विधा |
|---|---|---|---|
| १. | विचारलोक | २०२८ | गद्यानुवाद |
| २. | तुलसीकृत रामायण | २०५९ | महाकाव्य |
| ३. | कपिल गीता | २०३४ | महाकाव्य |
| ४. | वृन्दावन | २०६३ | खण्डकाव्य |
| ५. | कीर्तिदर्पण | २०६३ | खण्डकाव्य |
| ६. | नौ कोपिला | २०६३ | कविता सङ्ग्रह |
| ७. | चौवीस गुरु | २०६३ | खण्डकाव्य |
| ८. | उद्धवगीता | २०६३ | महाकाव्य |
| ९. | लाँकुरी | २०६३ | खण्डकाव्य |
| १०. | प्रेमोपहार | २०४६ | लघुकाव्य |

उपन्यास

| | | | |
|---|---|---|---|
| १. | कुमारी | २०६३ | चम्पु उपन्यास |

| क.सं. | अप्रकाशित कृतिहरू | लेखन समय | विधा |
|---|---|---|---|
| १. | दुई नारी | २०१७ | चम्पु उपन्यास |
| २. | रामगीता | २०२१ | भावानुवाद |
| ३. | अर्जुनगीता | | भावानुवाद |
| ४. | पुष्पाञ्जली भाग १, २ | २०१८ | भावानुवाद |
| ५. | चित्तबोध | | भावानुवाद |
| ६. | विदुरनीति | | भावानुवाद |
| ७. | रासपञ्चाध्यायी | | भावानुवाद |
| ८. | अनुगीता | | भावानुवाद |

## २.१८ मानपदवी

डिल्लीजङ गुरुङ एक मेधावी व्यक्ति र बहुमुखी व्यक्तित्व थिए । उनले समाजसुधार, गाउँसुधार र स्त्री शिक्षाप्रति राखेको रुचि र पुऱ्याएको योगदान मह□वपूर्ण देखिन्छ । तत्कालीन समयमा डिल्लीजङ गुरुङले देखाएको मार्गदर्शन अद्यावधि पनि अनुकरणीय छ । दाजु नरजङ गुरुङ र पिता मणिलाल गुरुङले राणा सरकारबाट चाँदतोडा सहितको सुब्बाङ्गी पद पाएका थिए भने उनले पनि पिता र दाजुले पाएको बुटवल चौताराको राजश्व असुली ठेक्का पाएर राम्रो काम गर्दै जाँदा श्री ३ प्रधानमन्त्री चन्द्रशमशेरबाट वि.सं. १९८२ मा चाँदतोडासहितको सुब्बाङ्गी पद पाएको देखिन्छ ।[७१]

## २.१९ सम्मान तथा पुरस्कार

डिल्लीजङ गुरुङ नेपाली समाज र वाङ्मयका उत्कृष्ट प्रतिभा हुन् । उनले करिव चार दशक साहित्य साधना गरे । उनले जति कृति सिर्जना गरे ती सबै कृतिहरू हस्तलिखित ग्रन्थको रूपमा उनको घरको सानो पुस्तकालयमा सुरक्षित रहेको थियो । सम्पूर्ण कृतिहरूलाई खोजिनीति गर्ने काम उनको मरणोपरान्त मात्र भएको देखिन्छ । यसरी मरणोपरान्त प्रकाशित काव्यकृतिहरूको अध्ययन र अनुसन्धान गर्दै मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान काठमाडौंले वि.सं. २०५३ मा श्रद्धेय अग्रणी काव्यसाधक स्व. श्री डिल्लीजङ गुरुङज्यूप्रति भन्दै अभिनन्दनपत्र समर्पित गरेको छ । उक्त वाङ्मय प्रतिष्ठानको प्रमुख संरक्षकका रूपमा माधव घिमिरे रहेका छन् ।

## २.२० अन्तिम अवस्था र देहान्त

वि.सं. २०२१ सालमा सालभर भूमिसुधार व्यवस्थाअन्तर्गत जग्गाजमिनको जाँचबुझ गरी जग्गा कमाएका मोहीलाई आवश्यक सल्लाह दिँदै हिँडेका डिल्लीजङ गुरुङ रोगले विस्तारै कमजोर बन्दै गए । खानामा अरूचि, हिँड्नमा कमजोर बनाए पनि तत्काल उनमा रोग भने देखिएन । आयुर्वेद सम्बन्धी केही ज्ञान भएका गुरुङ

---

[७१] टुकमान थापाले दिएको मौखिक जानकारी ।

अस्पताल भर्ना भने भएनन् । आयुर्वेदसम्बन्धी घरेलु उपचारमा लागि उनले आयुर्वेदिक औषधी सेवन गरेको देखिन्छ ।[७२] उनमा पुरानो रोग वाथ र दम थियो ।[७३] घरेलु उपचारमा संलग्न वैद्यले उपचार गराउन काठमाडौं लैजाँदा राम्रो हुन्छ भन्ने सल्लाह दिएपछि उनलाई बोकाएर काठमाडौंतर्फ लगियो । करिव एक दिन बोकाएर लगेपछि रोगले च्याप्यो र पुनः फर्काएर खुदीवेनीको संस्कृत पाठशालामा राखियो ।[७४] उनले त्यसै दिन राति करिव १ बजेतिर कति बज्यो भनेर सोधे । बुहारी मोहनकुमारीले १ बज्यो भनेपछि अब म बाँच्नु ६ घन्टा छ । मलाई लिन चित्रगुप्तका दूतहरू ३ ओटा विमान लिएर आएका छन्, दुई ओटा फर्किए एउटा अडिएको छ, तिमीहरू वारि बस म पारिबाट हेरिरहन्छु जस्ता वाक्यहरू बेसुरमा बर्बराएको थिए ।[७५] बिहान मिर्मिरे उज्यालो भएपछि बोकाएर घनपोखराको घरमा लगियो । घर पुगेपछि छोरा मुनीन्द्रजङलाई गीता पढ्न भने गीताका केही श्लोक पढेपछि भयो अब म नै मनमनले पढ्छु भन्ने वाक्य बोल्दै गर्दा वि.सं. २०२२ जेठ महिनामा डिल्लीजङ गुरुङको मृत्यु भयो । यसरी संस्कृत साहित्य अध्ययन र नेपाली साहित्य साधनामा अधिकाङ्श समय बिताएका डिल्लीजङ गुरुङ करिव ५८ वर्षको उमेरमा यस संसारबाट सदाका लागि विदा भए । उनको मृत शरीरलाई खुदी खोलाको किनारमा हिन्दू विधिविधानअनुसार तुलसी चन्दन मिश्रित चितामा जलाइयो ।[७६] उनका छोराहरूले गुरुङ थरका भएपनि हिन्दूविधिविधान अनुसार काजक्रिया र बौद्ध धार्मिक विधिअनुसार अर्घो/अर्घु गरेको पाइन्छ ।[७७]

---

[७२] शोधनायककी बुहारी मोहनकुमारीले दिएको मौखिक जानकारी ।

[७३] शोधनायकका कान्छा छोरा मे. गोपाल गुरुङबाट प्राप्त मौखिक जानकारी ।

[७४] मोहनकुमारी पूर्ववत् ।

[७५] ऐजन ।

[७६] ऐजन ।

[७७] ऐजन ।

## परिच्छेद तीन

# l8NnLhª u'?ªsf] JolQmTj

### ३.१ पृष्ठभूमि

कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण नै व्यक्तित्व हो ।[१] यसमा व्यक्तिविशेषका निजीपनका साथै व्यक्तिले अरूलाई प्रभावित पार्ने व्यक्ति विशेषमा निहित विशेषता पाइन्छ ।[२] व्यक्तित्व निर्माणमा जीवनका विभिन्न पक्षको भूमिका हुन्छ । जीवनका हरेक मोडमा आइपर्ने बाधा व्यवधान तथा सम्बन्धित समाज, संस्कार, शिक्षादीक्षा, पारिवारिक वातावरण आदिबाट व्यक्तित्व निर्धारण हुन्छ । व्यक्तित्व निर्माणमा उसको सामाजिक, पारिवारिक, शैक्षिक, आर्थिक, सांस्कृतिक, धार्मिक आदि पक्षहरूको मह□वपूर्ण भूमिका रहन्छ । जीवनशैलीभित्र व्यक्तिगत स्वभाव र सामाजिक क्रियाशीलता आउँछ । व्यक्तिगत स्वभावले व्यक्तिगत व्यक्तित्व निर्धारण हुन्छ भने सिर्जनात्मक र सामाजिक कार्यले सामाजिक व्यक्तित्व बन्दछ । गुरुङ पनि सिर्जनाका प्रखर व्यक्तित्व हुन् । गुरुङको बाह्य र आन्तरिक व्यक्तित्वको परिचय यस परिच्छेदमा दिइएको छ ।

### ३.२ शारीरिक व्यक्तित्व

डिल्लीजङ गुरुङको शारीरिक व्यक्तित्व आकर्षक थियो । उनको उचाइ ५ फिट ५ इन्च थियो । प्रायः मोटोघाटो देखिने गुरुङको तौल सरदर ६० देखि ७० किलोग्राम रहने गर्दथ्यो ।[३] उनको सर्लक्क मिलेको नाक लाम्चालाम्चा आँखा, मोटोघाटो शरीर, मङ्गोलियन वंशीय अनुहार देखिन्थ्यो । उनको बोलाइमा स्पष्टता हुनाका साथै जीउडाल र अनुहार हृष्टपुष्ट देखिन्थ्यो ।[४] प्रायः कमेज सुरवाल, पाइन्ट कालो कोट र भादगाउले

---

[१] बालकृष्ण पोखरेल र अन्य (सम्पा.) **नेपाली बृहत् शब्दकोश** (काठमाडौं : नेराप्रप्र. २०५८) पृ. १२४५ ।

[२] ऐजन ।

[३] शोधनायकको कान्छो छोरा, गोपाल गुरुङबाट प्राप्त जानकारी ।

[४] ऐजन ।

टोपी लगाउने गुरुङ घोडा चढी हिँड्दा सारै आकर्षक देखिन्थे ।[५] उनी परिश्रमी, सहयोगी र मिलनसार थिए । बाहिरी अनुहार हेर्दा सामान्य देखिए पनि उनको भित्री हृदय पवित्र थियो ।[६]

### ३.२.१ साहित्यिक व्यक्तित्व

डिल्लीजङ गुरुङ साहित्यमा रुचि राख्ने व्यक्ति हुन् । उनले संस्कृत साहित्यको अध्ययनबाट नेपाली साहित्यमा महाकाव्य, खण्डकाव्य, फुटकर कविता आदिमा कलम चलाएका छन् । यसका साथै उनले औपन्यासिक क्षेत्रमा समेत कलम चलाएको पाइन्छ । उनले जीवनको अधिकाङ्श समय साहित्यसाधनामा बिताएको पाइन्छ । साहित्यमा उनको प्रमुख विधा कविता र उपन्यास नै हो । उनले अन्य विधामा भने त्यति योगदान पुऱ्याएको देखिँदैन ।

#### ३.२.१.१ कवि व्यक्तित्व

डिल्लीजङ गुरुङ नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् । उनको साहित्यका क्षेत्रमा कविता र उपन्यास विधामा विशेष योगदान रहेको छ । उनले साहित्यको कविता विधामा संस्कृत वाङ्मयको पौराणिक ग्रन्थसँग सम्बन्धित रचनाहरूको छायानुवाद गरेका छन् । उनको  कविताविधामार्फत औपचारिक साहित्ययात्रा आरम्भ भएको हो ।[७] उनका कविताहरू लामो समयसम्म हस्तलिखित ग्रन्थ (मूलपाठ)का रूपमा नै रहिरहे । ती कविताहरूलाई खोजतलास गरेर पुस्तकाकार कृतिका रूपमा प्रकाशन कार्य भने उनको मरणोपरान्त भएको हो । डिल्लीजङ गुरुङका **कीर्तिदर्पण** (वि.सं. १९८५) र **प्रेमोपहार** प्रथम र द्वितीय कृति हुन् । साहित्यमा कलात्मक अभिव्यक्तिद्वारा अध्यात्मचिन्तनमनन गर्नु उनको कविताको पक्ष रहेको छ । उनी कवितामा अध्यात्मको विषयलाई लिएर काव्यात्मक अभिव्यक्ति दिन सक्ने कुशल व्यक्ति देखिन्छन् । यसरी सांसारिक सुखसयलभन्दा अध्यात्म चेतना नै प्रवल भएको ठान्ने

---

[५] टुकमान थापा, पूर्ववत् ।

[६] धनजङ गुरुङबाट प्राप्त मौखिक जानकारी ।

[७] डिल्लीजङ गुरुङ, **नेपाली तुलसी रामायण**, भूमिका ।

गुरुङका कविता सरल र सहज भाषामा प्रस्तुत गरेको देखिन्छ। उनले छिटफुट रूपमा फुटकर कविता रचना गरेपनि मूलभूत रूपमा खण्डकाव्य र महाकाव्यको रचना गरेको देखिन्छ। नेपाली वाङ्मयको क्षेत्रमा खण्डकाव्यकार र महाकाव्यकारको रूपमा देखिएका गुरुङको छुट्टै पहिचान रहेको पाइन्छ।

### ३.२.१.२ औपन्यासिक व्यक्तित्व

डिल्लीजङ गुरुङको साहित्यसाधना क्षेत्र कविता र उपन्यास विधा हो । उनको 'कुमारी' उपन्यास प्रकाशित भएको छ। उपन्यास क्षेत्रमा उनले नारी विषय, सामाजिक विषय, लैङ्गिक भेदभाव आदिलाई मुख्य मुद्दा बनाउने गरेको पाइन्छ । उनले उपन्यासबाट केही सन्देश दिन चाहन्छन् ।[८] उनका उपन्यासमा प्रगतिशील भावना पाइन्छ । उनका उपन्यासमा नारीवादी चिन्तन एवं पितृसत्तात्मकताको विरोध एवं लैङ्गिक असमानताको पक्षका अभिव्यक्ति आएका हुन्छन् । उनी नारीवादी विचार धाराप्रति आस्थावान व्यक्ति भएकाले उनका उपन्यासमा नारीवादी विचारधाराको अभिव्यक्ति स्पष्ट रूपमा आएको छ । उनको उपन्यासमा भौतिक सुखमा नपाइने अमूल्य वस्तुहरू अध्यात्मचिन्तनबाट पाइने लेखकीय दृष्टिकोण रहेको छ ।[९] उनका उपन्यासमा विचार पक्ष प्रमुख भएर आएको छ। उनी उपन्यासमा आफ्ना विचार राख्न सक्षम छन्।

### ३.२.१.३ सामाजिक व्यक्तित्व

डिल्लीजङ गुरुङको व्यक्तित्व सामाजिक कार्यकलापमा पनि देखापर्दछ। उनी बाटो बनाउने पुल मर्मत गर्ने, सामाजिक सङ्गठन निर्माण गर्ने, मठ मन्दिरमर्मत संहार तथा निर्माण गर्ने जस्ता सामाजिक कार्य गर्न उत्सुक व्यक्ति हुन् ।[१०] उनले सामाजिक निकासा र जागरणका लागि सक्रिय रूपमा काम गरेको देखिन्छ। उनी समाजमा भएका विसङ्गति र कुरीतिलाई हटाएर स्वच्छ एवं निर्मल समाजको निर्माणमा अग्रसर

---

[८] सुभद्रा गुरुङबाट प्राप्त मौखिक जानकारी।

[९] ज्ञाननिष्ठ ज्ञवाली, पूर्ववत्।

[१०] शैलेन्द्र गुरुङबाट प्राप्त मौखिक जानकारी।

देखिन्छन् । समाजमा भएको वर्गीय विभेद, लैङ्गिक असमानता, जातीय असमानता नहटेसम्म सवल समाजको निर्माण नहुने कुरामा उनको मत रहेको देखिन्छ ।[११]

### ३.२.१.४ धार्मिक व्यक्तित्व

डिल्लीजङ गुरुङको परिवार हिन्दूधर्मप्रति निष्ठावान् रहेको पाइन्छ । मङ्गोलियन परिवारमा जन्मेपनि गुरुङको जीवनमा विभिन्न धार्मिक परिवेशले प्रभाव पारेको देखिन्छ । मङ्गोलियन वंशमा जन्मेका गुरुङ बौद्ध धर्ममा पनि आस्था राख्थे ।[१२] समाजको भलो चिताउने र समानताप्रति विश्वास राख्ने जुनसुकै धर्मका मौलिकताहरूलाई सकारात्मक दृष्टिकोणले हेरिनुपर्ने उनको विश्वास रहेको देखिन्छ । उनका उपन्यासमा पनि धर्मका नाममा हुने विकृति र विसङ्गतिप्रति प्रहार गरिएको हुन्छ । हिन्दूधर्मको अध्यात्मिक विचारबाट निकै प्रभावित डिल्लीजङ गुरुङ पुनर्जन्ममा कुनै दुविधा नभई स्पष्ट देखिन्छन् ।[१३] उनी हिन्दूधर्मलाई एक उच्च जीवनदर्शन र आदर्शका साथ लिन्छन् । पूर्वीय हिन्दू परम्परानुसार नित्य स्नान, पूजापाठ, ध्यानज्ञान गर्ने उनको जीवनचर्याले धार्मिक व्यक्तित्व अझै स्पष्ट भएको देखिन्छ ।[१४] उनी बेला मौकामा विभिन्न तीर्थस्थल गएर पनि धर्ममा आस्था राख्ने गरेको देखिन्छ । आफूलाई पूर्णरूपमा आस्तिक ठान्ने गुरुङ हिन्दू दर्शनका अनुयायी हुन् ।[१५]

### ३.२.१.५ आध्यात्मिक व्यक्तित्व

डिल्लीजङ गुरुङमा धार्मिक आस्था आनुवंशिक रूपबाट प्राप्त भएको हो । यिनले बाल्यावस्थाबाट आफ्नै घरमा  गुरुका रूपमा राखिएका गुरुहरूका मुखबाट संस्कृत विषयका चण्डी रुद्री, दुर्गकवच र पौराणिक ग्रन्थहरूको अध्ययन गरे । यसबाट यिनमा पूर्वीय संस्कार र परम्पराप्रति झुकाव विकसित हुँदै गयो । स्वाध्ययनद्वारा विभिन्न धर्मग्रन्थको अध्ययनमननले यिनको जीवनमा आध्यात्मिक तथा दार्शनिक

---

[११] ऐजन ।

[१२] भक्तजङ्ग गुरुङबाट प्राप्त मौखिक जानकारी ।

[१३] टुकमान थापाबाट प्राप्त मौखिक जानकारी ।

[१४] ऐजन ।

[१५] ऐजन ।

व्यक्तित्वको छाप परेको देखिन्छ । उनका काव्य र महाकाव्यमा सशक्त र प्रष्ट रूपमा आध्यात्मिकताको प्रभाव पाइन्छ । वि.सं. १९७५ देखि अन्तिम अवस्थासम्म उनले श्रीकृष्ण र श्रीराम भगवान्को पूजाआराधनामा आफूलाई समर्पण गरेको देखिन्छ ।[१६]

### ३.२.१.६ व्यावसायिक व्यक्तित्व

डिल्लीजङ गुरुङले जीवनकालको झन्डै आधा समय व्यवसायमा बिताएको देखिन्छ । वि.सं. १९८४ मा श्री ३ महाराज चन्द्र शमशेरले बुटवल चौताराको राजश्व असुली ठेक्कामा प्रतिमान थापाको नाम हटाई डिल्लीजङ गुरुङलाई चाँदतोडासहितको सुब्बाङ्गी पद पाएदेखि गुरुङको व्यावसायिक जीवन सुरु भएको देखिन्छ ।[१७] उनले उक्त राजश्व असुली ठेक्कामा तीन वर्ष काम गरेका थिए । यसपछि उनले दाजु नरजङ गुरुङसँग मिलेर काली नदीको किनारमा अवस्थित दाना भन्सारको पनि ठेक्कापट्टातिरको व्यवसायमा जीवन व्यतीत गरेको देखिन्छ ।[१८] उनले वि.सं. २००६ मा लमजुङ जिल्लाको खुँदीबजारस्थित मर्स्याङ्दी नदीको पुल अगाडि कपडाको कन्ट्रोल खोलेर व्यापार गरेको पनि पाइन्छ ।[१९] यसरी नै तिब्बतबाट लार्के, भोट हुँदै नेपाल आउने नुनको कोठी पिम्ताङ भन्ने ठाउँमा नेपाल सरकारको कोठी थियो सो कोठीको पनि केही समय उनले राजश्व असुली ठेक्का लिएको देखिन्छ ।[२०] उनले पटकपटक गरेर वि.सं. १९८४ देखि २०१२ सम्म करिब साँढे दुई दशक व्यावसायिक जीवन बिताएको पाइन्छ ।

### ३.२.१.७ बहुभाषी व्यक्तित्व

डिल्लीजङ गुरुङले नेपाली, गुरुङ, हिन्दी अवधी र संस्कृत भाषामा दख्खल राखेको पाइन्छ । त्यसैले उनी बहुभाषी व्यक्तित्वका रूपमा पनि चिनिएका छन् । उनको स्वाध्यायन र साहित्यसिर्जनाले यस व्यक्तित्वलाई सघाउ पुऱ्याएको देखिन्छ ।

---

[१६] शोधनायककी बुहारी, मोहनकुमारी गुरुङबाट प्राप्त मौखिक जानकारी ।

[१७] टुकमान थापा, पूर्ववत् ।

[१८] ऐजन ।

[१९] गोपाल गुरुङ, पूर्ववत् ।

[२०] ऐजन ।

### ३.२.१.८ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनबीच अन्तः सम्बन्ध

डिल्लीजङ गुरुङको करिब ६ दशकको जीवनावधि देखिन्छ । करिब चार दशकको अवधी उनी साहित्यसिर्जनामा निरन्तर लागि परेको देखिन्छ । उनको जीवनी विभिन्न परिवेश र परिस्थतिमा बितेको पाइन्छ । जीवन भोगाइमा यौवनकालदेखि जीवनको उत्तरार्धसम्म वैवाहिक जीवनमा आएको आरोहअवरोह उनले भोगेका विभिन्न सरल र कठिन परिस्थिति विभिन्न पेसाबाट प्राप्त अनुभव आदिको ज्ञान एवं सीपबाट उनको साहित्यिक व्यक्तित्व निर्माण भएको हो । गुरुङले गरेका जीवन सङ्घर्ष, मिहिनेत, निर्भीकता र अध्ययनशीलताले नै उनलाई महाकविसम्म पुऱ्याएको देखिन्छ । उनको आन्तरिक रुचि नै पूर्वीय दर्शन लेखनको प्रमुख कारक त□व हो । यस क्षेत्रमा नारायणदत्त घिमिरे, हरिशंकर पौड्याल, वासुदेव कोइरालासँग अध्ययन र भैरव गुरुसँगको सशास्त्रले थप उत्प्रेरणा उनका लागि मिलेको बुझिन्छ । उनका साहित्यिक रचनाहरूमा पूर्वीय दर्शनको चेतना, सामाजिक परिवेश राजनीति परिवेश, समाजमा नारीले भोग्नु परेको दुःख, पीडा, मर्म जस्ता विविध कुराहरूको चित्रण पाइन्छ । उनका साहित्यिक लेखनमा पूर्वीय दर्शनका पौराणिक ग्रन्थहरूका भावानुवाद एवं छयानुवाद, सामाजिक वर्गीय असमानता, राजनैतिक अस्थिरता, नारी शिक्षामा गरिनुपर्ने कार्यहरू र जीवन भोगाइ नै प्रमुख भएर आएका छन् । उनको साहित्यिक जीवन क्रमशः परिष्कृत र परिमार्जित हुँदै अगाडि बढेको पाइन्छ ।

डिल्लीजङ गुरुङको जीवनीलाई हेर्दा जीवन भोगाइका अनुभव, अनेक आरोह अवरोह, विभिन्न पेसासँग सम्बन्धित व्यक्तित्वसँगको सम्पर्क, सामाजिक परिवेश आदिले गर्दा उनको व्यक्तित्व निर्माण भएको हो । यही व्यक्तित्वले गर्दा उनका साहित्य सिर्जनामा समसामयिक परिवेशको राम्रो संयोजन भएको छ । उनी प्रारम्भिक कालको लेखनदेखि क्रमशः परिष्कृत हुँदै अगाडि बढेका छन् । उनको साहित्य सिर्जनातर्फको रुचि मूलतः उनमा अन्तर्निहित शक्तिको परिणाम हो । उनको जीवनी, जीवनीबाट प्राप्त व्यक्तित्व र साहित्यको लेखन एकअर्कामा बेरिएको छ । संस्कृत साहित्यको लामो

समयसम्म स्वअध्ययन गरेका गुरुङले त्यस अध्ययनबाट आवश्यक बौद्धिक ऊर्जा र अर्थ प्राप्त गरे । त्यस्तै साहित्यसिर्जनका लागि उनलाई घच्घच्याइरहने पण्डित एवं विद्वान् मित्रहरूको पनि उनमा प्रभाव परेको देखिन्छ । यसरी गुरुङको जीवनी, व्यक्तित्व र साहित्य लेखनबीच अन्तः सम्बन्ध स्थापित भएको छ ।

## परिच्छेद चार

# l8Nnlhª u'?ªsf v08sfJo s[ltsf] cWoog

### ४.१ पृष्ठभूमि

कविता साहित्यको एक विधा हो । 'साहित्य' शब्द संस्कृत भाषाबाट नेपालीमा आएको शब्द हो । 'सहित' शब्दमा यत् प्रत्यय लागेर साहित्य बन्दछ । साहित्य शब्दले सहभावलाई बुझाउँछ ।[१] साहित्यमा शब्द र अर्थको मिलन हुन्छ, भाव र विचारको समिश्रण हुन्छ, कल्पना र भावनाको योग हुन्छ । साहित्यमा अनभूति र अभिव्यक्तिको संयोग हुन्छ । साहित्यमा कला र विचारको समन्वय हुन्छ । साहित्यमा जीवनी र जगत्मा प्राप्त विभिन्न अनुभूतिको अभिव्यक्ति हुन्छ । साहित्य समाजको दर्पण हो । यसमा सौन्दर्य चेतना पाइन्छ ।[२] विशिष्ट शैलीमा लेखिएको अभिव्यक्ति, काल्पनिक भावात्मक तथा आलङ्कारिक प्रकृतिको कुनै रचनालाई साहित्य भनिन्छ ।[३] साहित्य आत्मप्रकाशनको एउटा सबल र सफल माध्यम हो । साहित्यमा आत्मप्रकाशनको विभिन्न स्वरूप पाइन्छ । आत्मप्रकाशन मानवमात्रको जन्मजात प्रवृत्ति हो । आत्मप्रकाशन साहित्यको भावभूमि हो ।[४] कविता साहित्यकै एक विधागत भेद भएकाले साहित्यका सापेक्षतामा कविताको विधागत स्वरूप अपेक्षकृत स्पष्ट चिन्न सक्छ । कवितामा अन्तराख्यान वा आख्यान मानवीय अनुभव जगत्को लयात्मक कविता कथनको कौशल विशिष्टताभित्र एक सहकारी विधि प्रविधि मात्रै रहन्छ ।[५] कविले रचेको लयवद्ध वा मुक्तक रचना, कृति वा काव्यात्मक रचनालाई कविता भनिन्छ ।[६] पूर्वीय, पाश्चात्य र नेपाली विद्वान्हरूले कविताको विभिन्न किसिमले परिभाषा गरेका छन् ।

---

१ मोहनहिमांशु थापा, **साहित्य परिचय,** चौथो संस्क. (साझा प्रकाशन, २०५०, पृ. २) ।

२ ऐजन ।

३ हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, **प्रयोगात्मक नेपाली शब्दकोश,** दोस्रो संस्क. (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. २०६३) पृ. १००८ ।

४ मोहनहिमांशु थापा, पूर्ववत् ।

५ राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण** (काठमाडौः पाठ्यसामाग्री पसल २०५७) पृ. २६ ।

६ हेमाङ्गराज अधिकारी र वद्रिविशाल भट्टराई, पूर्ववत्, पृ. १६१ ।

समग्रमा भन्नुपर्दा कविद्वारा रचित रचना नै कविता हो ।[७] डिल्लीजङ गुरुङले मुख्य रूपमा कविता विधामा केन्द्रित भएर लेखनकार्यमा साधना गरेको पाइन्छ । उनी मूलतः कवि प्रतिभा नै हुन् ।

## ४.२ खण्डकाव्यको चिनारी

नेपाली साहित्यका विशिष्ट विद्वान्हरूले खण्डकाव्यसम्बन्धी आआफ्नै तरिकाले परिभाषा गरेका छन् । खण्डकाव्यसम्बन्धी परिभाषा गर्ने पहिलो नेपाली विद्वान् सोमनाथ शर्मा हुन् । उनले राखेको खण्डकाव्यसम्बन्धी अवधारणा यस्तो छ- "काव्यको एक टुक्रा जस्तो छोटो कथानक लिएर शृङ्खलित रूपमा बीचैबाट उठेर बीचैमा टुङ्गिएको सर्गबन्धनहरू नभएको छोटो काव्यलाई खण्डकाव्य भन्दछन् ।"[८]

नेपाली साहित्यका विशिष्ट विद्वान् समालोचक केशवप्रसाद उपाध्याय खण्डकाव्यसम्बन्धी अवधारणा निम्नानुसार व्यक्त गर्दछन्- "खण्डकाव्यमा जीवनको एक अङ्ग विशेषको झलक प्रस्तुत गरिन्छ, यसमा एउटै सीमित कालखण्ड वा अल्पावधिमा घटित एउटै घटना एउटै चरित्र र एउटै प्रभाव उपस्थित हुन्छ, यसमा एउटै रसको अभिव्यक्ति एउटै छन्दमा गरिनु अपेक्षित छ ।"[९]

काव्यसम्बन्धी अवधारणा व्यक्त गर्ने अर्का विद्वान् मोहनहिमांशु थापाले - " खण्डकाव्यमा मानव जीवनको एक पक्षको चित्रण हुन्छ र तथ्यको उद्घाटन हुन्छ र एउटा यथार्थताको विश्लेषण हुन्छ ।"[१०] भनेका छन् ।

खण्डकाव्य सम्बन्धी परिभाषा गर्ने क्रममा वासुदेव त्रिपाठीले "खण्डकाव्यलाई कविता विधाको यस्तो मझौला आयामका उपविधागत भेद मान्न सकिन्छ, जसमा कुनै आख्यान अँगालेर वा नअँगाली जीवनजगत्को एक अंश वा भागलाई अन्वितिपूर्वक वद्ध वा मुक्त भाषिक लयका माध्यमबाट कथन गरी संरचित गरिन्छ"[११] भनेका छन् ।

---

७ डिल्लीजङ्ग गुरुङ समुच्चयका सन्दर्भमा ।

८ सोमनाथ शर्मा, **साहित्य प्रदीप** (काठमाडौं : नेपाल एकेडेमी प्रथम संस्करण २०१६), पृ. १०९ ।

९ केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश** (काठमाडौं : साझा प्रकाशन चौ.सं. २०४४) पृ. ११३ ।

१० हिमांशु थापा, **साहित्य परिचय** (काठमाडौं : साझा प्रकाशन, ते.सं. २०४०) पृ. ५२ ।

११ वासुदेव त्रिपाठी र अन्य (सम्पा.) **नेपाली कविता भाग ४** (काठमाडौं : साझा प्रकाशन - २०४६) पृ. ....... ।

मोहनराज शर्माले खण्डकाव्यलाई यसरी परिभाषित गरेका छन् - "जीवनका खण्डविशेषको आख्यानात्मक चित्रण हुने मझौला काव्य संरचनालाई खण्डकाव्य भनिन्छ ।"[१२]

यसरी विभिन्न विद्वान्हरूले समय समयमा आआफ्नो सारगर्भित तर्कसहित खण्डकाव्यको परिभाषा दिएको पाइन्छ । यी परिभाषाअनुसार मझौला आकारको संरचना भएको जीवनको एक खण्डविशेषको आख्यानात्मक र लयात्मक प्रस्तुति भएको कृति खण्डकाव्य हो ।

### ४.३ खण्डकाव्यका संरचक घटक

खण्डकाव्यसम्बन्धी विभिन्न परिभाषा र वर्तमानको खण्डकाव्य स्वरूपलाई ध्यान दिंदा यसका मुख्य संरचक घटकहरू निम्नानुसार देखा पर्दछन्-

#### १. शीर्षक विधान

कुनै पनि कृतिको महत्वपूर्ण तत्व शीर्षक हुन्छ । कृतिको प्रतीकात्मक वा लाक्षणिक सन्दर्भको सङ्केत शीर्षकले दिएको पाइन्छ । 'कृतिमा शीर्षक नामकरण मात्र नभई सारभूत भावविचारको उद्घाटक पनि हो ।'[१३] कृतिको स्तर निर्धारण गर्ने आधार पनि शीर्षक हो । खण्डकाव्यमा पनि शीर्षक दिइएको हुन्छ । यसमा शीर्षक कुनै मुख्य कथानकसँग सम्बन्धित कतै परिवेशसँग र कतै चरित्रसँग सम्बन्धित रहेको हन्छ । काव्यमा प्रयुक्त विषयवस्तुको केन्द्रीय मर्म, कृतिको केन्द्रीय तथ्य र कृतिकारको उद्देश्यसँग पनि शीर्षकले सम्बन्ध राखेको हुन्छ ।

#### २. आख्यानविधान

खण्डकाव्यको अर्को तत्व आख्यानविधान हो । कथावस्तु चरित्र र परिवेशको त्रिपक्षीय समायोजन नै आख्यान हो । आख्यानात्मक संरचनाका निम्ति घटना, पात्र र

---

[१२] मोहनराज शर्मा र अन्य (लेखन तथा सम्पा) **नेपाली कविता र आख्यान,** (काठमाडौं : नवीन प्रकाशन, प्र.स. २०५७) पृ. ९५ ।

[१३] वासुदेव त्रिपाठी र अन्य (सम्पा) पूर्ववत् पृ. १८ ।

परिवेशको उचित समायोजन हुनुपर्दछ । खण्डकाव्यको आख्यानात्मक संरचनाअन्तर्गत कथावस्तु, पात्रविधान र परिवेश पर्दछन् ।

**(क) कथावस्तु**

पात्रद्वारा गरिने कार्य कथावस्तु हो । कथावस्तुले घटनाको क्रमिकतालाई देखाउँछ । खण्डकाव्यमा आख्यानको मह□वपूर्ण भूमिका रहन्छ । आख्यानभित्र कथावस्तु सम्बद्ध हुने भएकाले खण्डकाव्यको मह□वपूर्ण त□व कथावस्तु हो । खण्डकाव्यमा शृङ्खलित कथावस्तु रहनु आवश्यक मानिन्छ ।[१४]

**(ख) पात्रविधान**

कथावस्तुलाई गतिशील बनाउने काम पात्रले गर्दछ । कथानकको कार्य पात्रद्वारा गरिने भएकाले कथानकका सम्पूर्ण कार्य वा घटना पात्रमा निहित हुन्छन् । कथानक र पात्रबीच अन्योन्याश्रित सम्बन्ध हुने भएकाले पात्रको अभावमा कथानकको कल्पना गर्न सकिँदैन । खण्डकाव्यको सफलताका लागि पात्रको सशक्ततता, जीवन्तता र संवेद्यजस्ता कुराहरूको अहम भूमिका रहन्छ । कथावस्तुलाई सुरुदेखि अन्त्यसम्म डोऱ्याएर लैजान र गतिप्रदान गर्न पात्रकै आवश्यकता पर्दछ ।

**(ग) परिवेश**

पात्रले भोगेका जीवनजगत्को समग्रताको चित्रण गर्ने भावभूमि नै परिवेश हो । परिवेश भन्नाले देशकाल परिस्थिति बुझिन्छ । परिवेश खण्डकाव्यमा घटना घट्ने, स्थान, समय र त्यसबाट पाठकबाट उत्पन्न हुने मानसिक प्रभाव हो । खण्डकाव्यमा आवश्यकता र स्वाभाविकताअनुसार परिवेशको उपयोग गरिन्छ । कथावस्तु र पात्रको प्रयोगअनुसार परिवेशको चित्रण गरिन्छ । स्तरीय खण्डकाव्यका लागि कथा, पात्र र परिवेशको सन्तुलन आवश्यक मानिन्छ ।

---

[१४] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) पूर्ववत्, पृ. २० ।

## ३. भावविधान

खण्डकाव्यमा अनेक भावहरू प्रयोग गरिन्छ । खण्डकाव्यमा जीवनजगतमा रहेका विभिन्न भावहरूमध्ये कुनै एक भावलाई केन्द्रीय भावको रूपमा प्रस्तुत गरिएको हुन्छ । पूर्वीय साहित्यको कुनै पनि कृतिमा रति हास, शोक, भय, उत्साह आदि स्थायी भावहरू मध्ये एउटालाई केन्द्रीय भावको रूपमा राखिन्छ भने अन्य मोह लज्जाजस्ता भावहरूलाई केन्द्रीय भावको पुष्टिका लागि प्रयोग गरिन्छ । कृतिमा रहेको केन्द्रीय भाव आकर्षक हुनुपर्छ किनकि उक्त काव्यको काव्यात्मक मूल्य बढ्छ । काव्यात्मक गुणलाई स्तरीय पार्न खण्डकाव्यमा अनेकौं सञ्चारी भावको समेत संयोजन गरिएको हुन्छ ।

## ५. कथनपद्धति

खण्डकाव्यको अर्को मह□वपूर्ण त□व कथनपद्धति हो । काव्यको सम्पूर्ण भाषा कथनपद्धतिमा आधारित हुन्छ । खण्डकाव्यमा कथनपद्धति दुई अवस्थामा प्रयुक्त हुन्छ । कवि स्वयं खण्डकाव्यमा उभिएर केही कुरा व्यक्त गरे कवि प्रौढोक्ति कथन हुन्छ भने कविले कुनै अर्कै पात्रका माध्यमबाट व्यक्त गर्न लगाएका छन् भने कविनिवद्धवक्तृप्रौढोक्ति कथन हुन्छ । यी दुवैलाई क्रमशः प्रथम पुरुषात्मक कथनपद्धति र तृतीय पुरुषात्मक कथनपद्धति पनि भनिन्छ ।

## ६. लयविधान

गेयात्मक अभिव्यक्ति कविताको प्राण भएकाले लय काव्यको प्रमुख त□व हो । कवितात्मक अभिव्यक्ति सार्थक रहन काव्यमा गीतिचेतनाको आवश्यकता हुन्छ । भाषाशैलीको पङ्क्ति र पङ्क्तिपुञ्जगत उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक र ध्वनिगत आल्हाद नै लयविधान हो ।[१५] खण्डकाव्यमा बद्धछन्द परिवारका वर्णमात्रिक वर्ग, वार्णिक वर्ग र मात्रिक वर्गअन्तर्गतका लयहरूको प्रयोग गरिएका हुन्छन् । खण्डकाव्य कविता विधाकै एक उपविधा भएकाले लयविधानको भूमिका मह□वपूर्ण हुन्छ ।

---

[१५] वासुदेव त्रिपाठी र अन्य (सम्पा) पूर्ववत्, पृ. १९ ।

## ७. भाषाशैली

खण्डकाव्यमा भाव वा विचारको अभिव्यक्ति दिने माध्यम भाषा हो र भाषिक अभिव्यक्तिको तरिका शैली हो । खण्डकाव्य भाषाका माध्यमबाट मात्र व्यक्त हुन्छ । काव्यमा बिम्ब, प्रतीक, अलङ्कार आदि सम्पूर्ण पक्षहरू भाषाकै माध्यमबाट प्रकट हुन्छन् । काम गराइको ढाँचा, तरिका, परिपाटी आदि शैली हो । भाषा र शैलीवीच घनिष्ट सम्बन्ध रहेको हुन्छ । खण्डकाव्यमा सरल, सहज सरस भाषा तथा समस्त शैलीको प्रयोग हुनुपर्छ । खण्डकाव्यमा शास्त्रीय छन्द, मुक्त छन्द र लोकलय पनि प्रयोग हुन सक्छ । वर्ण, पद पङ्क्तिजस्ता भाषिक एकाइको छनोट नै खण्डकाव्यको भाषाशैली हो । भाषाका शब्दहरूको स्रोत तत्सम, आगन्तुक र तद्भवजस्ता पक्षहरूको छनोट पनि भाषाशैलीअन्तर्गत गरिन्छ । केन्द्रीय कथ्यको अभिव्यक्ति दिनका लागि भाषाशैलीको आवश्यकता हुने भएकाले पनि खण्डकाव्यको मह□वपूर्ण त□व भाषाशैली हो ।

## ४.४ डिल्लीजङ गुरुङका खण्डकाव्य कृतिको अध्ययन

डिल्लीजङ गुरुङका पाँचवटा खण्डकाव्यात्मक कृतिहरू प्रकाशित छन् ।

## ४.४.१ 'कीर्तिदर्पण' काव्यको अध्ययन

### ४.४.१.१ कृतिपरिचय

डिल्लीजङ गुरुङले वि.सं. १९८५ मा 'कीर्तिदर्पण' कविताको रचनाबाट औपचारिक साहित्ययात्रा आरम्भ गरेको देखिन्छ ।[१६] वि.सं. १९८५ देखि यो कृति हस्तलिखित ग्रन्थको रूपमा उनकै घरको सानो पुस्तकालयमा सुरक्षित रहेको पाइन्छ । उनको 'डिल्लीजङ गुरुङ समुच्चय' पुस्तकमा प्रकाशित 'कीर्तिदर्पण' शीर्षकको काव्य मरणोपरान्त २०६३ सालमा प्रकाशित भएको हो । उनका कतिपय अप्रकाशित कृतिहरू भने प्रकोशोन्मुख अवस्थामा रहेका छन् । यी कृतिहरूमा उनका जीवनको अध्ययन, अनुभव र विचारलाई प्रस्तुत गरेका पाइन्छ । नेपाली समाजमा रहेको पुरानो कुसंस्कार

---

[१६] डिल्लीजङ्ग गुरुङ समुच्चय, पृ. २ ।

फालेर नयाँ बनाइएको रामराज्यको कल्पना उनका रचनाले प्रस्तुत गरेका छन् । उनको यो खण्डकाव्य जीवन चिन्तनमा केन्द्रित छ । यो काव्य २०७ श्लोकमा संरचित छ ।

### ४.४.१.२ संरचना

कवि गुरुङको 'कीर्तिदर्पण' खण्डकाव्य 'डिल्लीजङ गुरुङ समुच्चय' ग्रन्थमा पृष्ठ ३३ देखि ७६ सम्म संरचित छ । यस कृतिभित्र जम्मा २०७ ओटा श्लोकहरू रहेका छन् । उक्त खण्डकाव्य उल्लिखित ग्रन्थको प्रथम भागमा राखिएको छ । प्रस्तुत खण्डकाव्यको सुरुमा 'मेरो भन्नु', 'भो प्रिय सज्जनवृन्द' जस्ता मन्तव्य राख्दै काव्य आरम्भ गरिएको छ । काव्यको मूलपाठ सुरु हुनुभन्दा अगाडि 'मूर्ख वोधदीपक' भन्ने चार हरफ कविता लेखी 'मङ्गलाचरण' आरम्भ गरिएको छ । मङ्गलाचरणमा चार हरफे दुई पङ्क्ति कविता परेका छन् । यसपछि काव्यले गति लिएको छ । यस खण्डकाव्यभित्रका कविताहरू शार्दूलविक्रीडित, शिखरिणी, उपजातिजस्ता छन्दहरूमा लेखिएका छन् । प्रत्येक कविताहरूलाई क्रमैले १, २, ३ गरी २०७ सम्मका क्रममा राखिएको छ । अन्त्यमा लेखकले काव्य लेखेको मिति १९८५ साल श्रावण १० रोज ३ भनेर टुङ्ग्याइएको पाइन्छ ।

### ४.४.१.३ शीर्षक चयन

डिल्लीजङ गुरुङको 'कीर्तिदर्पण' नामक खण्डकाव्य मूलतः जेठा दाजु सुधनरजङ गुरुङको जीवनीसँग सम्बन्धित कुराहरूको गुणगानमा आधारित पद्यकृति हो । यस खण्डकाव्यका सम्पूर्ण कविताले दाजुका जीवनमा भए गरेका कीर्ति समाज सेवा गर्ने, पाठशाला खोल्ने, पुराण सुन्ने, अध्यात्म चिन्तन गर्ने आदि कुराहरूको भाव व्यक्त गरेका छन् । कविताको सुरुदेखि अन्त्यसम्म उनै दाजु सुधानरजङ गुरुङका जीवनमा घटेका घटनाको बयान भावनात्मक रूपमा बताइएको छ । दाजुले गरेका कीर्ति दर्पण भएर वा ऐनामाझैं छर्लङ्ग देखिएका छन् भन्ने मूलपक्ष यसमा आएको छ । तसर्थ सम्पूर्ण कीर्तिको दर्पण र मूलभाव कीर्तिदर्पणलाई प्रस्तुत कीर्तिको शीर्षक वा नाम

राखिएको छ । कृतिभित्रका सम्पूर्ण कविताहरूले दाजुकै कीर्ति बखान दर्पणमा देखाएबाट कृतिको नामकरण गरिएकाले प्रस्तुत शीर्षक उपयुक्त छ । केवल दुई शब्दलाई समास गरी निर्मित उक्त शीर्षक संरचनाको दृष्टिले पनि सार्थक देखिन्छ ।

### ४.४.१.४ विषयवस्तु

जेठा दाजु नरजङ गुरुङको चरणातलमा समर्पित यसकृतिमा कवि डिल्लीजङ गुरुङले नरजङ गुरुङका जीवनसँग सम्बन्धित कुराहरूलाई कविताका माध्यमबाट चर्चा गरेका छन् । सुरुमा विषयप्रवेश गर्नु भन्दा अगाडि मङ्गलाचरणबाट प्रसङ्ग अगाडि बढाइएको छ । यसपछि आफ्ना दाजुको असल काम गर्ने भावना समाज सेवा गर्ने इच्छा, पाठशाला खोल्ने, पुराण सुन्ने, अध्यात्म चिन्तन गर्ने इत्यादि कुराहरूको वर्णन गरिएको छ । यसै क्रममा तुलसी आदि वनस्पतिहरूको वर्णन, छ ऋतुको वर्णन र मूल रूपमा वसन्त ऋतुको मनोहर वर्णन यस कृतिमा गरिएको छ । प्रभुको कीर्ति देखेर सूर्यले समेत लाज मानेको प्रसङ्ग यस काव्यमा उल्लेख गरिएको छ । वैश्य कुलमा जन्मेर पनि विभिन्न प्रकारका समाजसेवा गरेको कुरा यस काव्यमा उल्लेख गरिएको छ । मादी नदीमा पुल बनाएको, मर्स्याङ्दी नदीको किनारमा नुन खानीको खोजतलास गरी आत्मानिर्भर बन्न खोजेको प्रसङ्ग यस काव्यमा कविले उल्लेख गरेका छन् । कामकै सिलसिलामा श्री ३ प्रधानमन्त्री चन्द्रशमशेरलाई रिजाइ बुटवल चौताराको राजश्व असुली ठेक्का लिएको प्रसङ्ग यसरी उल्लेख गरिएको छ :

खानु रकं चौतारा बुटवल गएर
देशी पहाडीहरूसँग मिलान भएर
भन्ने हुकुम भइ ठेक तीन सालसम्म
दी बक्सीयो हजुरलाई सुकीर्तिटम्म (श्लोक १२५, पृ. १३९)

यसैगरी कविले आफ्ना दाजु नरजङ गुरुङले जीवनभर गरेको सम्पूर्ण बयान गर्दा दाना भन्सारमा पनि कर असुली ठेक्का लिएको र थाकखोलाका थकालीहरूलाई खुसी

पारेको प्रसङ्ग पनि यहाँ उल्लेख गरिएको छ । मर्स्याङ्दी नदीदेखि कालीगण्डकीसम्म दाजुकै महिमा भएको वर्णन कवि काव्य यसरी व्यक्त गर्दछन् -

मर्स्याङ्दीदेखि गण्डकी कृष्णसम्म

लेखि विचित्र महिमा प्रभुको तमाम । (पृ. ७५/श्लोक २०३)

यसरी हेर्दा कवि डिल्लीजङ गुरुङले यस काव्यभित्र आफ्ना दाजुको जीवनकहानीलाई समेटेको देखिन्छ ।

### ४.४.१.५ कथनपद्धति

आफ्ना मनका भावनाहरू अभिव्यक्त गर्ने माध्यम भाषालाई बनाएर स्रष्टाहरूले कुनै न कुनै रूपमा स्रोताहरूलाई सम्बोधन गरेका हुन्छन् । यसरी भावना व्यक्त गर्दा प्रायः प्रथम एवं तृतीय पुरुष शैलीको एकवचन प्रयोग गरिएको हुन्छ । यस 'कीर्तिदर्पण' खण्डकाव्य-भित्रका अधिकाङ्श कविताहरूमा कवि गुरुङले एकवचन र प्रथमपुरुष शैली र एकालाप पद्धति प्रयोग गरेका छन् । भावकले पढ्दा आफ्नै मनका भावनाजस्ता लाग्ने खालका कविताहरू यसभित्र छन् । एकालापपद्धति प्रथम पुरुष एवं एकवचन वक्ताको प्रयोग भएको कविताको उदाहरण कृतिभित्रैको एउटा रचनाबाट हेरौः

लेख्छु मक्यै अलिक नि प्रभुकर्म गान

अहपितकृति दुनिया गरदैछ ध्यान (श्लोक १६१/पृ. ६७)

यहाँ आफ्नो दाजुको जीवन कहानी वर्णन गरेको दुनियाले ध्यान दिएर सुनेको कुरा व्यक्त गर्ने क्रममा स्रष्टा स्वयं एकलाप शैलीमा बोलेका छन् ।

### ४.४.१.६ लयविधान

कवि गुरुङले 'कीर्तिदर्पण' खण्डकाव्यभित्रका सबै श्लोकहरू छन्दमा लेखिएका छन् । सबै श्लोकमा कवितात्मक गुण पाइन्छन् । लयमा मिठास ल्याउन कविले ठाउँठाउँमा व्याकरणका सामान्य नियमलाई मिचेर शब्दहरूको प्रयोगले काव्यमा मिठास थपिएको छ । यस कृतिभित्रका कविताहरू मूलतःशार्दूलविक्रीडित, शिखरिणी,

उपजातिजस्ता छन्दहरूमा लेखिएका छन् भने शृङ्गार र शान्तरस केन्द्रीय भावभूमि रहेको देखिन्छ । सबै कविता लय/भाका हालेर पढ्न सकिने खालका छन् । सर्सती हेर्दा सबै कविताहरूमा मीठो लयात्मकता देखिन्छ ।

### ४.४.१.७ भाषाशैली

कवि डिल्लीजङ गुरुङले यस काव्यभित्रका श्लोकमा लोकप्रचलित सरल एवं सरस भाषाको प्रयोग गरेको देखिन्छ । काव्यमा हिमाल, नदी, बादल, शीत मित, शुर, चतुर, सारा, धारा, अड्डा, मुद्दा, साथीमाथि कान्ति, शान्ति, शक्ति, भक्ति जस्ता तद्भव नेपाली शब्दहरूको प्रयोग पाइन्छ जसले गर्दा कविताहरूमा मिठास थपिएको पाइन्छ । त्यसैगरी कर्म पवन सन्ध्या व्रह्म, आकाश, हृदय प्रभात, गगनजस्ता प्रचलित तत्सम शब्दहरूको पनि यथास्थानमा प्रयोग भएकाले कविताहरूमा मिठासपनका साथै सुन्दरता थपिएको छ । संस्कृतका दुर्वोध्य शब्दहरू र आगन्तुक शब्दहरू पनि त्यति नभएकाले जनसाधारणका लागि उक्त कृति सुपच्य नै देखिन्छ । यस कृतिमा मूलतः शार्दूलविक्रीडित शिखरिणी, उपजातिजस्ता छन्दहरूको प्रयोग गरिएको छ । यसका साथै शृङ्गार, शान्तरस केन्द्रीय छन् भने अनुकरणात्मक शब्द प्रयोगले काव्यमा मिठास थपिएको छ । यस कीतिदर्पण काव्यमा कविको संस्कृत वाङ्मयको सोझै प्रभाव परेको देखिन्छ ।

### ४.४.१.८ निष्कर्ष

प्रस्तुत 'कीर्तिदर्पण' काव्यमा कविले आफ्ना दाजुका जीवनभोगाइका सुखदुःख, मिलनविछोड, घातप्रतिघात, प्रेम घृणा आशा निरासा तथा जीवनका आरोह अवरोह आदि विषयवस्तुलाई समेटेर कविता रचना गरेको पाइन्छ । काव्यमा पाठक एवं स्रोताले काव्यात्मक अभिव्यक्तिको आभास सहज रूपमा पाउन सक्छन् । काव्यमा जिन्दगीका विभिन्न समस्याहरू व्यक्त भएका छन् । प्रस्तुत काव्यभित्र प्रत्येक मान्छेले भोग्ने र अनुभूति गर्ने सन्दर्भमा कही न कहीँ आफ्नै यथार्थ भेटे झै लाग्छ । कविलाई प्रभु नाथ जगत्पति, स्वामी, ऋतु सदा आदि शब्दहरूसँग विशेष प्रेम वा मोह छ

किनभने यी शब्दहरू धेरै ठाउँमा प्रयुक्त गरिएको छ । कविताका शीर्षकमै कीर्तिदर्पण राखिएको र मूलपाठसँग समन्वय गरिएको पाइन्छ । कविताहरू झट्ट हेर्दा सामान्यजस्ता लागेपनि शब्द, भाषा र अभिव्यक्ति गर्ने आफ्नो छुट्टै शैलीले गर्दा सबै कविताहरूले भावकको मन छुन सफल देखिन्छन् । यस काव्यका संरचनाहरू समग्र व्यक्ति जीवनसँग सम्बन्धित बन्न पुगेका छन् । जीवन भोगाइका क्रममा जन्म, बालपन जवानी, वृद्धपन आदिका बारेमा राम्रोसँग कवितामा वर्णन गरिएको देखिन्छ । कवि कवितामा भौतिकवादी चिन्तन भन्दा आध्यात्मवादी चिन्तन गर्न मन पराउँछन् र यसैबाट आफूलाई सहज एवं हल्का बनाउन चाहन्छन् । समष्टिगत रूपमा कृतिभित्रका रचनाहरू हेर्दा जीवन, जीवन भोगाई र त्यसको पीडामा रहेको एउटा मानवीय वेदना जस्तोसुकै भए पनि संसारलाई छाडेर जानुपर्ने भएकाले आत्माज्ञान गर्नुपर्ने निष्कर्ष झल्किएको पाइन्छ । उनका कविताहरूले नीतिधर्मलाई आत्मासात गरेको देखिन्छ तसर्थ यस कृतिले सामूहिक पीडा र मर्मलाई उठाउने सवालमा एकत्वभित्र सामूहिकत्व बोकेको छ भन्न सकिन्छ । उनको प्रथम प्रयास स्वरूप प्रस्तुत कृतिले नेपाली साहित्य फाँटमा एउटा पृथक पहिचान बनाएको छ

### ४.४.२ 'प्रमोपहार' काव्यको अध्ययन

#### ४.४.२.१ कृतिपरिचय

डिल्लीजङ गुरुङको 'प्रमोपहार' शीर्षकको लघुकाव्य २०४६ सालमा काठमाडौंबाट प्रकाशित भएको हो । यस कृतिका प्रकाशिका उनकी श्रीमती अमलाकुमारी गुरुङ हुन् । प्रकाशनको हिसाबले यो उनको दोस्रो कृति हो । यस पुस्तकभित्र सयओटा श्लोकहरू समेटिएका छन् र 'अन्त्यमा' भनेर अर्को एउटा श्लोक थपिएको छ । यस कृतिमा प्रकाशिका उनकी धर्मपत्नी अमलाकुमारीको भूमिका राखिएको छ । यसपछि लेखक स्वयंको 'मेरो भन्नु' भनेर कविका कविता रचनाको कारण दर्साइएको छ । कविता सुरु गर्नुभन्दा अगाडि मेरी हृदयकी देवीलाई उपहार भनी कविको मन्तव्य राखिएका छन् । यसमा पतिले आफ्नी पत्नीलाई प्रेम गर्दै प्रेमको

हार, प्रेमोपहार सदासर्वदा तिम्रो गलामा लट्की रहेको देख्न पाए मेरो परिश्रम काम लागेको सम्झनेछु भन्दै कविता आरम्भ गरेको देखिन्छ । यस कृतिभित्रका कविताहरूले जीवन र जीवन भोगाइका क्रममा प्रणय प्रेममा बाँधिनु पर्ने, प्रणय प्रेममा बाँधिदा अनेक प्रकारका बाधा व्यवधान आइपर्ने तर त्यस्ता वाधा व्यवधानमा कत्ति पनि विचलित नभई ईश्वरीय गुणगान गरेमा जीवनको यथार्थ फल मिल्ने कुराको चर्चा छ । यो संसार ईश्वरबाट चलायमान छ 'ईश्वरले जो गर्छन् भला गर्छन्' भन्ने कुराको सन्देश यस कृतिले दर्शाएको देखिन्छ ।

### ४.४.२.२ संरचना

कवि गुरुङको 'प्रेमापहार' लघुकाव्य जम्मा २६ पृष्ठमा संरचित छ । यसभित्र जम्मा १०० ओटा श्लोकहरू सङ्गृहीत छन् र 'अन्त्यमा' भनी छुट्टै एउटा श्लोक राखिएको छ । यस कृतिको आकार लघु खालको छ । यस काव्यको आरम्भमा कविले 'मङ्गलाचरण' भनेर ईश्वरको वन्दना स्तुति गर्दै कविता अगाडि बढाइएको देखिन्छ । यसपछिका कवितामा सांसारिक प्रपञ्चमा परी शोकग्रस्त भएकी आफ्नी धर्मपत्नीलाई सान्तवना दिँदै अध्यात्मजस्तो गहन विषयले मानिसलाई महान् बनाउँछ, संसारका सारा वस्तुहरू क्षणिक हुन् । क्षणिक मोहमा भुल्नु हुँदैन, यी सबै क्षय वा नाशवान् छन् । केबुल अध्यात्म मात्र एक यस्तो वस्तु हो जसले सांसारिक भवजालबाट मुक्त पार्दछ । मानिसले आफ्नो हृदयलाई खुला र पवित्र पारी ज्ञानको दीप बाल्न सक्नुपर्छ भन्दै आफ्नी धर्मपत्नीसँग मनका भावनाहरू पोख्दै कवितालाई टुङ्ग्याइएको पाइन्छ । प्रस्तुत लघुकाव्यभित्रका हरेक श्लोकलाई १, २ ३ गरी १०० अङ्कसम्मका श्लोकमा आवद्ध गरिएको छ । अन्त्यमा हरि ॐ तत्सत् ........ भनी कविता लेखेको मिति २०१६ साल भाइटीका भन्दै समापन गरिएको छ । कविताका सबै श्लोकहरू मूल विषयवस्तुसँग सम्बन्धित र आवद्ध छन् ।

### ४.४.२.३ शीर्षक चयन

डिल्लीजङ गुरुङको 'प्रमोपहार' नामक लघुकाव्य सांसारिक प्रपञ्चमा परी शोकग्रस्त भएकी धर्मपत्नीलाई सान्त्वनास्वरूप आत्मिक आनन्दरूपी ईश्वरीय

गुणगानमा आधारित भएर लेखिएको छ । यस लघुकाव्यका सम्पूर्ण श्लोकमा ईश्वरभक्ति अर्थात् परमेश्वरको खटनमा चल्नुपर्ने, कणकणमा भगवानको वास हुन्छ, सबै वस्तुमा ईश्वरको नजर पुगेको हुन्छ भन्ने भाव व्यक्त भएको छ । काव्यको सुरुदेखि अन्त्यसम्म उनै ममतामयी ईश्वरमा भक्ति लगाए जस्तोसुकै दुःख कष्ट पनि दुर हुन्छ भन्ने कुराको बयान भावनात्मक रूपमा गरिएको छ । प्रस्तुत रचनाभित्र रहेका प्रमोपहारसँग सम्बन्धित कुराहरू ईश्वरीय प्रेममा दत्तचित्त भएर लाग, आत्मा अजय छ अमर छ भन्ने भावसँग सम्बन्धित छन् । तसर्थ सम्पूर्ण प्रेमको प्रतीक र मूलभाव प्रेमोपहारलाई प्रस्तुत कृतिको शीर्षक वा नाम राखिएको छ । संरचनामा दृष्टिले संक्षिप्त वा प्रतीकात्मक देखिने प्रमोपहार लघुकाव्यले सम्पूर्णतालाई ओगटेको छ । तसर्थ प्रस्तुत रचना प्रेमोपहार लघुकाव्यको शीर्षक प्रेमोपहार सार्थक नै देखिन्छ ।

### ४.४.२.४ विषयवस्तुको परिचय

यस लघुकाव्यभित्र कविले प्रणयप्रेम, विषय आसक्त, विसङ्गति, वेदना, चिन्तन, विछोड अनिश्चितता  विरक्ति, मधुरमिलनको कामना, प्रकृतिचित्रण, अध्यात्मचिन्तन आदि विविध विषयहरूलाई जीवनका केन्द्रमा पोखेका छन् । उनले काव्यमा भौतिक चिन्तन भन्दा अध्यात्म चिन्तनमा विशेष जोड दिएको पाइन्छ । त्यसैगरी स्त्रीले पति र ईश्वरमा निःस्वार्थ भक्तिभाव राख्नाले मन, वचन र कर्ममा शुद्ध हुने कुरा उल्लेख गरिएको छ । यो भावना व्यक्त भएको कवितांश यस्तो छ :-

स्त्रीको ठूलो जपतप तथा भक्तिको मूल यै हो

श्रद्धा राखे हरि र पतिमा मुख्य कर्तव्य यै हो । (श्लोक ४१/पृ. ११)

कवि गुरुङको प्रस्तुत लघुकाव्यभित्र पोखिएका भक्तिभाव, जयतप स्त्रीले पतिमाथि र ईश्वरसँग गरिएको स्तुति आदिले हाम्रो समाजका अधिकाङ्श नरनारीहरूको प्रणयजीवनलाई प्रतिनिधित्व गरेको छ । कैयन पौराणिक स्त्रीहरूले आफ्नो पतिभक्त वा सतीत्वमा रहँदा दुःखहरू जेल्नु परेको तर अन्त्यमा सत्यको विजय भएको कुरा काव्यमा व्यक्त भएको छ । यसरी कवि गुरुङले नारी मनको पतिभाव र

ईश्वरीयभावलाई सदा सर्वदा स्वीकार्नु पर्ने यसमा नै स्त्री वा नारीको कल्याण हुने कुरा प्रस्तुत गरेका छन् । जीवन विसङ्गतिपूर्ण छ भन्ने कुरा काव्यका कतिपय कवितांशमा भेटिन्छ तर पनि विसङ्गति भइकन पनि अध्यात्मजस्तो गहन विषयलाई आधार बनाई जीवन जीउन सकेमा सार्थक बन्छ भन्ने भावना बोध भएको पनि देखिन्छ । जीवन मोह, माया र विषयमा अल्झिएको छ, त्यसलाई त्यागेर ईश्वरीय चिन्तन वा प्रभुको चरणमा लिइन हुन सकेमा मात्र सार्थक जीवन बन्ने कुराको उदाहरण कृतिभित्रैको एउटा रचनाबाट हेर्न सकिन्छ -

मायाद्वारा रचित घटना खेलमा लातमारी

धर्ना बस्छु प्रभु चरणमा मोहको जालफारी । (श्लोक ८२/पृ. २१)

यहाँ आफ्नो जीवन वा जन्मलाई सार्थक बनाउन ईश्वरमा लिइन हुने कुरा देखाइएको पाइन्छ ।

### ४.४.२.५ कथनपद्धति

कविताको एउटा मह□वपूर्ण पक्षको रूपमा कथनपद्धतिलाई पनि लिइन्छ । यो कथन कुनै एक स्रष्टाद्वारा श्रोताप्रति सम्बोधन गरिएको हुन्छ । कवि गुरुङले 'प्रेमोपहार' नामक लघुकाव्यभित्रका कविताहरूमा उनका भावना व्यक्त गर्ने क्रममा धेरै ठाउँमा कथयिताका रूपमा कवि गुरुङ स्वयं नै रहेका छन् । सुरुदेखि अन्त्यसम्मका कविताहरूमा एकलापीय पद्धतिमा अगाडि बढिरहेको देखिन्छ । यस क्रममा कतै प्रथम पुरुषात्मक शैली अपनाइएको छ भने कतै तृतीय पुरुषात्मक शैली प्रयोग गरेको देखिन्छ । कथनपद्धतिका दृष्टिले हेर्दा एकालाप पद्धति र आख्यानीकृत पद्धतिको प्रयोग गरेको पाइन्छ । यस्तै बहुवचन प्रथम पुरुष शैली प्रयोग गरिएको कविताको अंश यस्तो छ :

हीरा मोती झलल गहना छैन हाम्रो घरैमा

बस्छौं हामीहरू त हरदम ईश्वरैको भरमा

जाने देखिन् सकल मनकै भित्रछन् स्वर्णरत्न

खोजी यस्मै हरतरहले चित्त पारी प्रसन्न (श्लोक ५२/पृ. ५४)

यहाँ हीरा, मोती, जुहारत भनेको बाहिरी आवरणमा देखिने होइन यो त अन्तर्आत्मामा अध्यात्म बल्ने ज्ञान हो भन्ने भाव व्यक्त गर्ने क्रममा स्रष्टा स्वयं एकलाप शैलीमा बोलेका छन् ।

### ४.४.२.६ लयविधान

कवि गुरुङले 'प्रमोपहार' लघुकाव्यका सबै श्लोकहरू छन्दमा लेखिएका छन् । सबै श्लोकहरूमा कवितात्मक गुणधर्मीमा आधारित रहेको देखिन्छ । लयमा मिठास वा छन्दमा ल्याउन कतैकतै निपात र क्रियाको तालमेल बिग्रेको पनि देखिन्छ । अनुप्रासयुक्त शब्दहरूको प्रयोगले पनि कविताहरू बढी लयात्मक देखिन्छन् । कवि गुरुङले कविताहरूलाई लयात्मकतामा ढाल्न वर्ण व्यवस्थामा पनि विशेष ध्यान पुऱ्याएको देखिन्छ । प्रायः सबै श्लोकहरू मन्दाक्रान्ता छन्दमा रहेका छन् । लयको दृष्टिले उनका कविताहरूले पर्याप्त उचाइ हासिल गरेका छन् । कवि डिल्लीजङ गुरुङको 'प्रेमोपहार' लघुकाव्यमा रहेको केही मन्द + आक्रान्त = मन्दाक्रान्त छन्दमा रहेको कवितांशको उदाहरण यसप्रकार छ :-

जूवा हारी सघन वनमा भट्किएका सबै ती

आफ्ना प्यारा पतिसित गइन खाइ नाना विपत्ति

पाइन गोता कति कति कठै द्रौपदीले विचारी

के लाग्यो लौ नसहि नहुने दैवको खेल भारी (श्लोक ९/ पृ. ३)

### ४.४.२.७ भाषाशैली

'प्रेमोपहार' लघुकाव्यका सम्पूर्ण श्लोकहरू मन्दाक्रान्ता छन्दमा लेखिएका छन् । कवि गुरुङले लघुकाव्यभित्रका सम्पूर्ण कविताहरूमा लोकप्रचलित सरल एवं सरस भाषाको प्रयोग गरेका छन् । कविताहरूमा जून, तारा, तृष्णा, शून्य, कुण्ड, राम, हरि,

कुटिल, नित्य निशि, जिन्दगी, विलाप, आँशु, विपना झल्झल्तीजस्ता तद्भव नेपाली शब्दहरूको प्रयोग गरेको पाइन्छ जसले गर्दा कविताहरूमा मिठास थपिएको छ । त्यसैगरी आकाश, हृदय, चित्रगुप्ता, यमगण, दूत पाप, नयन, स्वर्ण, द्रव्य, भुवनजस्ता प्रचलित तत्सम शब्दहरूको पनि यथास्थानमा प्रयोग भएकाले कविताहरूमा मिठासपनका साथै सुन्दरता थपिएको छ । संस्कृतका दुर्वोध्य शब्दहरू र आगन्तुक शब्दहरू पनि त्यति नभएकाले जनसाधारणका लागि उक्त कृति सुपच्य नै देखिन्छ । छन्द र लय मिलाउने क्रममा प्रयोग गरिएका शब्दहरूमा लड्का, मोफतजस्ता केही नगन्य आगन्तुक शब्दहरू प्रयोग गरिएको पाइन्छ । समग्रमा प्रेमोपहार कृतिको भाषा सरल, सरस र सुबोध छ । वर्णनात्मक पद्यशैली नै प्रेमोपहार लघुकाव्यको विशेषता हो । हृदयमन्दिरकी देवीलाई उपदेश दिने अभिप्रायले लेखिएको भएपनि उल्लिखित काव्य कोरा र निरस भाषणको शैलीमा नभएर अत्यन्त मिठासपूर्ण तरिकाले भाव र विचारको संयोजनका साथ प्रस्तुत गरिएको छ ।

### ४.४.२.८ निष्कर्ष

कवि गुरुङको 'प्रमोपहार' लघुकाव्य पनि अध्यात्मवादी चिन्तनले रङ्गिएको छ । प्रस्तुत लघुकाव्यमा कविले मानव जीवन भोगाइका क्रममा सुख दुःख, मिलन विछोड, घातप्रतिघात, प्रेम र घृणा, आशा निराशा र जीवनप्रयन्त यमदूत कहाँ जाँदा केवल पाप र धर्म मात्र लिएर जाने विषयवस्तुलाई समेटेर रचना गरेको देखिन्छ । यस कृतिमा पाठकले काव्यात्मक अभिव्यक्तिको आभाससहज रूपमा पाउन सक्छन् । कवितामा जिन्दगीका विभिन्न समस्याहरू व्यक्त भएका छन् । प्रस्तुत कृतिभित्र हरेक मान्छेले भोग्ने र अनुभूति गर्ने सन्दर्भमा कही न कही आफ्नै यथार्थ भेटेझैं लाग्छ । कविलाई निशिदिन, मुफत विपद, विषय, नित्य, पाप पैले, राम, कृष्ण, हरि आदि शब्दहरूसँग विशेष प्रेम वा मोह छ किनभने यी शब्दहरू धेरै ठाउँमा पटक पटक प्रयुक्त गरिएको छ । कविताको शीर्षकमै उपहार भनेर अध्यात्मजस्तो गहन विषयलाई आधार बनाई यत्रतत्र छरिएका रत्नदानाहरूलाई भक्तिको दियालो बालेर जति बटुल्न सकेँ त्यसैको हार तिमीलाई प्रेमोपहारको रूपमा अर्पण गरेको छु भनी व्यक्त गरिएको

छ । कविताहरू झट्ट हेर्दा सामान्य जस्ता लागे पनि शब्द, भाषा र अभिव्यक्ति गर्ने आफ्नै छुट्टै शैलीले गर्दा सबै कविताहरू भावकको मन छुन सफल देखिन्छन् । उनका कविताहरूमा जीवन भोगाइका यथास्थितिप्रति असन्तुष्ट व्यक्त गर्दै विकृति र विसङ्गतिलाई अन्त्य गर्ने प्रमुख मार्ग वा उपाय ईश्वर भक्ति नै हो भन्ने स्पष्ट धारणा आएको देखिन्छ । धेरै ठाउँमा उनी ईश्वरको शरणमा परेका छन् । समष्टिगत रूपमा कृतिभित्र जीवन, मरण र मरणोपरान्त आत्मासँगै जाने पाप र धर्मको चेष्टा कवितामार्फत झल्किएको पाइन्छ । उनका कविताहरूले कवित्व धर्मलाई आत्मसात गरेको पाइन्छ तसर्थ यस कृतिले सामूहिक पीडा र मर्मलाई उठाउने सवालमा एकत्वभित्र सामूहिकत्व बोकेको छ भन्न सकिन्छ । उनको द्वितीय प्रयास स्वरूप आएको प्रस्तुत कृतिले नेपाली साहित्य फाँटमा छुट्टै पहिचान बनाएको देखिन्छ ।

### ४.४.३ 'लाकुरी' खण्डकाव्यको अध्ययन

#### ४.४.३.१ परिचय

कवि डिल्लीजङ गुरुङको 'लाकुरी' खण्डकाव्य २०४२ सालमा काठमाडौंबाट प्रकाशित भएको हो । प्रथम पटक ०४२ सालमा छुट्टै पुस्तकाकारमा प्रकाशित भएपनि ०६३ सालमा पुनः त्यसलाई 'डिल्लीजङ गुरुङ समुच्चय' नामक ग्रन्थमा संरचित गरिएको छ । प्रकाशनका हिसाबले हेर्दा डिल्लीजङको यो चौथो कृति हो । यो कृति लामो कविताको रूपमा प्रकाशित भएको छ प्रस्तुत कृतिभित्र ५२ ओटा श्लोकहरू समेटिएका छन् । 'लाकुरी' काव्यमा सङ्गृहीत ५२ ओटा श्लोकहरूमा आफ्नी प्रतिवेंसी आमा लाकुरीको काखमा रम्न रमाउन पाउँदा ज्यादै खुसी भएको भाव व्यक्त भएको छ । काव्यरचना गर्दा सरसर्ती भाव स्फुरण नहुँदा उनै प्रकृतिरूपी आमा लाँकुरीको काखमा बस्दा काव्यभाव स्फुरण हुने कुरा पनि यस कृतिभित्र व्यक्त भएको छ । प्रस्तुत खण्डकाव्यभित्रका रचनाहरूमा कविताधर्मी काव्यगत गुणहरू प्रचुर मात्रामा रहेको पाइन्छ ।

### ४.४.३.२ संरचना

कवि गुरुङको 'लाकुरी' खण्डकाव्य 'डिल्लीजङ गुरु समुच्चय' ग्रन्थमा पृष्ठ ५१० देखि ५२१ सम्म विस्तार भएको छ । यस कृतिभित्र जम्माजम्मी ५२ ओटा श्लोकहरू रहेका छन् । उक्त खण्डकाव्य उल्लिखित ग्रन्थको अन्तिम खण्डमा राखिएको छ । प्रस्तुत खण्डकाव्यको सुरुको कवितामा 'मेरो भन्नु' र 'आमा लाकुरीप्रति' को मन्तव्य राख्दै कविता आरम्भ गरिएको छ । सन्ततिले आमाप्रति देखाउने भक्तिभावका भावनाहरूबाट कविता सुरु गरिएको छ । आमाकै माया, ममता र स्नेहमा सारा सन्तति बाँचिरहेका, उनैको माया ममता पाई हामी हुर्केबढेको कुरा काव्यमा व्यक्त भएको छ । उनैको शीतल छहारी र छत्रछायामा आफू बढेर यस अवस्थामा आइपुगेको भावपूर्ण वन्दना गर्दै म दूरदेश गए विदा देऊ भन्ने आशय राखेर खुसी हुँदै लाकुरी आमासँग मनका भावहरू पोख्दै काव्य टुङ्ग्याइएको देखिन्छ । सम्पूर्ण काव्य मूल विषयवस्तुसँग सम्बन्धित र आवद्ध छ ।

### ४.४.३.३ शीर्षक चयन

डिल्लीजङ गुरुङको 'लाकुरी' नामक खण्डकाव्य मूलतः आमा र आमाको गुणगानमा आधारित छ । यस खण्डकाव्यका सम्पूर्ण कविताले प्रकृतिकी आमा 'लाकुरी' ममतामयी, मातृवात्सल्य मानी मायाकी खानी छन् भन्ने भाव व्यक्त गरेका छन् । काव्यको सुरुदेखि अन्त्यसम्म उनै ममतामयी प्रकृतिकी आमा लाकुरीको बयान भावनात्मक रूपमा गरिएको छ । प्रस्तुत रचनाभित्र रहेका लाकुरीसँग सम्बन्धित कुराहरू अप्रत्यक्ष रूपमा आमासँग सम्बन्धित छन् । तसर्थ सम्पूर्ण आमाको प्रतीकीकरण गरी मूलभाव लाकुरीलाई प्रस्तुत कृतिको शीर्षक वा नाम राखिएको छ । संरचनाका दृष्टिले संक्षिप्त र प्रतीकात्मक लाकुरी खण्डकाव्यले सम्पूर्णता ओगटेको छ । तसर्थ प्रस्तुत रचना लाकुरी खण्डकाव्यको शीर्षक 'लाकुरी' सार्थक छ भन्न सकिन्छ ।

### ४.४.३.४ विषयवस्तु

यस खण्डकाव्यमा कविले ममतामयी, हृदयकी खानी आमाका सुकोमल भावलाई विषय बनाएर साङ्केतिक रूपमा अभिव्यक्ति दिएका छन् । उनले आफ्ना

निजी अनुभूति र अनुभवलाई कल्पनाको जलप लगाई कलात्मक रूपले वर्णन गरेका छन् । यस काव्यभित्र प्रकृतिप्रेम, वात्सल्यप्रेम, भक्तिभाव, दुःख, पीडा हाँसो खुसी, जीवनको निस्सारता आदि विविध विषयका कविताहरू समेटिएका छन् । यस काव्यभित्रका कविताहरूमा प्रयोग गरिएका शब्दहरूले मुमा र पुत्रबीचको भावनात्मक वात्सल्यलाई प्रस्ट्याउने प्रयास गरेको देखिन्छ, जस्तैः

तिमी अचेल रुग्ण छौ, दशा छ घोर सङ्कटा
बढेर रोग वैलियो कठै ! मलिन भो छटा
परन्तु हे मुमा तिमी न लेउ पीर चित्तमा
लिएर वैद्य आउँला छदैछ पुत्र साथमा ॥ (श्लोक ३३/पृष्ठ ५१७)

प्रस्तुत कविताांशले आमा विरामी परेको र छोरा/पुत्रले पीर चिन्ता नगर्नु छोरा साथमा छ वैद्य ल्याउनेछु भन्ने धारणा राखेको पाइन्छ । काव्यभित्रका रचनाले प्रकृतिरूपी आमा लाकुरी सधैं हराभरा भइदिए लाख पाएजस्तो हुने सुकोमल भावलाई पनि प्रष्ट पारेका छन्, जस्तैः

म मासि दिन्छु खेत नै मलाई छैन प्रेम यो
तिमी सदा हराभरा भए मलाई लाख भो
म गर्छु प्रार्थना गरुन् समस्त पूर्ण ईश्वर
यही पवित्र काखमा म मर्न पाउँ आखिर । (श्लो ४६/पृ. ५२०)

प्रस्तुत कविताांशले प्रकृतिरूपी आमा लाकुरी हराभरा भई दिए भीरपाखा त के खेत नै छाडिदिने, फैलिंदै जाने कामना ईश्वरसँग गरिदिने र अन्तमा उनै आमा लाकुरीको काखमा जीवन उत्सर्ग गर्न पाऊँ भन्ने भाव व्यक्त भएको छ ।

### ४.४.३.५ कथनपद्धति

आफ्ना मनका भावनाहरू अभिव्यक्त गर्ने माध्यम भाषालाई बनाएर स्रष्टाहरूले कुनै न कुनै रूपमा श्रोतालाई सम्बोधन गरेका हुन्छन् । यसरी भावना व्यक्त गर्दा प्रायः

प्रथम एवं तृतीय पुरुष शैलीको एकवचन प्रयोग गरिएको हुन्छ । यस 'लाकुरी' खण्डकाव्यभित्रका अधिकाङ्श कविताहरूमा कवि गुरुङले एकवचन र प्रथम पुरुष र एकलापपद्धति प्रयोग गरेका छन् । भावकहरूले पढ्दा आफ्नै मनका भावनाजस्तै लाग्ने खालका रचनाहरू यसभित्र छन् । एकालापपद्धति प्रथम पुरुष एवं एकवचन वक्ताको प्रयोग भएको कविताको उदाहरण कृतिभित्रैको श्लोकबाट हेर्न सकिन्छ -

म पुत्र हुँ, म बाबु हु, म मित्र हुँ, म शिष्य हुँ

म दास हुँ तथा सबै प्रकारबाट भक्त हुँ

दया दियौ र यो बने समाज योग्य मानव

कला लिए सिकें, टिपें बुझें रहस्य वास्तव (श्लो. ४९/पृ. ५२०)

यहाँ आफ्नो एउटा मानिस पुत्र, बाबु, शिष्य, दास र भक्त भएको कुरा व्यक्त गर्ने क्रममा स्रष्टा स्वयं एकलाप शैलीमा बोलेका छन् ।

## ४.४.३.६. लयविधान

कवि गुरुङको 'लाकुरी' खण्डकाव्यभित्रका सबै रचनाहरू पञ्चचामर छन्दमा लेखिएका छन् । सबै कविताहरूमा कवितात्मक गुणहरू पाइन्छन् । लयमा मिठास ल्याउन कविले कतैकतै व्याकरणका सामान्य नियमलाई मिचेर शब्दहरू चयन गरेको देखिन्छ । अनुप्रासयुक्त शब्दको प्रयोगले पनि कविताहरू बढी लयात्मक देखिन्छन् । कवि गुरुङले कविताहरूमा लयात्मकता ल्याउन वर्ण व्यवस्थामा पनि विशेष ध्यान पुऱ्याएका छन् । प्रायः सबै श्लोक १६ वर्णको पञ्चचामर छन्दमा लेखिएका छन् । सबै श्लोक, रस र अलङ्कारले परिपूर्ण देखिन्छन् । सबै कविताहरू लय/भाका हालेर पढ्न सकिने खालका छन् । यसरी हेर्दा काव्य मिठो लयात्मकता देखिन्छ ।

## ४.४.३.७ भाषाशैली

'लाकुरी' खण्डकाव्यका सम्पूर्ण कविताहरू पञ्चचामर छन्दमा लेखिएका छन् । कविताहरूमा साधारण जनबोलीको सरल एवं सरस भाषाको प्रयोग भएको पाइन्छ ।

कविताका लागि उपर्युक्त भाषा र शब्दहरूको प्रयोग यस काव्यका कविताहरूमा पाइन्छ । कविताहरूमा छहरा, पहरा, हिमाल, धर्ती, आकाश, मुहार, चौतारी, जून तारा बगर, बिहानी, बादल, सुसेली, हरियाली जस्ता नेपाली शब्दहरूको प्रयोगले गर्दा मिठास थपिएको छ । त्यसैगरी गगन, चाँदनी, पवन, सन्ध्या हृदय, विशाल, शिखर, सुधा, प्रभात, नन्दन, प्रचण्ड, शिखर, मधुजस्ता तत्सम शब्दहरूको पनि प्रयोग भएकाले कविताहरूमा मिठासपन आएको छ। संस्कृतका दुर्वोध्य शब्दहरू त्यति देखिन्नन् । छन्द र लय मिलाउने क्रममा व्याकरणको नियमलाई त्यति ख्याल गरेको देखिन्नन् । कवि गुरुङले यस काव्यकृतिमा प्रथम पुरुष शैली अपनाएका छन् । वर्णनात्मक पद्यशैली नै लाकुरी खण्डकाव्यको विशेषता हो । समाजलाई उपदेश दिने अभिप्रायले लेखिएका भएपनि उल्लिखित काव्य कोरो र निरस भाषणको शैलीमा नभएर अत्यन्तै मिठासपूर्ण तरिकाले भाव र विचारको संयोजनका साथ प्रस्तुत गरिएको छ ।

### ४.४.३.८ निष्कर्ष

प्रस्तुत 'लाकुरी' खण्डकाव्यमा कविले आफ्नो जीवन भोगाइका सुख, दुःख, आशा निराशा, माया र ममता, आमा र सन्ततिबीचको वात्सल्यता आदि विषयवस्तुलाई समेटेको पाइन्छ । पाठकले काव्यात्मक अभिव्यक्तिको आभास सहज रूपमा पाउन सक्छन् । काव्यमा जिन्दगीका विभिन्न समस्याहरू व्यक्त भएका छन् । प्रस्तुत कृतिभित्र प्रत्येक मान्छेले भोग्ने र अनुभूति गर्ने सन्दर्भमा कहीं न कहीँ आफ्नै यथार्थ भेटेझैं लाग्छ । कविताको माध्यमले जनमानसमा चेतनाको प्रचारप्रसार गरेर प्रकृति र मानवमा प्रेम जगाउने उद्देश्यले लेखिएको उक्त कृति कविको नितान्त मौलिक रचना हो । यसमा रहेका सम्पूर्ण श्लोकहरू लाकुरी आमाप्रति सम्बन्धित छन् । उनका लेखनमा कविताधर्मलाई आत्मासात गरेको पाइन्छ । तसर्थ यस कृतिले एकत्वभित्र सामूहिकत्व बोकेको छ भन्न सकिन्छ । सुमधुर लयविधान, वर्णनात्मक शैली सरल र सुकोमल पदावली, प्रकृतिप्रेम र मातृवात्सल्यताको प्रखर अभिव्यक्तियुक्त प्रस्तुत काव्यकृति नेपाली काव्यको इतिहासमा मह□वपूर्ण उपलब्धि हो भन्न सकिन्छ ।

### ४.४.४ 'चौबीस गुरु' खण्डकाव्यको अध्ययन

### ४.४.४.१ कृति परिचय

कवि डिल्लीजङ गुरुङको 'चौविस गुरु' नामक खण्डकाव्य डिल्लीजङ गुरुङ समुच्चय (२०६३) नामक ग्रन्थमा सङ्गृहित छ । प्रकाशनका हिसाबले हेर्दा डिल्लीजङको यो चौथो कृति हो । प्रस्तुत काव्यभित्र विविधखाले विषयवस्तुहरूलाई समेटिएको छ । विविध प्रसङ्गका चौबीस शीर्षकहरूभन्दा अगाडि मङ्गलाचरणमा ४४ श्लोकहरू छन् र अन्त्यमा आफ्नै शरीरबाट सिक्नुपर्ने शिक्षा भन्ने १४ श्लोक लेखी टुङ्ग्याइएको छ । उल्लिखित कृतिको कथानक अठार पुराणमध्येको एक मानिने 'भागवत' को एकादश स्कन्धको भगवान् श्रीकृष्ण र उद्धवको संवादमा आधारित देखिन्छ । यस कृतिमा दत्तात्रेय र महाराज यदुको कथाको भावानुवाद गरिएको कवि सवयंको स्वीकारोक्ति पाइन्छ । अन्त्यमा शरीर कच्चा हो भन्ने बुझेर ज्ञान गर्नुपर्ने शिक्षा प्राप्त गरेका उद्धव पुनः आफ्नो स्थानतर्फ फर्केको घट्ना वर्णन यस कृतिभित्र व्यक्त भएको देखिन्छ । प्रस्तुत काव्यभित्रका रचनाहरूमा विशेष गरेर कविताधर्मी काव्यात्मक गुण प्रचुरमात्रामा रहेको पाइन्छ ।

### ४.४.४.२ संरचना

डिल्लीजङको 'चौबीस गुरु' खण्डकाव्य 'डिल्लीजङ गुरुङ समुच्चय' ग्रन्थमा पृष्ठ १०७ देखि १४२ सम्म सविस्तार छ । कुल १४५ ओटा श्लोकहरूमा सङ्गृहीत यस काव्यको आयाम लघु देखिन्छ । यो काव्य शार्दूलबिक्रीडित छन्दमा लेखिएको छ । काव्यमा विभिन्न शीर्षक राखी कथानक अगि बढाइएको छ । यो खण्डकाव्य माथि उल्लिखित ग्रन्थको तेस्रो स्थानमा राखिएको छ । प्रस्तुत काव्यको सुरुको भागमा 'मेरो भन्नु' मन्तव्य राखी मङ्गलाचरणबाट कविता आरम्भ गरिएको छ । भगवान् श्रीकृष्ण र उद्धवको संवादमा आधारित अवधुत र महाराज यदुको कथाको भावनुवादिक भक्तिभावका भावनाहरूबाट काव्य सुरु गरिएको छ । जीवन चलायमान छ, चलायमान जीवनलाई अगि बढाउन गुरुको आवश्यक पर्ने ती गुरु चौबीस छन्, तिनै गुरुको

अनुशरण गरेमा जीवनसार्थक बन्ने कुराको भाव व्यक्त गर्दै अन्त्यमा आफ्नै शरीरबाट पनि केही शिक्षा पाएको निष्कर्षका भावहरू पोख्दै कविताहरू टुङ्ग्याइएको देखिन्छ । सम्पूर्ण श्लोकहरू मूल भावसँग सम्बन्धित छन् ।

### ४.४.४.३ शीर्षकचयन

डिल्लीजङ गुरुङको 'चौवीस गुरु' नामक खण्डकाव्य चौबीस कुरालाई गुरु बनाएर धेरै उपदेश पाइने भावमा आधारित पद्यकाव्य हो । यस खण्डकाव्यमा मानव जीवन सार्थक बनाउन गुरुको नितान्त आवश्यक छ भन्ने भाव व्यक्त भएको छ । काव्यको सुरुमा श्रीकृष्णको स्तुति वन्दना 'मङ्गलाचरण' शीर्षकबाट प्रस्तुत गरिएको छ । त्यसपछि चौवीस वस्तुबाट लिएको शिक्षा दिइएको छ । अन्तमा 'आफ्नै शरीरबाट' नामको खण्ड राखिएको छ । कृतिभित्रका सबै शिक्षाका शीर्षकहरूलाई हेर्दा 'पच्चीस गुरु' नामक शीर्षक पनि राख्न सकिन्थ्यो । कृतिभित्र सुरुमा र अन्त्यका कविताबाहेक चौबीस शीर्षकको रूपमा रहेका 'चौवीस गुरु' नामक कविताले उनका जीवनका जीवन भोगाइ अर्थात् सुखदुःखलाई चित्रण गरेकाले कवितामा व्यक्त भएको भावअनुसार राखिएको हुँदा सङ्ग्रहको उक्त शीर्षक उपयुक्त नै छ ।

### ४.४.४.४ विषयवस्तुको परिचय

यस 'चौबीस गुरु' खण्डकाव्यमा कवि गुरुङले जीवनका प्रत्येक पलमा गुरुको आवश्यक पर्ने र गुरुबाट पाएको शिक्षा ग्रहण गर्दै अगाडि बढ्दै जाँदा जीवन सुखी हुने भावलाई विषय बनाएर साङ्केतिक रूपमा अभिव्यक्ति दिएका छन् । उनले भागवत् एकादश स्कन्धको भगवान् श्रीकृष्णको र उद्धवको संवादअन्तर्गत अवधुत दत्तात्रय र महाराज यदुको कथा कत्ति नछाडिकन कलात्मक रूपले वर्णन गरेका छन् । यस काव्यभित्र चौवीस कुरालाई गुरु मान्नुपर्ने गुरूप्रेम, प्रकृतिप्रेम, प्रणयप्रेम दुःख, पीडा हाँसो, खुसी, जीवनको निस्सारता आदि विविध विषय समेटिएको छ । यस काव्यभित्रका पृथ्वीबाट, प्राणवायुबाट, वाहिरी हावाबाट आकासबाट, पानीबाट, अग्निबाट, सूर्यबाट, समुन्द्रवाटजस्ता शीर्षकहरू राखिएको छ । कविताहरूमा प्रयोग गरिएका शब्दहरूमा

मानिसले निर्जीववस्तुबाट पनि गुरुशिक्षा ग्रहण गर्नुपर्ने तथा परेवा, अजिङ्गर, पुतली, माहुरी, हात्ती, मह काढ्ने हरिण, माछा, पिङ्गलावेश्य कुकुर पक्षी, बालक, कुमारी वाण बनाउने, सर्प, माकुरो र कुमालकोटी जस्ता सजीव प्राणीका शीर्षकका कविताहरूमा प्रयोग गरिएका शब्दहरूले मानवीय जीवनमा गुरु र मानवबीचको भावनात्मक एकतालाई प्रष्ट्याएका छन् । कतै फेरि जीवनलाई अग्निजस्तै बनेर ठूलो सानो, वक्र वा बाङ्गो जस्तोसुकै लकडी भएपनि अग्निले भष्म गर्दा ज्वाला सोझो नै हुन्छ त्यस्तै सम्झेर जीवनका उतारचढाउमा नअल्झने दुःख वा सुखमा विचलन नहुने कुराको निष्कर्षमा पुगेको देखिन्छ, जस्तैः

ठूलो स्यानु सिधा र वक्र लकडी जस्तो छ त्यै माफिक
ज्वाला बल्दछ अग्निको उही सरी देखिन्छ यौटै ठिक
देखिन्छन् सव यी उपाधि बलले छन् अग्नि ता वास्तव
आफ्नै रूप महाँ रहस्य यसको जानोस सदा साधक

(अग्निबाट/श्लोक ६/पृ. १२१)

यसैगरी कवि आफ्नो जिन्दगीको यात्रामा लाग्दा चौबीस गुरुबाहेक आफ्नै शरीरबाट पनि केही शिक्षा पाएको कुरा अन्त्यमा व्यक्त गरेका छन् । शरीर जड हो, यो नाशवान छ र अन्तमा नास्सिएर जान्छ तर आत्मा अजय, अमर छ भन्ने भाव यसरी व्यक्त गरेका छन् जस्तै-

बाँच्नु मर्नु यही शरीर पछि नै लागिरहन्छन् सदा
राखी यो जड देह हो फल यही आपत्ति पर्छन् कडा
राम्रो सद्गुण ज्ञान खोज्छ यसले हो वस्तु राम्रो तर
आफ्नो मान्दिन राख्छु निश्चय यही सड्ने छ यो आखिर ।

(आफ्नै शरीरबाट/श्लोक १३३/पृ. १३८)

यसरी हेर्दा कवि गुरुङले यस काव्यभित्र विविध विषयवस्तु चौबीस गुरुभित्र समेटेको देखिन्छ ।

### ४.४.४.५ कथनपद्धति

आफ्ना मनका भावनाहरू अभिव्यक्त गर्ने माध्यम भाषालाई बनाएर स्रष्टाहरूले कुनै न कुनै रूपमा श्रोतालाई सम्बोधन गरेका हुन्छन् । यस्ता भावना व्यक्त गर्दा प्रायः प्रथम एवं तृतीय पुरुष शैलीको एकवचन प्रयोग गरिएको हुन्छ । यस 'चौबीस गुरु' खण्डकाव्यभित्रका अधिकाङ्श श्लोकहरूमा कवि गुरुङले एकवचन, प्रथम पुरुष शैली र एकालापपद्धति प्रयोग गरेका छन् । भावकले पढ्दा आफ्नै मनका भावनाजस्तै लाग्ने खालका कविताहरू यसभित्र छन् । एकालाप पद्धति प्रथम पुरुष एवं एकवचन वक्ताको प्रयोग भएको कविताको उदाहरण कृतिभित्रैको एउटा श्लोकबाट हेरौं :

गर्थी गान बसेर यै तवरले धिक्कार मेरो मति
झुट्टा इन्द्रिय कामका वश परी मेरो भयो दुर्गति
कस्तो मोह हरे ! म भुल्दछु यहाँ ती तुच्छा गुन्डासितै
आशा राख्दछु भोगतर्फ, जसको अस्ति□व नै छैन क्यै ॥

(पिङ्गला वेश्या/श्लोक १०४/पृ. १३१)

प्रस्तुत श्लोकले म भनेर सम्बोधन गर्ने व्यक्ति कवि स्वयं नै भएकाले प्रथमपुरुष शैली र एकवचनात्मक कथनपद्धति प्रयोग भएको छ ।

### ४.४.४.६ लयविधान

कवि गुरुङले 'चौवीस गुरु' खण्डकाव्य शार्दूलविक्रीडित छन्दमा लेखेका छन् । यो काव्य काव्यात्मक गुणयुक्त छ । छन्द वा लयमा मिठास ल्याउन कविले कतैकतै व्याकरणका सामान्य नियमलाई मिचेर शब्दहरू चयन गरेको पाइन्छ । अनुप्रासयुक्त शब्दहरूको प्रयोगले पनि काव्य बढी लयात्मक देखिएको छ । छन्दमिलाउने क्रममा

निपात र क्रियापदको विशेष ध्यान दिएको देखिँदैन । यो काव्य १९ वर्णको शार्दूलविक्रीडित छन्दमा लेखिएको छ ।

स्त्रीमा भुल्छ भने त फस्दछ यही त्यो बन्छ नालायक

ढोइका पछि नित्य लागिरहँदा वाधिन्छ हात्ती तक

(हात्तीबाट/श्लोक ९१/पृ. १२८)

काव्यमा विविध रस र अलङ्कारको पनि प्रयोग भएको पाइन्छ । काव्य लय वा भाका हालेर पढ्ने सकिने खालका छन् । प्रायः सबै काव्यमा लयात्मकता भेटिन्छ ।

### ४.४.४.७ भाषाशैली

'चौबीस गुरु' खण्डकाव्यका सम्पूर्ण श्लोकहरू शार्दूलविक्रीडित छन्दका साथै प्रसाद गुणले सजिएका छन् । काव्यमा साधारण जनबोलीका सरल एवं सरस भाषाको प्रयोग भएको पाइन्छ । काव्यका लागि उपर्युक्त भाषा र शब्दहरूको प्रयोग यस सङ्ग्रहमा पाइन्छ । काव्यमा पृथ्वी, वृक्ष, वायु चौतारी, हिमाल, आगो, समुद्र, पुष्प, हात्ती, वेश्या, चुरा, मूर्ति, भगवान्, सुसेली र हरियालीजस्ता नेपाली शब्दहरूको प्रयोगले गर्दा कविताहरूमा मिठास थपिएको छ । त्यसैगरी गगन, पवन, गोधूलि सन्ध्या, हृदय, भाष्कर, स्त्री, पुत्र, देह, व्रह्माण्ड, जगदीश जसता तत्सम शब्दको प्रयोगले काव्यमा मिठासपन थपिएको छ । छिटफुट रूपमा संस्कृत र आगन्तुक शब्दहरूको प्रयोग देखिएता पनि ती शब्दहरू त्यति दुर्वोध्य देखिदैनन् । लय मिलाउने क्रममा शब्द प्रयोग गर्दा उनले व्याकरणको नियमलाई पालना गरेको देखिन्न । उल्लिखित कविताहरू कविताधर्मका हिसाबले अन्त्यानुप्रास र मध्यानुप्रास मिलेको देखिन्छ । छन्दगतका दृष्टिले हेर्दा छन्द मिलाउन कतिपय शब्दहरूमा व्याकरणगत त्रुटि पाइए तापनि जनसाधारणका लागि यो कृति सुपाच्य र पठनीय नै देखिन्छ ।

### ४.४.४.८ निष्कर्ष :

मानवीय जीवन भोगाइका क्रममा गुरु र शिष्यप्रतिको आत्मीयताको उपज प्रस्तुत चौबीस गुरु खण्डकाव्य निर्जीव एवं सजीव वस्तुबाट लिइने शिक्षत्वको

अभिव्यक्ति हो । काव्यका माध्यमले जनमानसमा गुरु र गुरुबाट लिइएको शिक्षा हरेक व्यक्तिको जीवनमा असाध्यै लाभप्रद हुने उद्देश्यले लेखिएको उक्त कृति कविको भगवान् श्रीकृष्ण र उद्धवको संवादअन्तर्गत अवधुत दत्तात्रेय र महाराज यदुको कथाको भावानुवादिक रचना हो । यसमा रहेका विभिन्न चौवीस शीर्षकहरू शुरुको मङ्गलाचरण र अन्तिमको आफ्नै शरीरबाट भन्ने शीर्षकहरू मानवीय जीवन प्रकृति पर्यावरणसँग सम्बन्धित छन् । सम्पूर्ण काव्यकृति मानवीय जीवनमा गुरुको नितान्त आवश्यकताको प्रयायसूत्रमा आवद्ध छ । प्रस्तुत चौवीस गुरु विषय भिन्नभिन्न शीर्षकका कवितालाई सुरुमा मङ्गलाचरणबाट थालानी गरी अन्त्यमा 'आफ्नै शरिरबाट' भन्ने शीर्षक राखी टुङ्ग्याइएको देखिन्छ ।

अन्त्यमा चौवीस गुरु, गुरूप्रेम र सद्भावका साथै जनअभिरुचि जगाउने अभीष्ट रहेको प्रस्तुत काव्य कविको नितान्त भावानुवादिक काव्य रचना हो । सुमधुर लयविधान, वर्णानात्मक र उपदेशात्मक शैली, सरल र सुकोमल पदावली, प्रकृतिप्रेम र मानवीयताको प्रखर अभिव्यक्तियुक्त प्रस्तुत काव्यकृति नेपाली साहित्यको इतिहासमा मह□वपूर्ण उपलब्धि हो भन्न सकिन्छ ।

**४.४.५ 'वृन्दावन' खण्डकाव्यको अध्ययन**

**४.४.५.१ कृतिपरिचय**

कवि डिल्लीजङ गुरुङको 'वृन्दावन' खण्डकाव्य २०६३ सालमा काठमाडौंबाट प्रकाशित भएको हो । प्रस्तुत खण्डकाव्य 'डिल्लीजङ गुरुङ समुच्चय' भन्ने ग्रन्थमा सङ्कलित छ । प्रकाशनका हिसावले हर्दा डिल्लीजङको यो पाँचौ काव्य हो । प्रस्तुत कृतिभित्र मङ्गलाचरण, रासलीला, गोपीविरह गीत र अन्तमा गरी चार शीर्षकमा विभक्त गरी जम्मा २६१ श्लोक रहेका छन् । वृन्दावन खण्डकाव्य अध्यात्मकेन्द्री देखिन्छ । श्रीकृष्णको रासलीला, गोपिनीहरूको चिरहरण, दुष्ट शिशुपालको प्रसङ्ग यमुना नदीको सौन्दर्य वर्णन र स्त्रीधर्मको चर्चा यस कृतिभित्र व्यक्त भएका छन् । प्रस्तुत काव्यमा कविको धारावाहिक कवित्व प्रतिभाको उच्च रूप देख्न सकिन्छ ।

### ४.४.५.२ संरचना

कवि गुरुङको 'वृन्दावन' खण्डकाव्य 'डिल्लीजङ गुरुङ समुच्चय' ग्रन्थमा पृष्ठ १४३ देखि १९८ सम्म विस्तारित छ । यस कृतिभित्र जम्मा २६१ ओटा श्लोकहरू रहेका छन् । उक्त खण्डकाव्य उल्लिखित ग्रन्थको चौथो क्रमाङ्कमा राखिएको छ । कुल २६१ ओटा श्लोकमा सङ्गृहीत रहेको उक्त कृतिको आकार हेर्दा मझौला खालको छ । यस काव्यभित्रका कविताहरू शार्दूलविक्रीडित र शिखरिणी छन्दमा लेखिएका छन् । प्रस्तुत खण्डकाव्यको सुरुमा कविले 'मेरो भन्नु' भन्ने मन्तव्य सहित मङ्गलाचरणबाट कविता आरम्भ गरेका छन् । भगवान श्रीकृष्णको रासलीला, गोपिनीहरूको चित्तहरण, दुष्ट शिशुपालको प्रसङ्ग, यमुना नदीको सौन्दर्य वर्णन र स्त्रीधर्मको चर्चामा आधारित भावनाहरूबाट कविता सुरु गरिएको छ भने सङ्ग्रहको अन्तिममा कृष्णसँग वियोग भएर छट्पटाइरहेका गोपिनीहरूले श्रीकृष्णको दर्शन पाई आफ्ना हृदयका भगवान्सँग मनका भावनाहरू पोख्दै रमाएको प्रसङ्ग आएको छ । सङ्ग्रहभित्रका प्रत्येक कवितांशलाई क्रमैसँग क्रमाङ्क दिइएको छ ।

### ४.४.५.३ शीर्षक चयन

गुरुङको 'वृन्दावन' खण्डकाव्यभित्र श्रीकृष्ण भगवान्ले वृन्दावनमा गाई चराएका, मुरली बजाएका गोपिनीहरूसँग वार्तालाप गरेका भावानाको बेजोड बेग र तरङ्गहरू वृन्दावन वा मनोहरवनसँगै निरन्तर रूपमा दौडिएका छन् । यस कृतिभित्र वियोग, सौन्दर्य, विवशता प्रणयजस्ता विविध विषयमा आधारित सुन्दर भावहरू रहेका छन् । काव्यभित्र सुरुदेखि अन्तिमसम्म वृन्दावन कै बारेमा चर्चा गरिएको छ । सारा कृतिहरू वृन्दावनकै भावभूमिमा रङ्गिएकाले यस काव्यको शीर्षक 'वृन्दावन' राखिएको हो । यो शीर्षक प्रतीकात्मक भएकाले 'वृन्दावन' शीर्षक उचित नै देखिन्छ ।

### ४.४.५.४ विषयवस्तुको परिचय

यस 'वृन्दावन' खण्डकाव्यमा कवि गुरुङले भागवत् पुराणमा वर्णित श्रीकृष्णको रासलीला र गोपिनीहरूको चिरहरणस्थिति र रतिरागात्मक प्रेमलाई अध्यात्मकेन्द्री भाव

बनाएर साङ्केतिक रूपमा कृष्णभक्तिभाव दर्शाएका छन् । कवि गुरुङले अध्यात्मचिन्तनमा लिइन हुनुपर्ने र जीवनको सार अत्यात्म चिन्तन नै हो भन्ने भावलाई कल्पनाको जलप लगाई कलात्मक रूपले वर्णन गरेका छन् । यस काव्यभित्र ईश्वरभक्तिभाव, प्रणयप्रेम, प्रकृतिप्रेम दुःख सुख, पीडा हाँसो खुसी, जीवनको निस्सारता आदि विविध विषयका कविताहरू समेटिएका छन् । यस सङ्ग्रहभित्रका गोपिनीहरूको चित्तहरण र श्रीकृष्णको रासलीलाजस्ता शीर्षकका कविताहरूमा प्रयोग गरिएका शब्दहरूले गोपिनी र श्रीकृष्णबीचको भावानात्मक अध्यात्मचिन्तनलाई प्रष्ट्याएका छन्, जस्तैः

तिम्रो सुन्दर मुहार जसमा जुल्फिसदा झुल्दछ

तिम्रो दिव्य कपोल कुण्डल जहाँ सौन्दर्य देखाउँछ

तिम्रा सुन्दर ओष्ठ्यको रसमता के पुग्दथ्यो अमृत

तिम्रा छन् मनचोर नेत्र मधुरो मुस्कानले शोभित ॥

(श्लोक ६२/रासलीला/ पृ. १५७)

प्रस्तुत कवितांशले गोपिनीहरूले भगवान् श्रीकृष्णको चरणातलमा एकाग्र भै स्तुतिगान गर्दै हिँडेको अवस्थाका बारेमा स्पष्ट धारणा राखेको देखिन्छ । यस सङ्ग्रहभित्रका रचनाले गोपिनीहरूले कृष्ण, कृष्णभन्दा पति, छोरा, छोरी र घरै छाडेर हिँडेको, बाटामा अनेक प्रकारका वृक्षसँग कृष्ण कहाँ छन् ? भनेर सोधेको देखिन्छ । अन्तमा श्रीकृष्ण भगवानले दिव्य रूप प्रकट गराएर तिनै गोपिनीहरूसँग नाचगान गरेको कुरालाई पनि कविले प्रष्ट पारेका छन् :

लागे खेल्न परन्तु ती सकलकै अत्यन्त प्रेमी बनी
के छुन्थ्यो उनलाई यो विषयले खेल्थे उनी तैपनि
आफ्ना भाव विचार सुन्दर तथा चेष्टा थिए जे जति
उनकै भावमहाँ मिलाइदिनु भयो माया बढाई अनि ॥

(रासलीला/श्लो. ६९/पृ. १५९)

प्रस्तुत कविताांशमा श्रीकृष्णको वियोगमा आकुलव्याकुल बनेका गोपिनी कृष्ण भगवान्को दर्शन पाउँदा अत्यन्त भावविभोर भई नाच्ने र खेल्ने गरेको भावलाई प्रष्ट पारिएको देखिन्छ ।

### ४.४.५.५ कथनपद्धति

कथनपद्धतिलाई कविताको एउटा महत्वपूर्ण पक्षको रूपमा लिइन्छ । त्यो कथन कुनै एक वक्ताद्वारा स्रोताप्रति सम्बोधित गरिएको हुन्छ । कवि गुरुङको 'वृन्दावन' नामक खण्डकाव्यमा कविताहरूमा आफ्ना भावना व्यक्त गर्ने क्रममा धेरै ठाउँमा वक्ताका रूपमा कवि गुरुङ स्वयं नै रहेका छन् । कहीँकहीँका श्लोकहरूमा उनले अन्य पात्रलाई बोल्न लगाएका छन् । त्यस क्रममा कतै प्रथम पुरुष शैली अपनाइएको पाइन्छ भने कतै तृतीय पुरुषात्मक शैलीको प्रयोग गरेको पाइन्छ । कथनपद्धतिका दृष्टिले उनले एकालाप पद्धति र आख्यानीकृत पद्धतिको प्रयोग गरेको देखिन्छ । यस किसिमको एकवचनको प्रथम पुरुष शैली प्रयोग गरिएको कविताको एक अंश यस्तो छ -

यौटी कृष्ण म हुँ भनेर उसले यौटी सखी काँधमा
राख्दै हात प्रसन्न भैकन चली मुस्कान ली ओठमा
मै हुँ मोहन हेर मित्रहरूको यै मध्यमा छु स्थित
मेरो सुन्दर चाल हेर सवले श्रद्धा र मायासित ॥

(रासलीला/श्लोक १०६/पृ. १०८)

यहाँ भावकलाई म भनेर सम्बोधन गर्ने व्यक्ति कवि स्वयं नै भएकाले एकवचन र प्रथमपुरुष शैलीको कथनपद्धति प्रयोग भएको छ ।

### ४.४.५.६ लयविधान

खण्डकाव्यकार गुरुङको 'वृन्दावन' खण्डकाव्य शास्त्रीयलयमा लेखिएको छ । छन्दको लयमा मिठास ल्याउन उनले कतैकतै व्याकरणका सामान्य नियमलाई मिचेर

शब्दहरू चयन गरेका छन् । अनुप्रासयुक्त शब्दको प्रयोगले पनि यो काव्य बढी लयात्मक देखिएको छ । गुरुङले छन्दको बान्कीमा ढालेर लयात्मकता ल्याउन वर्ण व्यवस्थामा पनि विशेष ध्यान पुऱ्याएका छन् । प्रस्तुत काव्यका श्लोकहरू शार्दूलविक्रीडित र शिखरिणी छन्दमा आवद्ध रहेका छन् । काव्यमा श्रीकृष्णको सौन्दर्य र मुरलीको मीठो स्वरले मुग्ध भएका गोपिनीहरूको स्थितिलाई हेर्दा कतै संयोग त कतै विप्रलम्भ शृङ्गारको अवस्था पाइन्छ भने कतै शान्त रसको परिपाक देखिन्छ ।

### ४.४.५.७ भाषाशैली

'वृन्दावन' खण्डकाव्य शार्दूलविक्रीडित र शिखरिणी छन्दमा लेखिएको छ । यस खण्डकाव्यका कविताहरूमा साधारण जनबोलीका सरल एवं सरस भाषाको प्रयोग भएको पाइन्छ । कविताका लागि उपयुक्त भाषा र शब्दहरूको प्रयोग यस काव्यमा यथाशक्य भएको देखिन्छ । काव्यमा चञ्चल, कुण्डल, हातमा रातमा, चाँदनी लालीमा, सुन्दर, गाजल, मोहन, केशव, झाडी, लता पुष्प मालाजस्ता शब्दहरूको प्रयोगले गर्दा कविताहरूमा मिठास थपिएको छ । त्यसैगरी गगन, पवन, सन्ध्या, हृदय, विशाल, रतिरस, मृदुल, भुज, मधुमासजस्ता तत्सम शब्दहरूको पनि प्रयोग भएकाले काव्यमा अझै मिठासपन आएको छ । संस्कृतका दुर्वोध्य शब्दहरूको प्रयोग कम भएको छ । लय/छन्द मिलाउने क्रममा शब्द प्रयोग गर्दा उनले व्याकरणको नियमलाई पालना गरेको देखिंदैन । वर्णनात्मक पद्यशैली नै 'वृन्दावन' खण्डकाव्यको विशेषता हो । समाजलाई कृष्णभक्तिको भावना जगाउने अभिप्रायले लेखिएका भए तापनि काव्यात्मक भाव कोरा र निरस भाषणको शैलीमा नभएर अत्यन्तै मिठासपूर्ण तरिकाले भाव र विचारको संयोजनका साथ प्रस्तुत गरिएका छन् ।

### ४.४.५.८ निष्कर्ष

कवि गुरुङको 'वृन्दावन' खण्डकाव्य कृष्णभक्तिभावका अध्यात्मप्रेम र शृङ्गारिक भावमा रङ्गिएका छ । उल्लिखित काव्यमा पाठकले काव्यात्मक अभिव्यक्तको आभास सहज रूपमा पाउन सक्छन् । काव्यमा श्रीकृष्णको रासलीला र गोपिनीहरूको

चिरहरणसँग सम्बन्धित भावहरू व्यक्त भएका छन् । प्रस्तुत कृतिभित्र गोपिनीहरू आफ्ना पति छोराछोरीहरू, पाक्दै गरेको खाना र घर नै छाडेर राति राति कृष्णकहाँ जान्छन् ? भन्दै वृन्दावनका फलफूल तथा अन्य वनस्पतिहरूसँग सोध्दै र खोज्दै हिडेको दृश्य सहज रूपमा देख्न सकिन्छ । कविलाई फल, फूल, लता, वृक्ष, पुष्प, रात आदि शब्दहरूसँग विशेष प्रेम वा मोह छ किनभने यी शब्दहरू धेरै ठाउँमा पटक-पटक प्रयुक्त गरिएको छ । काव्यहरू झट्ट हेर्दा भावानुवादिक देखिए पनि शब्द, भाषा र अभिव्यक्त गर्ने आफ्नै छुट्टै शैलीले गर्दा मौलिक झैं भावकको मन छुन सफल देखिन्छ । कवि गुरुङ काव्यमा कृष्णभक्तिभावको अध्यात्मचिन्तन गरेर मानव जीवन सपार्नु पर्ने यसैमा मानवको कल्याण छ भन्न मन पराउँछन् र यसैबाट आफूलाई सहज एवं हल्का बनाउन चाहन्छन् । समष्टिगत रूपमा काव्यभित्र भगवान् श्रीकृष्ण, कृष्ण खोज्दै हिंडेका गोपिनीहरूको चिरहरण र केही समयपछि कृष्णको दर्शन पाएको भाव झल्किएको पाइन्छ ।

अन्त्यमा साधारण जनमानसमा कृष्णभक्तिभाव एवं अध्यात्मभाव जगाउने अभीष्ट रहेको प्रस्तुत काव्य कविको नितान्त भावानुवादिक काव्य रचना हो । सुमधुर लयविधान, वर्णनात्मक र उपदेशात्मक शैली, सरल र सुकोमल पदावलीको प्रखर अभिव्यक्तियुक्त प्रस्तुत काव्यकृति नेपाली साहित्य इतिहासमा मह□वपूर्ण उपलब्धि हो भन्न सकिन्छ ।

### ४.५ डिल्लीजङ गुरुङको खण्डकाव्यात्मक योगदान

घरमा राखिएका गुरुहरू र स्वअध्ययनबाट प्रभावित भई वि.सं. १९८५ देखि काव्य साधनामा लागेका डिल्लीजङ गुरुङले २०२२ सालसम्म निरन्तर रूपमा काव्यरचना गरेको देखिन्छ । दाजुभाइको सम्बन्ध श्रीराम र भरतको जस्तो हुनुपर्छ भन्ने भावनाले दाजु सुधानरजङका चरणातलमा समर्पित 'कीर्तिदर्पण' नामक खण्डकाव्य लेखेर उनले जीवनको पहिलो तथा उत्कृष्ट खण्डकाव्य तयार पारेको देखिन्छ । प्रस्तुत खण्डकाव्यमा दाजुका जीवनसँग सम्बन्धित सम्पूर्ण कुराहरूको वर्णन

गरिएको छ । वैश्य कुलमा जन्मेर पनि विविधखाले समाजसेवा गरेको कुरा उक्त काव्यमा उल्लिखित छ । जीवन भोगाइका क्रममा दाजुभाउज्यूमात्र होइन श्रीमतीको पनि उत्तिकै स्थान हुन्छ भन्ने भावनाबाट ओतप्रोत भई सांसारिक प्रपञ्चमा परी शोकगस्त भएकी धर्मपत्नीलाई सान्त्वना स्वरूप आध्यात्म चिन्तनमा आधारित काव्य **प्रेमोपहार** सिर्जना गरेको देखिन्छ । उक्त कृतिमा जीवन भोगाइका क्रममा अनेकौं आरोहअवरोह भइनै रहन्छन् । त्यस्ता दुःख वा प्रपञ्चमा नपरी ईश्वरीय भक्तिभाव गर्नाले नारी वा स्त्रीको कल्याण हुने कुरा झल्क्याइएको पाइन्छ । पुराणमा वर्णित अनेकौं नारीहरूले पनि दुःख र कष्ट भोगेको तर अन्त्यमा सत्यको विजय भएको कुरा यस काव्यमा उल्लेख गरिएको देखिन्छ ।

काव्यसाधना कै क्रममा वि.सं. २०१६ मा कवि गुरुङले 'वृन्दावन' नामक खण्डकाव्य लेखेको पाइन्छ । उक्त खण्डकाव्य श्रीमद्भागवत् पुराणमा वर्णित श्रीकृष्णको रासलीलामा आधारित भावानुवाद कृति हो । उक्त खण्डकाव्यमा कविले श्रीकृष्ण र गोपिनीहरूसँग सम्बन्धित रतिरागात्मक प्रेमलाई अध्यत्मकेन्द्री भाव बनाएर साङ्केतिक रूपमा कृष्णभक्तिभावको महिमा दर्साएको देखिन्छ । प्रस्तुत काव्यको सुरुदेखि अन्त्यसम्म कृष्णकै महिमा र गुणगानमा आधारित कविताहरू लेखिएका छन् । वि.सं. २०१६ मा पुनः अर्को 'चौबीस गुरु' नामक खण्डकाव्य रचना गरेको पाइन्छ । उक्त खण्डकाव्यमा पनि उनै भगवान् श्रीकृष्ण र उद्धवको संवादअन्तर्गत अवधुत दत्तात्रय र महाराज यदुको कथालाई कत्ति नछाडिकन भावानुवाद गरेका छन् । यस काव्यमा कविले जीवनलाई सार्थक र सक्षम बनाउन गुरुको नितान्त आवश्यक पर्दछ । त्यस्ता गुरुहरूमा सजीव तथा निर्जीव जुनसुकै पनि हुन सक्छन् भन्ने भाव व्यक्त गरेका छन् । त्यस्ता सजीव तथा निर्जीव गुरुहरू चौवीस ओटाको बयान गरिएको छ र जीवन सार्थक तुल्याउन चौवीस गुरु मात्र होइन आफ्नै शरीरबाट पनि केही कुरा सिकेको र त्यही शरीर पनि गुरु भएको निष्कर्षसहित काव्यको समापन गरिएको छ । वि.सं. २०१७ मा उनले अर्को काव्य 'लाकुरी' लेखेका छन् । यो उनको नितान्त मौलिक रचना हो । आमा लाकुरीप्रति लक्ष्य गरी काव्यसिर्जना गरेको देखिन्छ । उनै ममतामयी

आमाको काखमा आफू हुर्केबढेको कुरा कवि काव्यमा व्यक्त गर्दछन् । आमाले सन्ततिलाई दिने वात्सल्यप्रेमका भावभूमिमा उनका काव्यहरू रङ्गिएका छन् ।

उपर्युक्त खण्डकाव्यहरू मूलतः परिष्कारवादी शैलीलाई अँगालेर लेखिएका छन् । कवि गुरुङका मौलिक तथा भावानुवादिक खण्डकाव्यहरूमा विचारपक्षलाई भावपक्षले ढाक्न खोजेको देखिन्छ । कथावस्तु, चरित्र र परिवेशको त्रिपक्षीय समायोजन आख्यानलाई संरचनाअन्तर्गत मिलाइएको हुन्छ । कथावस्तुलाई गतिशील बनाउन पात्रलाई नियोचित भूमिका मिलाइएको पाइन्छ । कथनपद्धतिका दृष्टिले पनि गुरुङका खण्डकाव्यहरू अत्यन्तै सबल देखिन्छन् । लयविधानका दृष्टिकोणबाट हेर्दा कवि गुरुङका खण्डकाव्यहरू अत्यन्तै सार्थक देखिन्छन् । लय कविताको प्राण हो भन्ने कुरा राम्ररी बुझेका गुरुङले साङ्गीतिक र ध्वनिगत अल्हादको प्रयोगमा अत्यन्तै विचार पुऱ्याएको देखिन्छ । बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग गर्नामा पनि गुरुङको काव्य कौशल कम छैन । प्रत्यक्ष रूपमा एउटा कुरालाई उभ्याएर अप्रत्यक्ष कुरालाई सङ्केत गर्ने प्रस्तुति गुरुङमा बेजोड रहेको देखिन्छ । उनका खण्डकाव्यहरूमा प्रतीकात्मक अभिव्यक्ति अप्रासङ्गिक देखिँदैनन् । प्रतीकको प्रयोग सरल र बोधगम्य नै भएर आएका हुन्छन् । कवि गुरुङका खण्डकाव्यहरूको भाषा सरल, सहज र बोधगम्य खालको देखिन्छ । स्वाभाविक र गतिमय भाषाको सरल आलाङ्कारिक प्रयोगबाट उत्पन्न हुने वैशिष्ट्य नै कवि गुरुङको शैली हो । उनका खण्डकाव्यहरूमा तत्सम, तद्भव र आगन्तुक शब्दहरको प्रयोग भए पनि प्रस्तुत गर्ने आफ्नै शैली भएकाले कोरा र निरस नभई अत्यन्त सम्प्रेष्य देखिन्छन् । उनले आफ्ना खण्डकाव्यकृतिहरूमा शार्दूलविक्रीडित, शिखरिणी, मन्दाक्रान्ता र पञ्चचामरजस्ता शास्त्रीय छन्दको प्रयोग गरेका देखिन्छन् । समग्रमा कवि गुरुङ नेपाली खण्डकाव्य साहित्य जगत्का एक नक्षेत्र हुन् । उनले खण्डकाव्य क्षेत्रमा दिएको योगदान नेपाली साहित्य फाँटमा अतुलनीय रहेको देखिन्छ ।

**परिच्छेद पाँच**

# l8NnLhª u'?ªsf cGo s[ltx¿sf] lrgf/L

## ५.१ पृष्ठभूमि

डिल्लीजङ गुरुङको चार दशक साहित्य साधनाका क्रममा खण्डकाव्य मात्र सिर्जना नगरी महाकाव्य र उपन्यास समेत सिर्जना गरेको देखिन्छ ।

## ५.२ डिल्लीजङ गुरुङका महाकाव्य कृतिहरूको चिनारी

उनका महाकाव्य, उपन्यास र कविता कृतिहरुको परिचय यस अध्यायमा दिइएको छ । उनी नेपाली साहित्य जगतका विशिष्ट प्रतिभा हुन् । महाकाव्यजस्तो गहन विषयलाई पनि आफ्नै भावमा ढाल्न सक्ने सामर्थ उनमा रहेको देखिन्छ । उनले मौलिक महाकाव्य सिर्जना नगरी अनुवादित काव्य रचना सिर्जना गरेको पाइन्छ । उनले सिर्जना गरेको महाकाव्यहरूको चिनारी निम्नानुसार प्रस्तुत गरिएको छ -

### ५.२.१ तुलसी रामायण

वि.सं. २००० तिर लेखिएको र नेपाली भाषा प्रकाशिणी समितिद्वारा प्रकाशनका लागि स्वीकार गरिएको तर २०५९ सालमा प्रथमपटक प्रकाशित 'तुलसी रामायण' महाकाव्य कवि डिल्लीजङ गुरुङको पहिलो महाकाव्य हो । प्रकाशनका हिसाबले चाँहि यो उनको तेस्रो प्रकाशित पुस्तकाकार कृति हो । भारतीय कवि गोस्वामी तुलसीदासद्वारा अवधी भाषामा विचरित रामचरित मानसको भावानुवादिक यो महाकाव्य आठकाण्डमा सङ्गठित छ । हिन्दू धर्ममा अगाध आस्था तथा भगवान् रामचन्द्रको भक्तिभावबाट प्रभावित भएर प्रस्तुत महाकाव्य रचना गरेको पाइन्छ । प्रस्तुत 'तुलसी रामायण' महाकाव्यमा पूर्वीय महाकाव्यको महाकाव्यगत सर्गवन्ध मान्यतालाई पूर्ण रूपमा पालना गरिएको छ । यस महाकाव्यमा भगवान श्रीरामको लीलावर्णन गाथावृत्तको प्रस्तुतिमा जोड दिइएको छ । भारतीय कवि गोस्वामी

तुलसीदासद्वारा रचित रामचरित मानस ग्रन्थमा आधारित भगवान् श्रीरामको लीला वर्णन गाथालाई विभिन्न ८ काण्डमा आवद्ध गरेर कविले महाकाव्यमा रामायण प्रसिद्ध विषयवस्तु धीरोदात्त नायकको निर्वाह गरेका छन् । कविको काव्ययात्राको प्रारम्भिक अवस्थामा देखापरेको प्रस्तुत काव्यमा उनको धारावाहिक कवित्व प्रतिभाको उच्च रूप देख्न सकिन्छ । ५५६ पृष्ठ सङ्ख्या, आठ काण्ड र कुल ६३१२ श्लोक रहेको उक्त महाकाव्यको प्रथम काण्डमा भगवान् श्रीरामचन्द्रको बाललीलाको वर्णन गरिएको छ । द्वितीय काण्डमा अयोध्या दरवारको वर्णन, रामलाई राजा बनाइएको दृश्य, राम राजा भएपछि कैकेयीले दुईओटा वर मागी रामलाई बनवास र भरतलाई राजा बनाउन लगाइएको वर्णन छ । तृतीय काण्डमा श्रीरामचन्द्र वनवास गएको, वनमा आश्राम बनाएर बसेको त्यसै बखतमा शुपर्णखाजस्ती राक्षसनीले रामको रूप देखेर प्रेमको भिक्षा मागेकी, लक्ष्मणले नाककान काटेर पठाइदिएको, रावणले सीताहरण गरेकाजस्ता प्रसङ्गहरूको वर्णन छ । त्यसैगरी सीताको खोजमा राम लक्ष्मण किष्किन्धा हुँदै बाटामा भेटिएका वृक्ष, पक्षी, मनुष्य आदिसँग सोध्दैखोज्दै गरेको वर्णन चौथो काण्डमा समेटिएको छ । पाँचौ काण्डमा सुग्रीवको सहयोग लिई बालिको वध गरेको हनुमानसँग मिलेर सीता खोज्न लङ्का पुगेको वर्णन र सुन्दरकाण्डमा हनुमानले लङ्कामा सीतालाई रामको औंठी दिएको, हनुमानले चमत्कारी रूप देखाएको लङ्का जलाएको आदिको वर्णन गरिएको छ ।

छैटौं क्रमाङ्कमा राखिएको लङ्का काण्डमा श्रीरामका सेना र रावणका सेनाबीच घमसाखान लडाइँ भएको, दसौं दिनका दिन रावणको बध गरी सीता लिई फर्केको वर्णनलाई यस काण्डमा विशेष स्थान दिइएको छ । सातौ काण्डमा उत्तरकाण्ड राखिएको छ । यसमा रावणको वध गरेपछि रावणमा भाइ विभीषणलाई राज्य सुम्पेर पुष्पक विमान चढी सीता र लक्ष्मण लिई अयोध्या फर्केको, भरतले राज्य सुम्पेको र रामले अयोध्याको राजकाज सम्हालेको वर्णन छ । अन्तिम काण्डमा रामश्वमेघकाण्ड ( गद्यकथासार) राखिएको छ । यस काण्डमा रामका गुप्तचरहरूले धोबीले आफ्नी श्रीमतीलाई मलाई रामजस्तो रावणले हरेर लगेको श्रीमती ल्याउने नठान भन्दै पिट्दै

गरेको लोकापवादपश्चात् सीतालाई घनघोर जङ्गलमा (वाल्मीकिको आश्रममा) छोडेर आऊ भनेको, जानकीका विरहले शोकाकूल भई राजकाज चलाइरहेका बेलामा सपनामा अपसकुन देखेको, त्यसैबेलामा महामुनि अगत्स्यजीको सुभागमन भएको, उहाँकै आज्ञाले अश्वमेघ लगाएको वर्णनसहित कविले यस महाकाव्यका लागि कलम बन्द गरेका छन् ।

तुलसी रामायण अवधी भाषाबाट नेपाली भाषामा अनुवाद गरिएको महाकाव्य हो । प्रस्तुत महाकाव्यको भाषा सरल र सहज छ । अवधि भाषाबाट नेपाली भाषामा छायानुवाद गरिएपनि दुर्बोध्य शब्दहरू त्यति प्रयोग गरिएको छैन । प्रस्तुत महाकाव्यमा कविले वर्णनात्मक भाषाशैली प्रयोग गरेका छन् । छन्दविधानको दृष्टिकोणबाट हेर्दा प्रस्तुत महाकाव्य सशक्त देखिन्छ । मूलतः वसन्ततिलका, शिखरिणी, शार्दूलविक्रीडित, स्रग्धरा, शालिनी, मालिनी, वियोगिनी स्वागाता, इन्द्रवज्रा, टोटक, पृथ्वी, अनुष्टुप छन्दहरूको बेजोड प्रस्तुति महाकाव्यमा पाइन्छ । छन्द मिलाउने क्रममा कविले व्याकरणको नियमलाई पालना गरेका छैनन् । शास्त्रीय गुणले युक्त प्रस्तुत महाकाव्यमा कविले अनुप्रास, श्लेष, उपमा, रूपक उत्प्रेक्षा, अतिशयोक्तिजस्ता अलङ्कारहरूको प्रयोग गरेका छन् । विविध अलङ्कारहरूको प्रयोगले 'तुलसी रामायण' महाकाव्य सुन्दर तुल्याइएको छ । प्रस्तुत महाकाव्यमा प्रयुक्त अलङ्कारको नमुना तल प्रस्तुत गरिएको छ :

हासी उठिन् कसं संझी सुनियो तब कैकेयी
पैह्निन भिल्लिनिले फन्दा मृगदेखि सजेसरी ।

(अयोध्याकाण्ड/श्लो १३५/पृ. १७१)

प्रस्तुत महाकाव्य विविध रसले पनि युक्त छ । शान्त, करुण र वीररस मुख्य रूपमा रहेको देखिन्छ । महाकविका रूपमा डिल्लीजङ गुरुङको मौलिक प्रतिभाको चमक पनि यस महाकाव्यबाट मूल्याङ्कन गर्न सकिन्छ । यो नेपाली महाकाव्यको क्षेत्रमा उनको योगदान हो ।

### ५.२.२ कपिल गीता

वि.सं. २०११ मा हस्तलिखित तथा २०३४ सालमा प्रकाशित 'कपिल गीता' महाकाव्य कवि डिल्लीजङ गुरुङको दोस्रो महाकाव्य हो । प्रकाशनका हिसाबले चाहिं यो पहिलो प्रकाशित पुस्तककार कृति हो । भगवान् कपिलदेवले आफ्नी आमा देवहुतिलाई सुनाएको साङ्ख्य योगमा आधारित यो महाकाव्य १३ अध्यायमा सङ्गठित छ । धर्मकमृ र सत्सङ्गबाट निस्केको अध्यात्मभावबाट प्रभावित भएर प्रस्तुत महाकाव्य रचना गरेको देखिन्छ । कविले यस महाकाव्य रचना गर्दा पूर्वीय महाकाव्यगत मान्यतालाई हुबहु पालना गर्ने प्रयास गरेको पाइन्छ । प्रस्तुत महाकाव्यले भगवान कपिलदेवले आफ्नी आमा देवहुतिलाई सुनाएको साङ्ख्ययोगवृत्तको प्रस्तुतिमा नै जोड दिएको छ । पौराणिक ग्रन्थमा आधारित भगवान् कपिलदेवको साङ्ख्ययोगलाई विभिन्न १३ अध्यायमा आवद्ध गरेर कविले महाकाव्यमा पुराण प्रसिद्ध विषयवस्तु प्रस्तुत गरेका छन् । यस महाकाव्यमा कविको धारावाहिक कवित्व प्रवाहको उच्च रूप देख्न सकिन्छ । १३८ पृष्ठ सङ्ख्या कुल ८४८ श्लोक रहेको उक्त महाकाव्यको प्रथम अध्यायमा कर्दमजी तपस्या तथा भगवान्को वरदान राखिएको छ । द्वितीय अध्यायमा कर्दम र देवहुतिको विवाह वहिष्मती सहरको वर्णन, सुन्दर महल आदिको वर्णन छ । तेस्रो अध्यायमा कर्दम र देवहुतिको विहार, दरवार, बगैचा आदिको वर्णन गरिएको छ । त्यसैगरी देवहुतिको गर्भवाट कपिल देवजीको जन्म, भगवान्को जन्ममा हर्षउल्लाससहित अप्सराहरू नाँचेको वर्णन चौथो अध्यायमा समेटिएको छ । पाँचौं अध्यायमा माता देवहुतिको प्रश्न तथा भगवान कपिलबाट भक्तियोगको महिमा, महादादि भिन्नभिन्न विभिन्न त□वहरूको वर्णन र सातौं अध्ययनमा प्रकृतिपुरुषको विवेकबाट मोक्ष प्राप्तिको वर्णन गरिएको छ ।

आठौं अध्यायमा अष्टाग योगको विधि सुरु हुन्छ । गुरुङले बल्छीले माछा तानिए झैं एकचित्र भई साधना गर्नाले ईश्वर पनि तानिन्छन्, योगको अभ्यास एक चित्त भएर गर्नाले व्रह्मज्ञानको दर्शन मिल्ने कुराको वर्णनलाई यसै अध्यायमा स्थान दिएका छन् । नवौ अध्यायमा भक्ति र कालको महिमाका बारेमा वर्णन गरिएको छ । चैतन्य

ब्रह्मसित शून्य भएर मिल्दछ । ईश्वर जहाँतही विराजमान हुनुहुन्छ, एकचित्त भएर ब्रह्मचिन्तनमा लाग्नाले ईश्वर प्राप्ति हुन्छ यस्तो चिन्तन नगरी केवल मूर्ति पूजा मात्र गर्नु व्यर्थै स्वाङ पार्नु हो भन्ने विचार यस अध्यायमा प्रस्तुत छ । यसरी नै दसौं अध्यायमा देहगेहमा अशक्त पुरुषको अधोगतिको वर्णन र मनुष्य योनीमा प्राप्त भएको जीवको गतिका बारेमा एघारौं अध्यायमा समेटिएको पाइन्छ । वारौं अध्यायमा धूममार्ग र आचिमार्गबाट जानेहरूको गति र भक्तिमार्गको उत्कृष्टता हरिको कीर्तन गर्नुपर्ने, हरिकीर्तनबाट सबै मनुष्यहरू मोक्ष हुने, यो लीला व्रह्मको हो, नित्य ईश्वर ध्यान ज्ञानजप तप गर्नेहरू सूर्यको दाहिनेतिर धूममार्ग भई आर्यलोकतिर जाने वर्णन गरिएको छ । तेरौं अध्याय महाकाव्यको अन्तिम अध्याय हो । यस अध्यायमा देवहूतिको त□वज्ञान एवं मोक्षपदको प्राप्तिको महिमा गाउँदै महाकाव्यपूर्ण भएको छ ।

**कपिल गीता** नेपाली भाषामा अनुवाद गरिएको महाकाव्य हो । प्रस्तुत महाकाव्यको भाषा सरल र सरस छ । संस्कृतका दुर्बोध्य शब्दहरू र आगन्तुक शब्दहरूको त्यति प्रयोग गरिएको छैन । समग्रमा 'कपिल गीता' सुन्दर, सहज र सम्प्रेष्य छ । यसमा कविले वर्णनात्मक शैलीको प्रयोग गरेका छन् । छन्द विधानको दृष्टिकोणबाट हेर्दा प्रस्तुत महाकाव्य सशक्त देखिन्छ । अनुष्टुप, उपजाति, शार्दूलविक्रीडित जस्ता शास्त्रीय छन्दका अलवा भ्याउरे छन्दको पनि बेजोड प्रस्तुति यस महाकाव्यमा पाइन्छ । कतैकतै छन्द मिलाउने क्रममा कविले व्याकरणको नियमलाई पालना गरेको देखिंदैन । शास्त्रीय गुणले युक्त प्रस्तुत महाकाव्यमा कविले अनुप्रास, श्लेष, उपमा, रूपक, उत्प्रेक्षा आतिशयोक्ति जस्ता अलङ्कारहरूको प्रयोग गरेका छन् । विविध अलङ्कारको प्रयोगले 'कपिलगीता' महाकाव्यलाई सप्तरङ्गी इन्द्रेणीजस्तै सुन्दर तुल्याएको छ । प्रस्तुत काव्यमा प्रयुक्त अलङ्कारको नमुना तल प्रस्तुत गरिएको छ :

दीपको शिखा जसरी तेल सकिदा निभ्दछ
कारण रूप तेजमा गई आखिर मिल्दछ ।
त्यै चालसित त्यो अवस्थामा पुगेका जीवको

गुण प्रवाह देहादि नाना उपाधि दोष त्यो । (अ. ८/श्लोक ८८/पृ.९१)

महाकाव्य विभिन्न रसले पनि युक्त छ । रसको राजा मानिने शृङ्गार रसको प्रयोगले काव्यलाई रोचक बनाएको छ । कर्दमजी र देवहुतिको विवाह प्रसङ्ग र दाम्पत्य जीवनको क्रममा यस रसलाई आलम्बन गरिएको छ । यसका अतिरिक्त शान्त, वीभत्स र करुणा रसको आवश्यकता अनुसारको संयोजनले महाकाव्यको शिल्पपक्षलाई माथि उठाएको देखिन्छ । पूर्वीय चिन्तनको यस पक्षलाई नेपाली काव्यजगत्मा भि□याउने महाकवि गुरुङको योगदान मह□वपूर्ण र अविस्मरणीय रहेको छ ।

### ५.२.३ उद्धवगीता

वि.सं. २०१६-२०१८ मा लिखित तथा २०६३ सालमा प्रकाशित 'उद्धवगीता' महाकाव्य कवि डिल्लीजङ गुरुङको तेस्रो महाकाव्य हो । प्रकाशनका हिसावले यो चौथो कृति हो । प्रस्तुत महाकाव्य 'डिल्लीजङ गुरुङ समुच्चय' भन्ने ग्रन्थमा संरचित छ । श्रीमद्भागवतको एकादश स्कन्धमा वर्णित भगवान् श्रीकृष्णले उद्धवजीलाई सुनाएको अमृतवाणीमा आधारित यो महाकाव्य २४ अध्यायमा सङ्गठित छ । भक्तिमार्ग र ज्ञानमार्गबाट निस्केको अध्यात्मभावबाट प्रभावित भएर प्रस्तुत महाकाव्य रचना गरेको देखिन्छ । कविले प्रस्तुत महाकाव्य रचनामा पूर्वीय महाकाव्यगत मान्यताको नियमलाई पूर्ण रूपमा पालना गरेको देखिन्छ । प्रस्तुत महाकाव्यले भगवान् श्रीकृष्णले उद्धवजीलाई सुनाएको अमृतवाणीवृत्त प्रस्तुतिमा जोड दिइएको छ । श्रीमद्भागवत् एकादश स्कन्ध पुराणमा आधारित भगवान श्रीकृष्णको अमृतवाणीहरूलाई विभिन्न २४ अध्यायमा आवद्ध गरेर यस महाकाव्यमा प्रस्तुत छ । काव्य साधनाको उत्तरार्धतिर देखापरेको प्रस्तुत महाकाव्यमा कविको धारावाहिक कवित्वप्रवाहको उच्चरूप देख्न सकिन्छ । २५२ पृष्ठसङ्ख्या कुल ११७० श्लोक रहेको उक्त महाकाव्यको प्रथम अध्यायमा देवताहरूले भगवान्सित वैकुण्ठ पाल्नुहवस् भनी प्रार्थना गरेको र यादवहरूको प्रवासक्षेत्र जाने तयारी देखेर उद्धवजी भगवान् श्रीकृष्णको समीपमा गएको प्रसङ्ग राखिएको छ । दोस्रो अध्यायदेखि चौथो अध्यायसम्म चौवीस गुरु पृथ्वी, वायु, आकाश, पानी अग्नि, चन्द्रमा, सूर्य, परेवा, अजिङ्गर, समुद्र, पुतली, भमरा माहुरी, हात्ती,

मह काढ्ने, हरिण, माछा, पिङ्गलावेश्य कुररपक्षी, बालक, कुमारी वाण बनाउने, सर्प, माकुरो र कुमालकोटीबाट शिक्षा लिएको र अन्तिममा आफ्नै शरीरबाट पनि पाइने शिक्षाको निष्कर्षसहितको वर्णन गरिएको छ । पाँचौ अध्यायमा लौकिक तथा पारलौकिक भोगहरूको असारको निरूपण गरिएको छ। छैटौंदेखि नवौं अध्यायसम्म वद्ध र मुक्त तथा भक्तहरूको लक्षण, कर्म तथा कर्म त्यागको विधि सत्सङ्गको महिमा, हंसरूप भगवान्ले सनकादि ऋषिहरूलाई दिनु भएको उपदेश र भक्तियोगको महिमा तथा ध्यान विधिको वर्णन छ। अध्याय दसदेखि चौधसम्म भिन्नभिन्न सिद्धिहरूको नाम र भगवान्का विभूतिहरूको वर्णन, वर्णाश्रम धर्मनिरूपण, वानप्रस्थान, सन्यासको धर्म र भक्तिनियम आदि साधनाको वर्णनलाई विशेष स्थान दिइएको छ । पन्ध्रौं अध्यायदेखि अठारौं अध्यायसम्म ज्ञान, कर्म र भक्तिको योग रहस्य तथा गुणदोषको व्यवस्था, स्वरूप र रहस्य, विविध त□वहरूको सङ्ख्या, पुरुषप्रकृतिको जीवनवृत्तजस्ता विषयमा चर्चा गरिएको पाइन्छ। उन्नाइसौं अध्यायदेखि चौवीस अध्यायसम्म परमार्थ निरूपणका साथै भागवत धर्मको निरूपण तथा उद्धवजी बद्रीकाश्रम प्रस्थान गरेसम्मको महिमा गाउँदै कविले यस महाकाव्यलाई टुङ्ग्याएका छन्।

उद्धवगीता नेपाली भाषामा छायानुवाद गरिएको महाकाव्य हो । प्रस्तुत महाकाव्यको भाषा सरल, सरस र सहज छ । संस्कृतका पौराणिक ग्रन्थहरूबाट भावानुवाद गरिएपनि संस्कृतका दुर्वोध्य शब्दहरू तथा आगन्तुक शब्दहरूको त्यति प्रयोग गरिएको छैन। समग्रमा प्रस्तुत महाकाव्यको भाषाशैली सुन्दर देखिन्छ। यसमा कविले वर्णनात्मक तथा विवरणात्मक शैलीको प्रयोग गरेका छन् । छन्दविधानको दृष्टिकोणबाट हेर्दा प्रस्तुत महाकाव्यमा शार्दूलविक्रीडित छन्द प्रयोग गरिएको छ । छन्दमिलाउने क्रममा कविले कताकतै व्याकरणका नियमलाई त्यति वास्ता गरेको देखिंदैन । शास्त्रीय गुणले युक्त प्रस्तुत महाकाव्यमा अनुप्रास, श्लेष, उपमा, रूपका उत्प्रेक्षा अतिशयोक्तिजस्ता अलङ्कारहरूको प्रयोग गरेका छन्। विविध अलङ्कारहरूको प्रयोगले 'उद्धवगीता' महाकाव्यलाई सुन्दर वगैंचामा सजाइएको फूलजस्तै शोभायमान

बनाइएको छ । प्रस्तुत महाकाव्यमा प्रयुक्त, अलङ्कारयुक्त नमुना तल प्रस्तुत गरिएको छ -

जस्तै कुष्ठ भयो भने सहजमै विग्रन्छ सर्वाङ्ग नै
त्यस्तै लोभ पवित्र कीर्ति गुणको गर्दिन्छ वर्वाद नै
पैसा जोडन र वृद्धि गर्न अथवा त्यल्लाइ थन्क्याउँदा
भिक्दा खर्च हुँदा र कामहरूमा सम्पत्ति त्यो मासिदा ।

(अध्याय १८/श्लोक १४/पृ. ३८५)

विभिन्न रसहरूको प्रयोगले महाकाव्यको उचाइ अझ थपिएको छ ।

### ५.२.४ निष्कर्ष

वि.सं. १९८५ देखि काव्य साधनामा निरन्तरता दिएका गुरुङले विक्रमको २००० तिर महाकाव्यगत सिर्जनकौशल हासिल गरेको देखिन्छ । उनले पहिलो महाकाव्य तुलसी रामायणको भावानुवाद गरेर नेपाली साहित्य फाँटमा ठूलो टेवा पुऱ्याएका छन् । प्रस्तुत तुलसी रामायण अवधी भाषाबाट नेपाली भाषामा छायानुवाद गरिएको हो । उक्त कृतिका प्रथम रचनाकार भारतीय कवि गोस्वामी तुलसीदास हुन् । प्रस्तुत कृतिमा रामको जीवनलीलाका बारेमा वर्णन गरिएको छ । रामभक्तिभावबाट अत्यन्तै प्रभावित उक्त कृतिमा रामको गुणगान र महिमाका बारेमा वर्णन गरिएको छ । कवि गुरुङको प्रथमप्रयास स्वरूप उक्त महाकाव्य अनुवादित भइकन अत्यन्तै सरल, सहज र सम्प्रेष्य छ । काव्यसाधनालाई निरन्नरता दिंदै जाने क्रममा वि.सं. २०११ तिर उनले अर्को 'कपिलगीता' नामक महाकाव्य रचना गरेको देखिन्छ । उक्त महाकाव्य पनि कवि गुरुङको अनुवादित महाकाव्य नै हो । उनले यस महाकाकाव्यमा भगवान् कपिलदेव र आमा देवहुतिको संवादमा आधारित साङ्ख्य योगलाई आधार बनाएर महाकाव्य सिर्जना गरेको पाइन्छ । भगवान् कपिलदेवकै मुखारवृन्दबाट आमा देवहुतिलाई सुनाएको साङ्ख्य योग नै उक्त महाकाव्यको मूल विषयवस्तु हो । यस

महाकाव्यमा कविले प्रकृतिको मनोरम वर्णन वहिष्मति शहरको वर्णन अत्यन्तै मार्मिक ढङ्गबाट गरेका छन् । भावानुवाद भइकन पनि उक्त महाकाव्यको भाषा सरल सहज र सम्प्रेष्य नै छ । यसरी काव्य साधकका द्योतक कवि गुरुङले वि.सं. २०१६ देखि २०१८ सम्म तेस्रो महाकाव्य, उद्धवगीताको सिर्जना गरी नेपाली साहित्य वाङ्मयलाई तेस्रो महाकाव्य समर्पण गरेको पाइन्छ । उनको प्रस्तुत महाकाव्य 'उद्धवगीता' मा भगवान् श्रीकृष्ण र उद्धवको संवादलाई भावानात्मक रूपमा अगाडि बढाइएको छ । भगवान् श्रीकृष्णले उद्धवजीलाई सुनाएको अमृतवाणीलाई यस महाकाव्यमा श्लोकबद्ध गरी कविले जीवनका सारवस्तुहरूको निचोड निकाल्ने प्रयास गरेको आभाष मिल्दछ । गुरुङको प्रस्तुत महाकाव्य श्रीमद्भागवतको एकादशस्कन्ध पुराणमा आधारित ग्रन्थको भावानुवाद हो । भावानुवाद भइकन पनि प्रस्तुत महाकाव्य पूर्वीय सर्गगत मान्यतामा आधारित छ । संस्कृत साहित्याट नेपाली भाषामा अनुवाद गरिएको उक्त महाकाव्यको भाषा सरल, सहज र सम्प्रेष्य नै देखिन्छ ।

यसरी जीवनको अधिकांश समय स्वअध्ययन र साहित्य सिर्जनामा लागेका गुरुङले संस्कृत साहित्याट नेपाली साहित्यमा दिएको योगदान अतुलनीय रहेको देखिन्छ । अध्यात्मवादी चिन्तनका भावभूमिमा सिर्जित गुरुङका महाकाव्यहरू पौराणिक ग्रन्थमा आधारित देखिन्छन् । पौराणिक ग्रन्थम आधारित भएपनि प्रस्तुत गर्ने आफ्नै शैलीले गर्दा उक्त महाकाव्यहरू कोरो र निरस भाषण शैलीमा नभएर अत्यन्तै मिठासपूर्ण तरिकाले भाव र विचारको संयोजनका साथ प्रस्तुत गरिएका छन् ।

### ५.३ डिल्लीजङ गुरुङका उपन्यासकृतिको चिनारी

वि.सं. २०१७ मा लेखिएको तथा २०६३ सालमा प्रकाशित 'कुमारी' उपन्यास 'डिल्लीजङ गुरुङ समुच्चय' नामक ग्रन्थको छैंटौ क्रमाङ्कमा राखिएको छ । प्रस्तुत कृति गद्यपद्य मिश्रित नारी समस्या प्रधान अध्यात्मकेन्द्री उपन्यास हो । यस उपन्यासकी नायिका चम्पा हो । रजस्वला नहुँदै बिहे गर्नुपर्ने अन्यथा ऊ अपवित्र हुने तत्कालीन नेपाली समाजमा विद्यमान विसङ्गति यस उपन्यासकी नायिका चम्पाले भोगेकी छ भने

अर्कोतिर बालककालमा चौसठ्ठी वर्षे बुढोसँग विवाह गरेर १२ वर्ष नपुग्दै विधवा बन्नुपर्ने विवशता उपन्यासमा उपन्यासकारले मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । बार वर्षमा मेट्रिक पास, १४ वर्षमा आइ.ए. पास, १६ वर्षमा बी.ए. र १८ वर्षमै एम.ए. पास गरेकी चम्पा रजस्वला भइसकेकी भन्ने हल्लाले उनको विवाह हुँदैन । एकाएक गर्दै आमाबुबाको मृत्युपश्चात् ऊ टुहुरी बन्छे । ऊ संसारमा एक्ली भएको महसुस गर्छे, दिनहरू बित्दै जान्छन् । ब्राह्मण केटा कोही माग्न र बिहे गर्न तयार हुँदैनन् खाली गुण्डाहरू आँखा लगाउने गर्छन् । घरमा काम गर्न राखिएकी कमला र ऊ एकदिन पशुपतिको दर्शन गर्न जाँदा एउटी बालविधवा नारीसँग अचानक भेट हुन्छ । त्यस्ती बालविधवाका बारेमा केही कुरा जान्ने चासो राखेर सोध्दा ती बालविधवाले आफ्नो इतिवृत्तान्त सुनाउँछिन् । सबै कुराको जानकारी पाएपछि चम्पाले नियतिले हामी महिलालाई पछि पारेको हो । हामी यसको कडा विरोध गर्नुपर्छ भन्दै कविता सुनाउँछे । कविता सुनाइसकेपछि ती तीनैजना चम्पाको घरमा आउँछन् । बेलुका भइसकेको हुन्छ । भोलि ज्ञानेश्वरमा महिला संघको सभा छ । मौका मिलेमा हाम्रो प्रस्ताव पनि राखौला भन्दै यस उपन्यासको कथानक प्रथम पुरुषात्मक शैलीमा टुङ्गिन्छ ।

यस उपन्यासमा लेखक श्रीमद्भागवत्गीताको अध्यात्मवादी चेतनाबाट निकै प्रभावित भएको आभाष मिल्छ । प्रस्तुत उपन्यासमा प्रकृति प्रेम तथा प्रकृतिका विविध वस्तुहरू एक्ली चम्पाका कुरा गर्ने साथीहरू बनाइएको छ । पात्र अनुकूल संवाद मिलाइएको देखिन्छ । कवतिा-खण्डमा यस उपन्यासकी नायिका आफैले तयार पारेको कविता अर्की बालविधवा युवतीलाई आत्मकथनात्मक शैलीमा प्रस्तुत गरेर देखाइएको छ । आलङ्कारिक छटा, तत्सम शब्दहरूको बाहुल्य भए पनि भाषा सरल र सरस नै देखिन्छ । समग्रमा कुमारी उपन्यासको भाषाशैली सुन्दर, सहज र सम्प्रेष्य छ ।

## ५.४ फुटकर कविता सङ्ग्रहकृतिको चिनारी

कवि डिल्लीजङ गुरुङको 'नौ कोपिला' कवितासङ्ग्रह २०६३ सालमा काठमाडौंबाट प्रकाशित भएको हो । यस कवितासङ्ग्रह 'डिल्लीजङ गुरुङ समुच्चय'

भन्ने ग्रन्थमा संरचित छ । यस ग्रन्थको प्रकाशक जगदम्बा प्रकाशन प्रा.लि. ललितपुर हो । प्रकाशनका हिसाबले हेर्दा डिल्लीजङको यो चौथो कृतिकारभित्र पर्दछ । प्रस्तुत कृतिभित्र विविधखाले प्रार्थन, वैराग्य, घमण्ड, मेरो लेक, उद्योग, वर्षा ऋृतु, शरद ऋृतु राष्ट्रझण्डा र विद्याजस्ता नौ शीर्षकहरू सङ्ग्रहित छन् । नौ कोपिलामा सङ्ग्रहित नौ ओटा कविताहरू राम्रोसँग फुल्न नसकेकाले नौ कोपिला नाम राखिएको हो । प्रस्तुत नौकोपिला मध्ये कुनै अध्यात्म चिन्तनमा आधारित देखिन्छन् भने कतिपय कविताहरू प्रकृतिचित्रण र कतिपय चाहिँ राष्ट्रिय भावनामा आधारित रहेको देखिन्छ । जीवन यात्राका क्रममा आइपरेका अप्ठ्याराहरूलाई चिर्दै अघि बढ्ने क्रममा पटक पटक अध्यात्मवादी र भौतिकवादी चिन्तनमा अल्मलिएको भाव पनि यस कृतिभित्र व्यक्त भएका छन् । प्रस्तुत सङ्ग्रहभित्रका रचनाहरूमा कविताधर्मी काव्यगत गुणहरू प्रचुरमात्रामा रहेका पाइन्छन् । कवि गुरुङको 'नौ कोपिला' कवितासङ्ग्रह 'डिल्लीजङ गुरुङ समुच्चय' ग्रन्थमा पृष्ठ ७८ देखि १०५ सम्म संरचित छ । यस कृतिभित्र जम्मा ११-११ श्लोकका नौ शीर्षक रहेका छन् । यसभित्र जम्मा ९९ ओटा श्लोकहरू सङ्ग्रहित छन् । प्रस्तुत सङ्ग्रहभित्रको अग्रभागमा 'मेरो भन्नु' भन्ने मन्तव्य राख्दै कविले कविता आरम्भ गरेको देखिन्छ । कविता ईश्वरीय प्रार्थनाबाट आरम्भ हुँदै जन्मनुको सार्थकता के हो ? नक्कली जिन्दगीमा किन घमण्ड गर्नु ? जन्मभूमिको मह□व, उद्योगी वन्नु पर्छ कर्ममा विश्वास गर्नु हुँदैन, वर्षा ऋृतुको वर्णन, शरद ऋृतुको वर्णन, राष्ट्रिय भावनाले बाँच्नुपर्छ भन्दै मनका भावनाहरू पोखेर कविता सुरु गरेका छन् भने सङ्ग्रहको अन्तिम कवितामा विद्याले मानिसलाई महान वनाउँछ । 'विद्या धनम् सर्वधनम्' भन्ने आशा राखेर खुसी हुँदै आफ्ना समस्त सज्जनवृन्दहरूसँग मनका भावना पोख्दै कवितालाई टुङ्ग्याएको पाइन्छ ।

डिल्लीजङ गुरुङको 'नौ कोपिला' नामक कवितासङ्ग्रहभित्र विविध विषयका नौ ओटा कविताहरू समावेश छन् । आफ्नै मनका भावनालाई समेटेर रचना गरिएको यस कृतिमा राम्रोसँग फक्रन नसकेका मनका कोमल भावना व्यक्त भएका छन् । यसभित्र अध्यात्मकेन्द्री भाव, प्रकृतिचित्रण, राष्ट्र र राष्ट्रियप्रेमजस्ता भावना उद्‌वोध गराउने

खालका कुराहरू छन् । साहित्यको फूलवारीमा ढकमक्क फुल्ने कविको इच्छा भएपनि पूर्ण रूपमा फुल्न नसकेको र जगदीश्वरको कृपा नपाई अझै कोपिला नै रहेको गुनासो व्यक्त गर्ने कवि गुरुङले यस सङ्ग्रहको नाम नौ कोपिला राखेको उचित नै देखिन्छ । कृतिभित्र एघार एघार पद्य अनुच्छेद राखी नौ शीर्षक चयन गरी छोटा छोटा कविताबाट कृतिको नामकरण गरिएकाले प्रस्तुत शीर्षक मिलेकै छ । संरचनाका दृष्टिले अत्यन्त संक्षिप्त र प्रतीकात्मक 'नौ कोपिला' शीर्षकले कवितासंग्रहको सम्पूर्णतालाई समेटेको छ । तसर्थ प्रस्तुत रचना नौ कोपिला कवितासंग्रहको शीर्षक 'नौ कोपिला' सार्थक छ भन्न सकिन्छ । यस 'नौ कोपिला' कविता संग्रहमा कवि गुरुङले संसारिक भवजालबाट मुक्त हुनको लागि ईश्वरको पुकार गर्नुपर्ने र राष्ट्रप्रेम, प्रकृतिप्रेम, मातृभूमिको प्रेम कर्मशीलता जस्ता विविध विषय बनाएर साङ्केतिक रूपमा अभिव्यक्ति दिएका छन् । उनले आफ्ना निजी अनुभूति र अनुभवलाई कल्पनाको जलप लगाई कलात्मक रूपले वर्णन गरेका छन् । यस संग्रहभित्र देशप्रेम, प्रकृतिप्रेम, प्रणयप्रेम, ईश्वरीय पुकार, मातृभूमिको प्रेम कर्मशीलता, दुःख, पीडा, हाँसो, खुशी जीवनको निस्सारता आदि विविध विषयका कविताहरू समेटिएका छन् । यस कृतिभित्र प्रार्थना, वैराग्य घमण्ड, मेरो लेक, उद्योग, वर्षाऋतु, शरदऋतु, राष्ट्रझण्डा र विद्याजस्ता विभिन्न नौ शीर्षकहरू समाविष्ट गरिएका छन् । प्रस्तुत रचनामा प्रकृतिको अभिव्यक्ति दिने वर्षाऋतु, शरदऋतु, अध्यात्मकेन्द्री झल्कने वैराग्य, प्रार्थना र मानवीय जीवनमा सिक्नु पर्ने राष्ट्रप्रेम र विद्याजस्ता शीर्षकले आ-आफ्नै विविध विषयवस्तु ओगटेको पाइन्छ । मान्छेको जीवन अनेकौ सांसारिक प्रपञ्चले जेलिएको हुन्छ । जतिजति मायामोहको माध्यमबाट दुःखलाई दूर गर्न खोजेपनि झन बलियो बन्दै जान्छ । सांसारिक डरलाग्दो भवजालबाट मुक्त हुनको लागि ईश्वरको प्रकार गर्नुपर्ने भावनाका अभिव्यक्ति यसरी गरेका छन् :

डरलाग्दो यो भवजलाधिमा उत्रने के गरेर ।

खाली तिम्रै चरणतलमा पर्छु धर्ना कसेर ॥ (प्रार्थना/श्लोक २ /पृ. ७९)

यसैगरी कवि ईश्वरको मात्र भर नपरी उद्योगी वन्नुपर्ने कर्ममा मात्र भरोसा होइन उद्योगी पनि बन्नु पर्ने कुराको सन्देश उद्योग कवितामा यसरी व्यक्त गरेका छन्:

उद्योगी भइकन अघि बढौ छाडि आलस्यलाई

हमीमा यो कुन चिज छ लौ ? कम्ति यो देहपाई

हामी आफ्नै गुण र वलमा लम्कदै जानुपर्छ

ढिलो चाँडो सहज सित नै कामना पूर्ण हुन्छ ॥ (उद्योग/श्लोक ९/पृ. ८२)

यसरी हेर्दा कवि डिल्लीजङ गुरुङले यस कृतिभित्र विविध विषयवस्तुका कविताहरूलाई समेटिएको देखिन्छ । कथनपद्धतिका दृष्टिले हेर्दा उनको एकालाप पद्धति र आख्यानाकृत पद्धतिको प्रयोग पाइन्छ । यस किसिमको प्रथमपुरुष शैली प्रयोग गरिएको कविताको एक अंश यस्तो छ :

लक्ष्मी नाच्छिन् छमछम गरी देखि उद्योगीलाई ।

लक्ष्मी भाग्छिन् चुकचुक गरी मुढ आलस्य पाई ॥

उद्यौगै हो अतिशय ठूलो कर्मता हो वहाना ।

प्रारव्धकै भरपरि सदा पाउँछन् दुःख नाना ॥

(उद्योग/श्लोक ४/पृ. ८१)

यहाँ कर्ममा मात्र भर नपर उद्योगी वन, लक्ष्मीले उद्योगीलाई मन पराउँछिन् र अल्छी मानिसदेखि दूर हुन्छिन् भन्ने भाव व्यक्त गर्ने क्रममा स्रष्टा स्वयं एकालाप शैलीमा बोलेका छन् । लयविधानका दृष्टिले डिल्लीजङ गुरुङका कविताहरूलाई हेर्दा सबै कवितालाई मन्दाक्रान्त छन्दमा नै लेखेको पाइन्छ । सबै कविताहरूमा छन्दानुराग गुण पाइन्छन् । कविता छन्दमा भइकन पनि व्याकरणको नियमलाई मिचेको भने देखिदैन । अनुप्रासयुक्त शब्दको प्रयोगले पनि कविताहरू बढी लयात्मक देखिएका छन् । कवि गुरुङले कविताहरूमा लयात्मक ल्याउन वर्ण व्यवस्थामा पनि विशेष ध्यान पुऱ्याएका छन् । प्रायः सबै कविताहरू १७ वर्णका मन्दाक्रान्त छन्दको लयमा रहेको छन् । यसभित्रका कविताहरूमा प्रायः प्रचलित मन्दक्रान्त छन्दको उदाहरण हेरौंः

फैलोस् पूरा किरण भरिला चन्द्रमा जग्मगाउन्
चौतारीमा कविव बसि रहुन् श्रीमती सुट्ट आउन्
मीठो हावा सरर चलोस् फूलको वासना ली
निक्लिन्छन् रे तव न कविता भाव गैह्रो निकाली ॥

(शरद ऋतु/श्लोक १०/पृ. ९९)

कविताहरूमा साधारण जनवोलीका सरल एवं सरस भाषाको प्रयोग पाइन्छ । कविताका लागि उपर्युक्त भाषा र शब्दहरूको प्रयोग यस संग्रहका कवितामा पाइन्छ । कविताहरूमा छहरा पहरा, उकाली ओराली, धर्ती, आकाश, जुन तारा, पहाड, विहानी, वादल, हरियाली, ह्यु्चुली, हिमगिरि, चौतारी, जगत, हरियाली, खोलानाला, भ्याँकुरी, लेकजस्ता नेपाली शब्दहरूको प्रयोगले गर्दा कविताहरूमा मिठास थपिएको छ । त्यसैगरी गगन, पवन, सन्ध्या, हृदय, भूमि, रवि, शशि, चाँदनी, पुष्पगुच्छा, मधुरजस्ता तत्सम शब्दको पनि प्रयोग भएकाले कविताहरूमा अझ मिठासपन आएको छ । समग्रमा नौकोपिलाको भाषाशैली सुन्दर, सहज र सम्प्रेष्य छ । यसमा कविले वर्णनात्मक शैलीको प्रयोग गरेका छन् । संस्कृतका दुर्वोध्य शब्द त्यति देखिन्नन् । लय मिलाउने क्रममा प्रयोग गरिएका शब्दमा भने केही भाषिक त्रुटि भेटिन्छन् । यसरी भाषागत दृष्टिले हेर्दा प्रस्तुत कृतिमा कहीँकतै त्रुटि पाइए तापनि जनसाधारणका लागि यो कृति सुपच्य र पठनीय नै छ ।

## ५.५ निष्कर्ष

डिल्लीजङ गुरुङको चार दशक साहित्य साधनाको मूलभूत उपलब्धि फुटकर कविता खण्डकाव्य र महाकाव्य मात्र नभएर उपन्यासको क्षेत्रमा पनि देखापरेको छ । उनी धारावाहिक रूपमा कविता लेख्न सक्ने कवि थिए भन्ने कुरा उनका कृतिहरूबाट प्रमाणित गर्न सकिन्छ । यसै गरी उनका कविताहरू उपन्यासमा पनि देख्न सकिन्छ । गद्यपद्यमिश्रित चम्पु उपन्यास लेखेर चम्पु उपन्यासकारका रूपमा पनि उनको

व्यक्तित्व निर्माण भएको छ । गुरुङका फुटकर कविताहरू त्यति नभेटिए पनि खण्डकाव्य, महाकाव्य र उपन्यासजस्ता विधाहरू भेटिएका छन् । प्रकाशित कृतिहरूका बारेमा चर्चा परिचर्चा गरिएका छन् । खण्डकाव्यको अध्ययन तथा अन्य कृति कवितासङ्ग्रह, महाकाव्य र उपन्यास) को चिनारी दिइएको छ । विशेषतः उनी अध्यात्मवादी कवि हुन् । उनका सम्पूर्ण कृतिहरू अध्यात्म चिन्तनमा आधाीरत छन् । कतिपय कृतिहरू पौराणिक ग्रन्थलाई आधार बनाएर रचना गरिएको छ भने कतिपय कृतिहरू मौलिक पनि देखिन्छन् । कवि गुरुङको प्रस्तुत गर्ने आफ्नै शैली छ । शब्दलाई खेलाउन सक्ने सामर्थ्य बेजोड देखिन्छ । प्रकृति चित्रण र अलङ्कारिक छटा काव्यमा अत्यन्तै मार्मिक ढङ्गबाट प्रस्तुत गरिएको हुन्छ । शब्द चयन, सुकोमल पदावली र जनवोलकि भाषा प्रयोगले काव्यमा मिठासपन थपिएको छ । समग्रमा डिल्लीजङ गुरुङ नेपाली साहित्याकाशमा एक उज्ज्वल ताराका रूपमा परिचित देखिन्छन् ।

**परिच्छेद छ**

# pk;+xf/

डिल्लीजङ गुरुङको जन्म वि.सं.१९६४ कात्तिक १४ गते लमजुङ जिल्लाको घनपोखरा गा.वि.स. मा भएको हो । यिनका पिताको नाम मणिलाल गुरुङ र आमाको नाम पद्मकुमारी गुरुङ हो । उनी गर्भमा ६ महिनाको हुँदा बाबुको मृत्यु भएकाले दाजु र आमाको माया, ममता र स्नेहबाट गुरुङको बाल्यावस्था र किशोरावस्थाको जीवन सामान्य अवस्थामै बितेको पाइन्छ । त्यसबेला पठनपाठनका निम्ति तोकिएको स्कुल नभएकाले दाजु नरजङ गुरुङले आफ्ना दुई छोरासमेत पढाउने उद्देश्यले घरमा गुरु (शिक्षक) राखी पढाउने बन्दोवस्त मिलाएका थिए । आफ्नी आमाबाट धेरै पढेर असल मान्छे बन्ने प्रेरणा पाएका गुरुङले घरमै राखिएका शिक्षकहरूको सहयोग र स्वअध्ययनबाट संस्कृत र नेपाली भाषामा प्रसस्त ज्ञान आर्जन गरेका थिए । तोकिएका सीमित ग्रन्थहरू पढेपछि पढ्ने अवधि सकिन्थ्यो । त्यसबेलाका पढ्ने पुस्तकहरूमा दुर्गकवच, लघुकौमुदी रघुवंश आदि थिए । डिल्लीजङ गुरुङले १९८२ विक्रमको हाराहारीसम्म पढेका थिए । वि.सं. १९८२ देखि स्थायी रूपमा कही पेसामा नलागे पनि उनले आफ्ना बाबा र दाजुले अँगालेका पेसाहरू अंगाल्दै आएका थिए । ठेक्कापट्टा र घरवारका अनेकौं समस्याका वावजुद पनि उनी करिव ४ दशक साहित्यसाधनामा क्रियाशील भएको देखिन्छ । उनको साहित्यिक व्यक्तित्व फुटकर कविता, खण्डकाव्य, महाकाव्य र उपन्यासजस्ता विविध विधामा फस्टाएको पाइन्छ । फुटकर कवितादेखि महाकाव्यसम्म कलम चलाउने गुरुङका कृतिहरू मरणोपरान्त मात्र प्रकाशित भएका छन् । साहित्य, समाजसेवा तथा सांस्कृतिक उत्थान आदि विभिन्न क्षेत्रमा क्रियाशील गुरुङलाई मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान काठमाडौं (२०५३) ले मरणोपरान्त अभिनन्दन पत्रबाट सम्मानित गरेको छ ।

डिल्लीजङ गुरुङको साहित्यिक यात्रा वि.सं. १९८५ बाट थालिएको हो । उनले करिव चार दशक जीवन साहित्यसाधनामा बिताए । साहित्यलेखनका क्रममा छिटफुट

फुटकर कविता खण्डकाव्य, महाकाव्य र उपन्यासका क्षेत्रमा कलम चलाए पनि उनको मूल उपलब्धि खण्डकाव्य र महाकाव्यलेखनको साधना नै हो । हालसम्म उनका तीनओटा महाकाव्य, पाँचओटा खण्डकाव्य, एउटा कवितासङ्ग्रह, एउटा उपन्यास र एउटा गद्यानुवाद प्रकाशित भइसकेका छन् भने बाँकी आठओटा कृतिहरू प्रकाशोन्मुख अवस्थामा छन् । यसका अतिरिक्त एक दुई ओटा फुटकर कविताहरू पनि भेटिएका छन । आफ्नो साहित्ययात्रा कविताविधाबाट सुरुवात गरेका गुरुङका कविता क्षेत्रमा दिएको योगदान खण्डकाव्य हुँदै महाकाव्यसम्म पुगेको देखिन्छ । उनले आफ्ना कविताहरूमा पूर्वीय दर्शनमा आधारित पौराणिक ग्रन्थहरूको निचोड अध्यात्मवाद र जीवन भोगाइका आरोह अवरोहलाई विषयवस्तुको स्रोतका रूपमा ग्रहण गरेका छन् । उनी आध्यात्मिक चिन्तनलाई नै कविताको मुख्य विषय बनाउँछन् । यस क्रममा उनी आज देखिएको नास्तिकता, अनिश्वरवाद र समाजमा देखापरेको अस्तव्यस्तता आदिको चित्रण गन सिपालु छन् । उनका कृतिमा धार्मिक अतिवादका कारण समाजमा नारीले अनेकौं दुःखकष्ट झेल्नु पर्ने बाध्यता, रजश्वला नहुँदै विवाह हुनुपर्ने समस्या, सामाजिक विकृति, धार्मिक दुराचार आदिको यथार्थ प्रस्तुति पाइन्छ । कवितामा प्रयुक्त घटनाहरू कार्यकारण शृङ्खलामा बाँधिएकाले कविताहरू स्वभाविक र सहज देखिन्छन् । कवितामा प्रयुक्त कथनपद्धति काल्पनिक, पौराणिक र आदर्शमा आधारित भएपनि कविको आफ्नै लेखनशैली र सुन्दर पदावलीको प्रयोगले कविताहरू सहज र स्वभाविक देखिन्छन् । डिल्लीजङ गुरुङका खण्डकाव्यमा पाइने विशेषता श्रीपरमेश्वरमा भक्तिभाव, ईश्वरीय चिन्तन र अध्यात्मिकता हो । उनको वृन्दावन खण्डकाव्यमा श्रीकृष्ण, श्रीकृष्णको रासलीला, गोपिनीहरूको चित्तहरणजस्ता भगवान्सम्बन्धी गुणवानहरू पाइन्छन् । रासलीलाको वर्णन गर्ने उनको आफ्नै शैली छ । उनका रासलीलाप्रधान कविताहरूमा कृष्णसँग मोहित भएर घरद्वार नै छोडेर हिंडेका गोपिनीहरू नै प्रमुख पात्र बनाइएका छन् । **कीर्तिदर्पण** खण्डकाव्यमा दाजुको आदर्श प्रस्तुत गरेर राम र भरतको जस्तै भातृप्रेम देखाइएको छ । 'चौवीस गुरु' खण्डकाव्यमा भगवान् श्रीकृष्ण र उद्धवको संवादमा आधारित **अवधुत** दत्तात्रेय र महाराज यदुको कथा भावानुवादिक वर्णन छ ।

जीवन जिउने क्रममा चौवीस वस्तुहरूबाट ज्ञान ग्रहण गरेको र अन्तमा, आफ्नै शरीरबाट पनि केही ज्ञान पाएको कुरा मर्मस्पर्शी ढङ्गमा यस काव्यमा प्रस्तुत गरिएको छ । **प्रेमोपहार** र **लाँकुरी**चाहिँ कवि गुरुङका नितान्त मौलिक खण्डकाव्य हुन् । यी कृतिहरूमा कवि गुरुङले सांसारिक पीडा भोगिरहेकी आफ्नी धर्मपत्नीलाई सान्त्वनास्वरूप आत्मिक आनन्दरूपी प्रेमोपहार प्रदान गर्ने उद्देश्यले 'प्रेमोपहार' काव्य लेखेका छन् भने प्रकृतिलाई मानवीकरण गरी लाकुरीको चौतारीलाई आमाको काख र कवि स्वयंम पुत्र बनी आमाप्रतिको भक्तिभाव झल्काउने उद्देश्यले 'लाकुरी' नामक खण्डकाव्य सिर्जना गरिएको छ । सबै खण्डकाव्यका कथावस्तुमा सामान्यतया कार्यकारणको शृङ्खलामा नै घटनाहरू अगि बढेका देखिन्छन् । आदि, मध्य र अन्त्यका हिसावले पनि सबै काव्यका कथावस्तु सफल नै ठहरिन्छन् ।

पात्रविधानका दृष्टिले पनि गुरुङका खण्डकाव्यहरू सफल नै ठहरिन्छन् । यी काव्यका पात्रहरू तत्कालीन समयको यथार्थलाई देखाउन सफल भएका छन् । सबै खण्डकाव्यका पात्रहरू व्यक्तिगत किसिमका नभई कुनै खास समाज वा समयको प्रतिनिधित्व गर्ने प्रतिनिधिमूलक किसिमका छन् । सबै काव्यहरूमा कार्यको आधारमा प्रमुख, सहायक र गौण गरी तीन किसिमका पात्रहरू रहेका छन् । यी सबै काव्यमा मुख्य चरित्रकै केन्द्रीयतामा अन्य चरित्रहरू आएकाले सवैमा पात्रविधान खण्डकाव्योचित नै रहेको देखिन्छ ।

सबै काव्यहरूमा विभिन्न परिवेशहरू आएका छन् । स्थानगत परवेशका रूपमा बुटवल चौतारा, काली नदीको किनार, यमुना नदीको किनार, वृन्दावन, समुन्द्र आदि स्थानहरू आएका छन् । यी खण्डकाव्यमा समयगत परिवेशका दृष्टिले राणाकालीन समय, पञ्चायतकालीन आदि समयगत परिवेश देखाउन खोजिएको छ । सबै खण्डकाव्यमा प्राकृतिक परिवेशको व्यापक चित्रण गरिएको छ ।

सबै खण्डकाव्यहरूमा पूर्वीय परिष्कारवादी काव्यशिल्पको अनुशासनभित्रै आवद्ध भएर शास्त्रीयतावादी काव्यचेत प्रकट भएको छ । यी सवैमा शास्त्रीयतावादीभाव

विचारको अभिव्यक्ति पाइन्छ । यी खण्डकाव्यहरूमा अध्यात्मवाद, ईश्वरप्रति आस्था, समानता, भातृत्व ग्रामीण प्राकृतिक सभ्यताप्रतिको समर्थन  जस्ता मान्यतालाई स्वीकार गरिएको छ । बहुल छन्दको प्रयोग उनका काव्यकृतिको विशेषता हो । उनका खण्डकाव्यमा छन्द प्रयोग र वर्णविन्यासमा निकै कठोर अनुशासनको पालना पाइन्छ ।

उनका खण्डकाव्यमा संवादात्मक शैलीको आयोजना गरी वृन्दावन खण्डकाव्यमा नाटकीय संरचना प्रदान गरिएको छ । उनका 'चौवीस गुरु'  नामक खण्डकाव्यमा विविध नामकरण गरी श्लोकको क्रमङ्क १४५ सम्म पुऱ्याइएको छ भने बाँकी तीनओटा खण्डकाव्यचाँहि खण्डविहीन खण्डकाव्य हुन् । यी सबै खण्डकाव्यहरूमा आख्यान र कवित्वका बीच समन्वय ल्याउन विविध प्रविधिको समुचित प्रयोग पाइन्छ ।

कवि गुरुङका खण्डकाव्यमा विभिन्न किसिमका कथनपद्धति अँगालिएको पाइन्छ । यी खण्डकाव्यहरूमा कविप्रौढोक्ति कथनपद्धतिको प्रयोग गरिएको देखिन्छ ।

गुरुङका खण्डकाव्यमा वार्णिक छन्द अन्तर्गत शार्दूलविक्रीडित, शिखरिणी, उपजाति, मन्दाक्रान्ता र पञ्चचामर गरी करीव आधादर्जन जति छन्दहरूको प्रयोग गरिएको पाइन्छ ।

यी सबै काव्यहरूमा आदि, मध्य र अन्त्यानुप्रासको समुचित प्रयोग गरिएको पाइन्छ । अतः लयविधानका दृष्टिले यी सबै खण्डकाव्यहरूले सफलता प्राप्त गरेकै देखिन्छ । गुरुङका खण्डकाव्यहरूमा बिम्ब र प्रतीकको यथोचित प्रयोग पाइन्छ । यी काव्यहरूमा पौराणिक, सामाजिक, सांस्कृतिक धार्मिक तथा प्राकृतिक क्षेत्रका विविध नयाँ पुराना बिम्बप्रतीकहरूको प्रयोग गरिएको पाइन्छ ।

भाषाशैलीको प्रयोगका दृष्टिले कवि गुरुङका खण्डकाव्यहरू सफल नै ठहरिन्छन् । यी काव्यहरूको भाषा सरल, स्वभाविक र सम्प्रेष्य नै रहेको पाइन्छ । यी काव्यहरूमा तत्सम र तद्भव शब्दहरूको अत्यधिक प्रयोग गरिएको छ भने आगन्तुक तथा झर्रा अनुकरणात्मक शब्दहरू पनि प्रयोग भएका छन् । यी काव्यहरूमा विशेष

गरी माधुर्य र प्रसाद गुणको प्रयोग पाइन्छ भने भक्तिभावले ओतप्रोत अभिव्यक्तिहरूमा वात्सल्यगुण पनि समायोजन भएको पाइन्छ ।

डिल्लीजङ गुरुङको योगदान नेपाली साहित्यको महाकाव्य क्षेत्रमा पनि रहेको देखिन्छ । उनका महाकाव्यहरूले पौराणिक धार्मिक ग्रन्थहरूका विषयवस्तुलाई ग्रहण गरेका छन् । मूलतः अध्यात्मचिन्तन तथा पारलौकिक चिन्तनलाई समेट्दै लेखिएका उनका महाकाव्यहरू जीवन भोगाइको प्रस्तुति गर्न सक्षम देखिन्छन् ।

गुरुङले औपन्यासिक क्षेत्रमा दिएको योगदान पनि उल्लेखनीय रहेको छ । उनको गद्यपद्यमिश्रित उपन्यास **कुमारी** चम्पुकाव्य कृति प्रकाशित भएको छ । प्रस्तुत कृतिमा उनले कुमारीको इतिवृत्तिले एक युवती चम्पाको जीवनीको पूर्वाधलाई मार्मिक ढङ्गबाट पाठकसमक्ष प्रस्तुत गरेको छन् । उनको यस कृतिले '**गद्यपद्य काव्यं चम्पुरित्यभिधीयते**' चम्पुकाव्यको लक्षणका बारेमा जान्न चाहने पाठकहरू प्रत्यक्ष रूपमा लाभान्वित भएको बुझिन्छ ।

यसरी डिल्लीजङ गुरुङले फुटकर कविता, खण्डकाव्य, महाकाव्य, गद्यपद्यमिश्रित चम्पुकाव्यजस्ता धेरै विधाहरूमा साहित्य रचना लेखेर तिनका माध्यमबाट समाजमा नयाँ जागरण भर्ने काम गरेका छन् । नेपाली काव्यलेखनमा उनी उच्च स्तरका काव्यकार/महाकाव्यकारका रूपमा परिचित छन् । उनका सर्वोत्कृष्ट रचनाहरू अझै पनि जन्मिन सक्ने सम्भावनाको अन्त्य नहुँदै उनको दुःखद निधनले नेपाली साहित्यका क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ ।

**सम्भाव्य शोधशीर्षकहरू**

डिल्लीजङ गुरुङका बारेमा पुनः अध्ययन गर्न चाहने शोधार्थीहरूले निम्न लिखिन शीर्षकमा शोधकार्य गर्न सक्ने छन् :

१. डिल्लीजङ गुरुङको महाकाव्यकारिता

२. डिल्लीजङ गुरुङको खण्डकाव्यकारिता

३. डिल्लीजङ गुरुङको उपन्यासकारिता

# सन्दर्भसामग्रीसूची


अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल, **प्रयोगात्मक नेपाली कोश**, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६१ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश**, काठमाडौं : साझा प्रकाशन, २०४४ ।

गुरुङ डिल्लीजङ, **कपिल गीता**, काठमाडौं : नेपाल प्रेस, २०३४ ।

__________, **प्रमोपहार**, काठमाडौं : आलोक छापाखाना, २०४६ ।

__________, **नेपाली तुलसी रामायण**, चितवनः आलोक छापाखाना, २०५९ ।

__________, **डिल्लीजङ गुरुङ समुच्चय**, ललितपुर : जगदम्बा प्रकाशन, २०६३ ।

थापा, हिमांशु, **साहित्य परिचय**, ते.सं., काठमाडौं : साझा प्रकाशन, २०४० ।

दाहाल, रामप्रसाद, **सिङ्गो नेपाली भाषा, साहित्यको इतिहास र साहित्यकारहरूको परिचय**, काठमाडां : विद्यार्थी पुस्तक भण्डार, २०५४ ।

त्रिपाठी वासुदेव र अन्य (सम्पा.), नेपाली कविता भाग ४, प्र.सं. काठमाडौं : साझा प्रकाशन, २०४६ ।

प्रधान, कृष्णचन्द्रसिंह, **साझा समालोचना**, चौ.सं. काठमाडौं : साझा प्रकाशन, २०५२ ।

भट्टराई, घटराज, **नेपाली लेखक कोश**, नेपाल रिसर्च एसोसियट्स, २०५६ ।

शर्मा, मोहनराज, लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि**, दो.सं., काठमाडौं : साझा प्रकाशन, २०५५ ।

शर्मा, सुकुम, **पारिजातका कविताको अध्ययन**, काठमाडौं : सनलाइट पब्लिकेसन, २०६२ ।

सुवेदी, राजेन्द्र, **सिर्जनात्मक लेखन सिद्धान्त र विश्लेषण,** काठमाडौं : पाठ्य सामग्री पसल, २०५७ ।

सुवेदी, मेदिनी, **डिल्लीजङ गुरुङलाई साहित्यबाट हेर्दा,** अप्रकाशित कृति ।

**(ख) शोधपत्रसूची**

ज्ञवाली, वासुदेव, **पुष्पलता आचार्यको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०६१ ।

पोखरेल, उमेशप्रसाद, **राजेन्द्रप्रसाद विमलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०६३ ।

**(ग) सन्दर्भपत्रिकासूची**

कोसेली, **कान्तिपुर,** काठमाडौ. (वर्ष ६, अङ्क २५३, २०५५) ।

साप्ताहिक, **युगसंवाद,** काठमाडौं (२०४५, माघ) ।